यसरी झन् झन् खोलिँदैछ - मदन आश्रित हत्याकाण्डको रहस्य !



# मूल्याङ्कन

बिचार अन्तर्क्रियामुखी मासिक

अंक-१३/असार-साउन, २०५०



राज्य हिंसाको शिकारः

रीता शिलाकार

जन हत्या र अत्याचारको विरुद्ध

जन-आन्दोलनको दन्कदो मशाल

रु. १२।-

ठूला ठूला भवन, पुल, बाँध
निर्माणका लागि भरपर्दो र विश्वासिलो नाम
एभरेष्ट छड।

अन्तरराष्ट्रिय उच्च प्रविधिमा एभरेष्ट आईरन एण्ड स्टील प्रा.लि. विराटनगरबाट
टोरस्टील रिसर्च फाउण्डेशन ईन इण्डियाको प्राविधिक सहयोगमा
एमरेष्ट आईरन एण्ड स्टील प्रा. लि. विराटनगरबाट उत्पादित ठीक तौलको

# "हैस्टेड टोरस्टील"

(फलामे छड) नै प्रयोग गरी आफ्नो निर्माणमा ढुक्क हुनुहोस्।
यो बलियो र किफायती छ।

नभुल्नु होला, हाम्रो छडको प्रत्येक बण्डलमा
यस उद्योगको "प्रतीक चिन्ह" एभरेष्ट अंकित
ट्याग झुन्ड्याएको हुन्छ।



## एभरेष्ट आईरन एण्ड स्टील प्रा.लि.

पो.ब.नं. ३८६, [illegible] भवन, तेस्रो तल्ला, धर्मपथ, काठमाडौं, नेपाल
फोन नं. २२०८३७, २२२१५१, २२३२१२
विराटनगर कार्यालय: मनुटोल फोन: २६४८२, २३२१२

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष-११, पूर्णाङ्क-१३
२०५०, असार-साउन

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
वेख बहादुर महर्जन

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
**"मूल्यांकन" मासिक**
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, फोर्छे, ख-२,२३७
काठमाडौं- २३
फोन २१३६९४
पो.ब.नं. ३०२६ काठमाडौं




यो आदोलन कसरी शुरु भयो ? यसमा अन्तर्निहित अन्तरविरोध र प्रवित्तिहरू के के हुन ? वामपन्थी नेतृत्वले ध्यान दिनु पर्ने जरुरी कुराहरू के के हुन् ?
**गिरिजा सरकारले किन राजिनामा दिनु पर्छ ?** ५

*यसरी खोलिंदैछ*
## दास-ढुंगा घटनाको रहस्य !

अनिल आयोगका निचोडहरू किन मनोगतवादी छन् ? यो षडयन्त्रपूर्ण हत्याकाण्ड हो कि हैन ? शंका र रहस्य बढाउने र गहिर्‍याउने कुराहरू के के रहेका छन् ?



## दास-ढुंगा घटनाको पाठ के ?

* क. मोहनविक्रम सिंह * क. रोहित * क. माधव नेपाल * क. बाबुराम भट्टराई

*साथमा, खगेन्द्र संग्रौला र चन्द्रदेव नेपालीको टीप्पणी*

कसरी विश्वका जन-नेताहरूको हत्या गर्न सि.आई ए. ले के सम्म पनि गर्‍यो ? ३७

इण्डोनेशियामा तानाशाह सुहार्तोले
## १० लाख कम्युनिष्टहरू संहार गरे ?

*विश्वको तेस्रो ठूलो कम्युनिष्ट पार्टी- इण्डोनेशियाली कम्युनिष्ट पार्टीको उत्थान र पतनको कथा* १७

यस अंकका केही फोटोहरु उपलब्ध गराई दिनु भएकोमा विश्वभूमि दैनिक र दृष्टि साप्ताहिकलाई हार्दिक धन्यवाद ।

ने.ट्रे.लि.ले न्यूजप्रिन्ट कागज उपलब्ध नगराई राखेकोले महंगो कागज प्रयोग गर्न बाध्य भएकाले यो अंक "मूल्यांकन" एक प्रतिको मूल्य रु. १२।- गरेका छौं ।

निरंकुश पंचायती शासन कालदेखि नै जन जागरण अभियानमा सक्रिय रुपमा संलग्न, नेकपा (एमाले)का नेता का. द्रोणाचार्य क्षेत्रीको असामयिक र दुःखद निधनमा हार्दिक समवेदना - "मूल्यांकन"




सम्पादकीय - ४
घटना प्रवाह
नयाँ बजेटको चिरफार ४४
आजको घटना / आजको विचार
कर्मचारी संगठनका महासचिवको अन्तर्वार्ता ३९
विश्व कम्युनिष्ट आन्दोलन
फिलिपिनी कम्युनिष्ट छापामारहरूद्वारा पुनः युद्ध थालनी ४५
भारतीय कम्युनष्टि पार्टीहरूद्वारा संयुक्त भूमि संघर्ष ४३

अन्तर्क्रिया
समाजवाद किन ढल्यो ?
- भा.क.पा.(माले) नेता विनोद मिश्रसँग अर्न्तवार्ता २१

अर्थतन्त्र
के नेपालमा "जसको जोतः उसको पोत को नारा उपयुक्त हुन सक्छ ?
- श्याम श्रेष्ठ २३

जन-जीवन
अछुतहरूको वस्तीबाट
- शरद पौडेल २६

विज्ञान-प्रविधि
के १३४ बर्षपछि धर्तीको इहलिला साँच्चै समाप्त हुने हो त ?
- डा. नारायण पोखरेल २८
मस्तिष्क रोगको नयाँ उपचार २९
पाइल्स निको पार्ने चुरोट ३०

साहित्य
तीन कविताहरू
- विमल निभा ३१

पर्दा/रंगमंच
हामी सस्तो "प्रेम" मा बग्न चाहँदैनौं (रामेशसँग अन्तरवार्ता) ३२
"आरोहण"को टेलिफिल्म "कालो-पूल" ३२
विजयी प्रतिभाहरू ३४

विविध
भर्खरै राज्य हिंसामा मारिएकाहरू ८
गिरिजा कालका शहीदहरू ४१
गिरिजाका गोलीका शिकार बच्चाहरू ४३
गिरिजाकालीन महंगीको तथ्यांक ४३
अमर लामाको ट्रंकल ११
मदन-आश्रितको गाडीको मेकानिकल रिपोर्ट १२
पाठकको कुरो ४६

आवरण फोटोः गिरिजा हटाऊ संघर्षको क्रममा निस्केको विशाल मशाल जुलूस, फोटोः ए.बि सि. फोटो, बागबजार / आवरण कला : सोम राई / कला : दिलीप महर्जन, संघराम महर्जन (आर्ट कन्सर्न, कीर्तिपुर) / कम्प्युटर सेटिङ : मल्टी च्यानल कम्प्युटर, बागबजार / मुद्रण : शिव शक्ति प्रिन्टर्स प्रा. लि., बागबजार

## यस आन्दोलनमा को को के के गर्दैछन् र आन्दोलनकारीहरुले के के कुरामा ध्यान दिनु पर्दछ ?

# वर्तमान जन-आन्दोलन किन र कतातिर ?




घरको झ्यालमा बसिरहेकी रीता सिलाकारले गोलीको शिकार भई अत्यन्त कारुणिक र विभत्स रुपले मर्नु परेको घटना एउटा घटना मात्र हैन , यसले त गिरिजा-राजमा सारा जनताले भोग्न बाध्य राज्य-हिंसाको आम- प्रवृतिको प्रतिनिधित्व गर्दछ ।

**समाजका प्रायः जसो सबै क्षेत्रमा जनताको माग र आकांक्षाको पक्षमा कामको शुरुवासम्म पनि नगर्ने, उल्टो, जनताको दमन गर्ने थेचरो गिरिजा सरकारका विरुद्ध संयुक्त वामपन्थी पार्टीहरुको जन-आव्हानमा भइरहेको दन्कदै आन्दोलनको मशाल दन्कदै गइरहेछ । यो दन्कँदो मशालको वर्तमान स्थिति र यसलाई निम्न नदिने उपायहरूबारे लेखिएको यो लेख हामीले यहाँ प्रस्तुत गरेका छौं ।**

**- मूल्यांकन**

प्रधानमन्त्री गिरिजाको राजीनामाको माग गर्दै नेपालका ७ वामपन्थी समूहले आह्वान गरेको आषाढ २० को "नेपाल बन्द" कार्यक्रमले पूरा नेपाललाई साँच्चै नै बन्द गऱ्यो । यातायात ठप्प भयो (कैयन शहरहरुमा त रिक्सा समेत चलेनन्) बजारमा यसरी घिर्लिंग लाग्यो कि त्यस दिन पसलमा सामान्य चिया चुरोट किनेर खान खोज्नेहरुले निराश हुनुपऱ्यो । कल-कारखाना, स्कूल क्याम्पसमा भोटे ताला लाग्यो । पानीपोखरी स्थित अमेरिकी राजदूतावासले त्यो दिन अमेरिकी स्वतन्त्रता दिवस (जुलाई ४) कार्यक्रम नै मनाउन नसकेर स्थगित गर्नुपऱ्यो । काठमाडौंका नगर प्रमुख पी.एल. सिंहले पत्रिकामा जे जस्तो वक्तव्य दिए पनि सडकमा भने पैदलै हिंडेर "नेपाल बन्द" लाई पालन गरिरहेका थिए ।

त्यो दिन देश भरिमा गरेर कम्तीमा दुई लाख भन्दा बढी नागरिकहरु सडकमा उत्रे र जुलूस प्रदर्शन गरे । अघिल्लो साँझको मशाल जुलूस नेपालकै इतिहासमा अभूतपूर्व रह्यो । कम्तीमा एक लाख मानिसहरु देशव्यापी रुपमा मशाल लिएर सडकमा उत्रेको नेपालमा पहिलो पटक थियो । जनअसन्तोष त पहिले नै उभिरहेको छँदै थियो, त्यसमाथि थप यो बुलन्द तर अत्यन्त संगठित र अनुशासित मशाल जुलूसले भोलिपल्टको नेपाल बन्दको पूर्ण सफलताको लागि पृष्ठभूमि तयार पाऱ्यो ।

यति व्यापक जनसहभागिता भएर पनि बन्द कार्यक्रम अत्यन्त अनुशासित र संगठित रह्यो । यसले प्रमाणित गरेर देखायो - आषाढ ११ गतेदेखि १४ गतेसम्मको हिंसात्मक गतिविधि र तोडफोड गिरिजा सरकारको योजनाबद्ध उक्सा र राज्यहिंसाको परिणाम थियो । वाम-नेतृत्व संघर्षलाई आफ्नो काबूमा राख्न समर्थ छ र संघर्षले जनव्यापी र देशव्यापी फैलावट लिइरहेछ - यी दुबै कुरा यो आन्दोलनले प्रष्टै देखायो । गिरिजा सरकारप्रति जनताको घृणा र असंतोष दुई वर्ष मै कति व्यापक र गहिरो बनिसकेको रहेछ - त्यो पनि आषाढ २० को सफल बन्दले उदांगो पारेको छ ।

## आगो के ले सल्कायो ?

फगत एउटै, अनील आयोगको दोषपूर्ण रिपोर्टको कारणले गिरिजा सरकार विरुद्ध यो आन्दोलन प्रारम्भ भएको थिएन । थुप्रै कारणहरुको एकमुष्ठ गठजोडले यो जनआन्दोलनको झिल्को प्रज्वलित भएको थियो ।

जन असंतोषको सबैभन्दा मुख्य कारण के थियो भने - गिरिजा सरकारले जनतालाई व्यवस्था परिवर्तनको अलिकता पनि अनुभूति दिन सकेन । दुई वर्षमा महंगीमा डेढी भन्दा बेशी बृद्धि भयो । कांग्रेसी बाहेक अरुले जीवनको हरेक क्षेत्रमा यति भेदभाव र भाइ-भतिजावाद भोग्नु पऱ्यो कि - गैर-कांग्रेसी सबैको निम्ति कहीं पनि ठ्याप्पै सुरक्षाबोध भएन । अरु त अरु विपक्षी सांसदहरु समेतले पनि गिरिजा सरकारको नांगो दमनतन्त्र र असहिष्णुता - राजधानीमै भोगे । किसानहरुले मलको भाउमा ३०० प्रतिशत मूल्य बृद्धि व्यहोरे र अबदेखि राज्यले किसानहरुलाई कुनै पनि संरक्षण-सहुलियत नदिने नीति बन्यो । किसानहरुको हितमा आफ्नै कांग्रेसी मन्त्री जगन्नाथ आचार्यले सानोतिनो सुधार गर्न खोज्दा उनलाई मन्त्री पद छोड्न बाध्य गराइयो । मजदूर ऐन र ट्रेड युनियन ऐन मजदूर भन्दा बेसी पूंजीपतिको हितमा बन्यो । हत्या र बलात्कार यति बढ्यो कि - सामाजिक सुरक्षा कसैले पनि अनुभूति गर्न सकेनन् । गिरिजा सरकारले पंचायतकालीन भ्रष्ट र दमनकारी नोकरशाहहरुलाई मल्लिक आयोगको प्रतिवेदन मुताविक दण्ड गर्नुको सट्टा उल्टो पुरस्कृत गऱ्यो । अर्थतन्त्रमा उदारवादले संरक्षणको अभावमा देशका ९५ प्रतिशत मझौला, सानो तथा लघु उद्योगहरुको ढाड भाँच्ने काम गऱ्यो र देशलाई विदेशी ऋणको जालोमा खँजार्ने काम गऱ्यो । त्यसमाथि थप, गिरिजा सरकारले राष्ट्रिय हित विपरीत नेपालका नदी नालाहरु संविधान र संसदलाई ठाडै मिचेर भारतलाई भटाभट सुम्पन्न थाल्यो । सर्वोच्च अदालतले उसलाई यस निम्ति दोषी र फटाहा सावित गर्दा पनि उसले नैतिकताको आधारमा कुर्सी छोडेन ।

यी सबै गैरप्रजातान्त्रिक, गैरराष्ट्रिय एंव अनैतिक कार्यले गर्दा आम जनताले व्यवहारमा पंचायत र बहुदलमा खासै केही अन्तर भेटन



सकेनन् । परिवर्तन उनीहरुको निम्ति "हात्ती आयो, हात्ती आयो फुस्सा" बन्यो । एकमुष्ठमा, यी सबैले पैदा गरेको व्यापक जनअसन्तोषको ऐतिहासिक पृष्ठभूमिमा आषाढ ३ गतेको दासढुंगा दुर्घटना सम्बन्धमा सरकारद्वारा गठित प्रचण्डराज अनीलको एक सदस्यीय आयोगको खोटपूर्ण रिपोर्ट आयो । यो रिपोर्टले क.मदन भण्डारी र क.जीवराज आश्रितको मृत्युलाई पर्याप्त आधारहरु हुँदा हुँदै, तिनलाई उपेक्षा गरेर निराधार रुपमा ड्राइभर अमर लामाको लापर्वाहीको कारणले मात्र यो घटना भएको भनेर सावित गर्ने दुष्प्रयास गऱ्यो । यसले सरकारको नियतमाथि नै शंका उब्जायो । कतै मदन भण्डारी र आश्रितको मृत्युमा सरकारको नियतपूर्ण संलग्नता त छैन ? यो प्रश्न स्वाभाविक रुपमा आम जनसमुदायमा पैदा भयो । दाउरा खग्रंङ्ग सुकिसकेको थियो यो घटनाले त्यसमा आगो सल्काउने काम गऱ्यो ।

## तोडफोड, आगजनी र रगतको होली–कसरी ?

यसरी शुरु भयो- आषाढ ४ गतेको नेकपा (एमाले) एक्लैको आक्रोशपूर्ण विरोध प्रदर्शन, जसले सरकारसित "सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा सर्वसम्मत आयोग गठन" गर्ने माग गऱ्यो । तर गिरिजा सरकारले यो मागलाई र जनआक्रोशको आयतनलाई गंभीरतापूर्वक लिएन । यो उल्टो स्वाभाविक जनआक्रोशप्रेरित केही तोडफोडका गतिविधिलाई पूंजी बनाएर आक्रोशित पार्टी र जनसमुदायलाई उग्रपन्थी र बदमाश ठहऱ्याउने धन्दामा लाग्यो । यस कुराले पनि जन आक्रोशको आगोमा ध्यू थप्ने काम गऱ्यो ।

सरकारको ध्यानाकर्षित गर्न एमालेले आषाढ ११ "उपत्यका बन्द" को आयोजना गऱ्यो । तर उपत्यका बन्दको दिन र त्यसपछि गिरिजा सरकारद्वारा खटाइएका प्रहरीहरुको मुख्य रणनीति के देखिन्थ्यो भने-आक्रोशित जनसमुदायलाई हरतरहले उक्साउनु र जन समुदायबाट आक्रमण भएपछि - बेस्सरी दमन गर्नु वा 'सार्वजनिक सम्पत्ति तोडफोड गऱ्यो' भनेर जन समुदायमा घृणा जगाउने नियतले प्रचार गरेर दमनको निम्ति पृष्ठभूमि तयार पार्नु ।

यो रणनीति लागू गर्दै उसले आक्रोशित जुलूस अगाडि यात्रु नभएका खालि गाडी तेर्स्याउन ल्याउने कार्य समेत गऱ्यो । शान्त जुलूस र आमसभामाथि अनायास अश्रुग्यांस र गोली छोड्ने काम गऱ्यो । टुँडीखलमा ठूलो संख्यामा जनसमुदाय जम्मा भइरहेको बेला बाहिरबाट ताला लाइदिएर भित्र अश्रुग्यांस र हावामा गोली हान्ने कार्य गऱ्यो। आफ्नै आँखा अगाडि टेलिफोन क्याविनेट जलाउन लाग्दा शक्ति भएर पनि तमासा हेरेर बस्ने, तर जलाईसकेपछि वरपरका जनसमुदायमा गोली छोड्ने जस्ता कार्यहरु गऱ्यो । भक्तपुरमा नगरपालिका लगायत कैयन सार्वजनिक भवनको ऐना फोड्ने कार्य राति राति प्रहरीहरु आफैंले गरेको समेत भटियो । पाटन गा:बहालमा नेपाली कांग्रेसका मानिसले नै टेलिफोन क्याविनेट भत्काउन लाग्दा स्थानीय जनताले रंगेहात पक्रे ।

यसरी काठमाडौं र पाटनको आषाढ ११ देखि १४ गतेसम्मको तोडफोड, आगजनी र गोली काण्ड मूलत: गिरिजा सरकारको - यही "आफैं उक्साउने - आफैं दमन गर्ने " रणनीतिको परिणाम थियो । ११ गतेको बन्द र जुलूसलाई विना उक्साहट र विना व्यवधान उत्तिकै छोडीदिएको भए त्यो दिन भएका तोडफोड र आगजनीहरु हुने नै थिएनन् वा अत्यन्त न्यूनतम हुन्थ्यो, जस्तो हरेक बन्द कार्यक्रममा हुने गर्छ । "उपत्यका बन्द" - साँच्चै उपत्यका बन्द गरेर टुंगिंथ्यो । १३ गते→

# प्रधानमन्त्री गिरिजाको राजिनामा किन ?

थुप्रै जनताको रगतको मोलमा जन-आन्दोलनपछि व्यवस्था परिवर्तन भयो । राजाको पंचायती हुकूमतन्त्रको ठाउँमा बहुदलीय प्रजातन्त्र आयो । तर दुई वर्षे गिरिजा राजमा आम जनताले व्यवस्था परिवर्तनको कुनै अनुभूति नै गर्न पाएनन् ।

प्रशासनमा उनै पंचायतकालका खुँखार जन हत्याराहरु, अपराधीहरु र भ्रष्ट निरंकुश तत्वहरुको हालीमुहाली ज्यूँका त्यूँ रह्यो । मल्लिक आयोगले तिनीहरुको नाम र अपराध प्रमाणसाथ किटेर पेश गर्दा पनि गिरिजा सरकारले तिनलाई दण्ड दिएन । झन् उल्टो तिनलाई सम्मान गरियो, पुरस्कृत गरियो । जनहत्याको आदेश दिने अच्युतभक्त खरेलले डी.आइ.जी.को प्रमोशन पाए । दमन - नायक लोकबहादुरलाई राजदूतको सम्मान दिइयो । मरीचमानलाई सभा समारोहमा स्वागत गर्न थालियो । प्रतिकार समितिका परशुनारायण र केशर विष्ट जस्ताले नेपाली कांग्रेसमा तोरण टाँगेर प्रवेश पाए । यसले देखायो- जनताको हत्यासित, सामाजिक अपराधसित, भ्रष्टाचार, हुकूमतन्त्रसित गिरिजा सरकारको कुनै विरोध छैन, शत्रुता छैन । उनलाई फगत सिंहदरवारको शक्तिशाली कुर्सीसित मात्र मतलव छ । त्यसैले पंचायत त खतम भयो तर नयाँ व्यवस्थामा पनि राज्यको पंचायती प्रवृत्ति भने ज्यूँका त्यूँ कायम रह्यो । समाजले राज्य प्रशासनमा नयाँपन र परिवर्तन महशूस नै गर्न पाएन ।

सत्तामा आउनासाथ गिरिजा सरकारको मुख्य प्रतिज्ञा थियो - महँगी घटाउने र शान्ति सुरक्षाको स्थिति मजबूत पार्ने । तर गिरिजा सरकारको शासन कालमा व्यवहार भने त्यसको ठीक उल्टो भयो ।

महँगी घटाउन उत्पादन र बजारमा राज्यको निगरानी र नियन्त्रण बलियो पार्नु जरुरी हुन्थ्यो । त्यसो गर्न पूंजीपति वर्गसित टक्कर लिनु आवश्यक हुन्थ्यो, देश बाहिर पनि र भित्र पनि । तर पूंजीपति वर्गकै सहयोग, चन्दा र कमिशनमा आफ्नो सत्ता टिकाउने र आफू पनि नयाँ पूंजीपति बन्ने मनसाय र चरित्र बोकेको गिरिजा सरकारले जनताको हितमा यो नियन्त्रण र निगरानी गर्ने बाटो नै अप्नाएन । बरु उल्टो बजार भाउ सबै कुरा पूजीपतिकै हातमा छोडीदिने "उदार अर्थनीति" र "खुला बजार नीति" अप्नायो । यसले गर्दा गिरिजा सत्तामा आउनासाथ बजार भाउ एक्कासी अक्कासियो । २ वर्ष यता महँगी करीब ५० प्रतिशत बढ्यो (सरकारकै आंकडाले पनि २८ प्रतिशत बढेको स्वीकारेको छ) । किसानले किन्ने देशी मल त पहिले भन्दा ३०० प्रतिशत महँगो पारियो । न्यूनतम बिजुली महशूल सर्वसाधारणले पहिले भन्दा १७३ प्रतिशत बढी र पानी महशूल चौब्बर बढी तिर्नु पर्ने गरियो । जनताको आम्दानी भन्दा महँगी दोब्बर भन्दा पनि बढ्नाले सर्वसाधारणको पैसाको किन्ने क्षमता नराम्ररी घटेको छ ।




गरीबी र अभाव अचाक्ली बढेको छ । गिरिजा सत्तामा आउँदा ४२ प्रतिशत नेपालीहरु गरीबीको रेखामुनि थिए । अहिले सरकार आफैं भन्छ- ४९ प्रतिशत मानिसहरु गरीबीको रेखामुनि छन् । विश्व बैंकले अझ त्यस्ता नेपालीहरु अहिले ७१ प्रतिशत पुगेको तथ्यांक दिएको छ । यसरी २ वर्षे गिरिजा -राजले जनतालाई राम्रो जीवन स्तर, सुख, समृद्धितिर होइन, झन् झन् अभाव र गरीबीतिर धकेलेको छ । उदार अर्थतन्त्रले गर्दा संरक्षणको अभावमा देशका उद्योग धन्दाहरु खतम हुने स्थितिमा गइरहेका छन् ।

शान्ति सुरक्षाको मामलामा स्थिति पहिले भन्दा पनि झन बिग्रेको छ । २०४६।०४७→

# दास-ढुंगा घटनाको रहस्य झन झन गहिरिंदैछ

गिरिजा गुटको पक्ष लिने कांग्रेसी छापाहरूले शुरुदेखि नै केवल "दुर्घटना" साबित गर्ने प्रयत्न गरेको दासढुंगा घटनालाई सोही "लाइन" अनुरूपको निश्कर्ष निकाली सरकार-गठित अनील आयोगले पनि ठहर प्रस्तुत गऱ्यो । त्यसपछि त्यसप्रति मुलुकमा तीव्र प्रतिक्रिया जन्म्यो । यसपछि तुरुन्तै अर्को सर्वसम्मत जाँच आयोगको गठनको माग राखी शुरु भएको आन्दोलन अब गिरिजा सरकारको राजिनामा समेतका लागि तीन दिनव्यापी "नेपालवन्द" सम्म अघि बढ्दैछ । एकातिर यो स्थिति विद्यमान छ भने अर्कातिर दासढुंगा घटनाका सम्बन्धमा अरू थुप्रै सन्देहास्पद कुराहरू पनि प्रकटमा आएका छन् । यसले गर्दा यस घंटनाको रहस्य झन झन गहिरो हुँदै देखापर्दैछ ।

यतिखेर अनील-आयोगको प्रतिवेदन आफैं पनि एउटा रहस्यको विषय भएको छ । कारण, प्रतिवेदन पेश गर्नु करीव २ हप्ता अघि प्रचण्डराज अनील स्वयंले यो घटनाबारे "षडयन्त्र नै हुन सक्ने प्रशस्त शंकाहरू रहेको" आशय जिम्मेवार पत्रिकाहरूलाई आफूले दिएको अन्तर्वार्तामा व्यक्त गर्नुभएको थियो । तर पछि उहाँले अत्यन्त सरल ढंगले यस घटनालाई "चालक अमर लामाको लापरवाहीको कारण दुर्घटना" भएको भनी प्रतिवेदनमा टुंगो पेश गर्नुभयो । यसबाट बुझिन्छ- प्रतिवेदन प्रस्तुत गर्ने अन्तिम समयसम्म पुग्दा अनील आयोग वाह्य दबावको शिकार भएको छ ।



मासुको टुक्रा (भिसेरा) को रोनाष्टबाट गरिएको जाँच मात्र पर्याप्त नहुने र विदेशका अरु उन्नत प्रविधियुक्त संस्थाहरूमा पठाइ अरु सुक्ष्मतापूर्वक जाँच गराउनु पर्छ भन्ने आवाज उठ्दा उठ्दै पनि सो गराउनु अगावै क.मदन-आश्रितलाई "विष खुवाइएको भन्ने कथन अस्वीकृत भएको छ" भन्ने जस्तो महत्वपूर्ण बुँदामा निष्कर्ष पेश गर्ने काम यस आयोगले गरेको छ । घटना घट्नु अघि आबुखैरिनीबाट गाडी घटना स्थलमा आइपुग्दाको समय (४.३०-५.४५ अर्थात सवा घण्टा) अपेक्षाकृत भन्दा बढी लागेको देखिएको पृष्ठभूमिमा, यसैबीच, बाटामा उहाँहरूमाथि सामान्य जाँचबाट मात्र पत्ता लाग्न नसक्ने खालको षडयन्त्र वा औषधिहरु प्रयोग भएको हुन सक्छ । यो सम्भावनालई औल्याउन र जाँच गर्न अनील आयोगले जरुरी नै ठानेन । यस्तो

पानीमा पखालिएर नबग्ने गरी जम्न सक्छ कि सक्दैन ? यस कुराको वैज्ञानिक आधारको खोजी नगरीकनै आयोगले निष्कर्ष निकाल्ने काम गरेको छ । गाडी नदीमा खस्नुअघि नै उहाँहरुलाई चोट पुऱ्याइएको हुन सक्ने संभावनातर्फ इंगित गर्ने यो महत्वपूर्ण बुँदालाई बेवास्ता गरिनु पनि सन्देहास्पद छ ।

## लापरवाही मात्र मानिनका लागि प्रस्तुत आधारहरु

प्रतिवेदनमा उल्लेख छ -" अमर लामाकै कारणबाट गाडी खोलामा खसेको छ । तर अमर लामा षडयन्त्रमा सामेल भएको भन्ने कुनै पनि सबुदबाट पुस्ट्याँई भएको छैन । त्यसकारण, षडयन्त्रको कथनलाई यो आयोग अस्वीकार गर्दछ ।"

यसका साथै अमर लामामा मदन-आश्रितलाई मार्नुपर्ने सम्मको रीस, इवी, द्वेष, अवहेलना आदि नदेखिएको र उसमा राजनैतिक महत्वाकांक्ष पनि नदेखिएको र ऊ एमालेप्रति समर्पित देखिने कुरा यसले ठहर गरेको छ । यसका आधारमा यस प्रतिवेदनले जानी जानी ज्यान मारेको भन्ने कथनलाई पनि अस्वीकार गरेको छ ।

कुनै पनि अभियुक्तमा मृतकप्रति रीस, इवी, द्वेष, महत्वाकांक्षा आदि वा समर्पण भाव थियो- थिएन भन्ने कुरा यत्ति सजिलै भन्न सकिने कुरा हैन । यी सबै कुरा लुकाएर गरिने अपराधलाई नै षडयन्त्रमूर्ण अपराध मानिन्छ । आफू

# यो किन नियोजित षडयन्त्र हो ?

## किन अनील आयोगको रिपोर्ट मनोगत र प्रायोजित देखिन्छ ?





घटनासंग संबन्धित महत्वपूर्ण र जटील प्रसंगहरूलाई बेवास्ता गरी अत्यन्त सोझो हिसाबले घटनालाई व्याख्या गरी प्रस्तुत गरिएको यस आयोगको निष्कर्ष अत्यन्त हल्का र आत्मगत९कगदवभअतष्खभ० ढंगले निकालिएको पाइन्छ । सरकारलाई सजिलो पर्ने वा झंणझटहरू नपर्ने खालको तयारी र प्रायोजित निचोड निकाल्न यो आयोग आतुर भएको देखिन्छ । मूल रुपमा तथ्यहरूबाट सत्य पत्ता लगाउने र निष्कर्ष निकाल्ने विधिको हैन, तयारी निचोडलाई पुष्टि गर्न तथ्यहरूको मनोमानी व्याख्या गर्ने गलत विधि यस आयोगले अप्नाएको देखिन्छ ।

### जाँच हुनै बाँकी कुराबाट निष्कर्ष

मृतकहरुको शवबाट निकालिएको

जाँच गर्नु अघि नै हतारिएर निष्कर्ष निकाल्नुले अनील-आयोगको यो हतार गराइमा सहजै सन्दे पैदा भएको छ ।

क. भण्डारी बस्नु भएको सिटको हेडरेस्टको तल्लो भागमा र सिटको माथिल्लो भागमा रगत चुहेको डाम देखिएको कुरा प्रतिवेदनमा उल्लेख भएको छ । यो प्रमाण समेतका आधारमा उहाँहरुको मृत्यु गाडी दुर्घटनाको चोटबाटै भएको ठहर गरिएको छ ।

तर के त्यत्रो वेगवान र गहिरो नदीमा भर्खरको आलो रगत बगेर जाँदैन ? त्यो प्रश्नको हल भने प्रतिवेदनमा निकालिएको छैन ।

माथि डिलबाट नदीमा गाडी खस्न बढीमा १५ सेकेन्ड लागेको ठहर यसै आयोगले गरेको छ । गाडी तल रुखनेर पुगेपछि मात्र ढुंगामा बजारिएको छ । त्यतिखेर चोट लाग्नु भनेको गाडी पानीमा डुब्नु भन्दा करीव ५ सेकेन्ड भन्दा पनि कम समय अघिको कुरा हो । पाँच सेकन्ड अघिसम्म पोखिएको रगत त्यति समयभित्र त्यसरी

विश्वसनीय देखिन नाटकीय व्यवहार गरी अन्तमा धोका दिनु नै षडयन्त्र हो ।

अमर लामामा यी कुराहरु जाँच्ने कसीको रुपमा आयोगले निजकै बयानहरु र निजले बाहिर देखाएको हिजोको मोटामोटी व्यवहारलाई आधार बनाएको देखिन्छ । जब रहस्यमय र अविश्वसनीय लाग्ने घातक घटना घटिसकेको हुन्छ, तब के उसको भनाइ र मोटामोटी व्यवहारहरुलाई मात्र प्रमाण ठहऱ्याउन मिल्छ ? यसका लागि सूक्ष्मतापूर्वक निजका बयान व्यवहार र निजको मनोदशाको विश्लेषण गर्नु जरुरी हुन्छ । यसो नगरिकनै आयोगले निष्कर्ष निकालेको छ र यो यसकारण त्रुटीपूर्ण छ ।

खुला र सिधा, फराकिलो सडकमा भित्तातिर ठोक्काउन सकिने सम्भावनालाई पटक्कै प्रयोग नगरी, ब्रेक छुने कामसम्म पनि नगरी,

गाडीलाई नदीतिर खसालेर आफू माथिबाटै ढोका खोली भाग्ने र खोलामा गई हिलो पानी जीउमा छर्कने र खाने, अनि माथि सडकबाट मान्छेले देखेपछि मात्र "गुहार" शब्द उच्चारण गर्ने, आफ्ना नेताहरुलाई खोज्न र उद्धार गर्न भन्दा बढी पुलिस थाना र अस्पताल खोज्नतिर लाग्ने व्यक्ति भित्र ती नेताहरुप्रति रीस, इर्बी, द्वेष, महत्वाकांक्षा आदि थिएन भनी सहजै भन्न सकिन्छ ?

आफूलाई "माझीहरुले नदीबाट उतारिदिएको, नेताहरु खोज्न आफू नदीमा जान लाग्दा मानिसहरुले "नजाऊ नजाऊ" भनेर रोकेको" भनी सरासर झुठ बोल्ने र पछि गएर पानीबाट आफू पौडेर उत्रेको भनी थप झुठ बोली जनता र पार्टीलाई गुमराहमा पार्ने व्यक्तिको पार्टीप्रतिको समर्पण भाव यत्ति सजिलै आँक्न सकिन्छ ?

गाडी पानीमा खसेको तत्कालको समय भनेको यत्ति महत्वपूर्ण समय थियो, जुन समयमा अरु षडयन्त्र नभएको भए क.मदन र क.आश्रित ज्यूँदै भेटिन सक्ने प्रबल संभावना रहन्थ्यो । यस्तो समयमा आफ्ना नेताहरुको खोजिलाई प्राथमिकता दिएको भए सडकमा आते-जाते गर्ने गाडीहरु रोकी केही समयमै थुप्रै मानिसहरुको सहयोग जुटाएर निज लामाले उद्धार कार्य गर्न सक्थ्यो ।यसो गर्ने काम गरिएन ।



यत्ति मात्रै हैन, निजले त उल्टो "अब उहाँहरु ज्यूँदो हुनुहुन्न" भनी खोजी कार्यलाई निरुत्साहित गर्ने काम गरेको छ । पार्टीलाई गरिएको ट्रंकलमा पनि "खोजिको लागि सेना र प्रहरी जुटीसकेको, भन्ने आशयको कपोलकल्पित खबर गरेको पाइएको छ । ड्राइभर लामाद्वारा फगत लापर्वाहीकै कारणले दुर्घटना भएको हो भने, मनोबिज्ञानका अनुसार, उसमा दुर्घटना हुनासाथ उद्धार कार्य गर्ने मनोभाव पैदा हुन्थ्यो । पार्टीका अत्यन्त महत्वपूर्ण नेताहरु दुर्घटनामा पर्दा त एउटा पार्टी कार्यकर्तामा यो मनोभाव झन ज्यादा देखा पर्ने थियो । तर उसमा त्यो मनोभाव नै देखिन्न । के यसले ड्राइभर पार्टीप्रति इमान्दार थियो भनेर साबित गर्छ ?

## लापरवाही कि षडयन्त्र ?

दास ढुंगा दुर्घटना जस्ता घटनाहरुको तीन सभावित कारणहरुबाट हुन सक्छन् ।

एक, यान्त्रिक गडबडी वा त्रुटीबाट, दुई, लापरबाही वा बेहोशीबाट र तीन, नियोजित षडयन्त्रबाट ।

गाडी जाँचको सम्पूर्ण रिपोर्टले बताएको छ-, गाडीमा कुनै यान्त्रिक गडबडी छैन । त्यसैले, यस घटनामा यो कारणको खोजि गर्नै परेन ।

बाँकी रहेका दुई कारणहरु मध्ये अनील आयोगले दोस्रो अर्थात लापरवाहीको कारणको पुष्टी गरेको छ र तेस्रो अर्थात नियोजित षडयन्त्रको कारणलाई स्पष्ट शब्दमा यसले नकारेको छ ।

प्रतिवेदनले गाडी नागबेली भै सडकमा नाचेको र बाँयातर्फ पहरा वा नालीतिर यसलाई लैजान सकिन्थ्यो, तर गाडीको वेगलाई यथावत राखी दाहिने नदीतर्फ मोडी अमर लामाले असावधानीपूर्ण काम गरेको कुरा एवं मदन-आश्रित जस्ता राष्ट्रिय नेता चढ्नु भएको गाडी आफ्नो काबुमा राख्न सकिने वेगमा हाँक्नु पर्नेमा सो नगरेकोले यो निजको लापरबाही हो भन्ने आशय उल्लेख गरेको छ ।

यसबाट बुझिन्छ - गाडी करीब ६० किलोमिटर प्रतिघण्टाको गतिमा थियो ( करीब ११ मिटर चौडा पार गर्न ०.६५ सेकेन्ड लागेको भन्ने यसै आयोगको भनाई अनुसार हिसाब निकाल्दा), गाडी अनियन्त्रित अवस्थामा थियो, त्यसैले चालकले सावधानी कायम गर्न सकेन ।



# दासढुंगा घटनाबाट के पाठ सिक्नु पर्दछ ?

**दा**सढुंगा घटनाले पुर्‍याएको ठूलो क्षतिबाट नेपाली वामपन्थी आन्दोलनले अत्यन्त महंगा पाठहरु सिक्नु जरुरी छ । यस्ता घटनाहरु घट्नुका कारणहरुको खोजबीन गरी भविष्यका लागि सचेत रहने बाटो खोज्नु एउटा अत्यन्त महत्वपूर्ण कार्य हो । यस सिलसिलामा हामीले यहाँ हाम्रा चार जना वामपन्थी नेताहरुसँग कुराकानी गरी उहाँहरुको विचार प्रस्तुत गरेका छौं । भिन्न भिन्न कोणहरुबाट व्यक्त भएका उहाँहरुका यी विचारहरुको अन्तर्क्रियाबाट पाठकहरुलाई यसबारे धारणा बनाउनु मद्दत मिल्ने आशा हामीले लिएका छौं । - मूल्यांकन

## कम्युनिस्ट हुनको लागि व्यक्तिको संपूर्ण विश्व-दृष्टिकोण नै बदलिनु पर्छ

**-क. मोहनबिक्रम सिंह**
*महासचिव, ने.क.पा (मसाल)*

**यो** घटनाले मदन भण्डारी र जीवराज आश्रितले अप्नाएको राजनीतिक लाइनको निरर्थकता सिद्ध गरेको छ । यो लाइन भन्नुको मतलव हो- देशी र विदेशी दुश्मनप्रति संझौतापरस्त नीति अप्नाउने, संघर्षको बाटो छोडेर संसदीय प्रतिस्पर्धाको बाटो अप्नाउने, स्वयम् नेपाली कांग्रेसप्रति संघर्षको बाटो छाडेर साँठगाँठको बाटो अप्नाउने लाइन । यो घटनाबाट पाठ सिक्ने हो भने एमालेका साथीहरुले मदन भण्डारीले अप्नाएका यी गलत लाइन र नीतिहरुबाट बाहिर आउनु पर्छ । संझौता, साँठगाँठ र संसदीय बाटोको सट्टा क्रान्तिकारी संघर्षको बाटो अप्नाउनु पर्छ । संगठनको क्षेत्रमा पनि दासढुङ्गा हत्याकाण्डबाट पाठ सिक्नु पर्दछ । पार्टीलाई सचेत तत्वको अगुवा दस्ता बनाउने लेनिनवादी संगठनको सिद्धान्त छाडेर एउटा होलो-खुकुलो पार्टी तयार गर्न खोज्दा यसभित्र दुश्मनका एजेण्टहरुले सजिलै घूसपैठ गर्न सक्छन् । यो कुरा दासढुंगा हत्याको घटनाले हामी सबैलाई सिकाएको छ । एमालेलाई त झनै सिकाएको छ ।

दासढुंगा हत्याकाण्डबाट पाठ सिक्ने हो भने- क्रान्तिकारी संघर्षको बाटोको महत्व र पार्टीलाई सचेत र अग्रगामी तत्वको अगुवा दस्ता बनाउनु पर्छ भन्ने विचारको महत्व अरु कैयन गुणा बढेर गएको छ ।

अलि अलि संघर्षमा भाग लिंदैमा, २-४ चोटि जेल जाँदैमा पार्टीप्रति अलिकता वफादारिता देखाउँदैमा, २-४ वटा क्रान्तिकारी भाषण दिंदैमा कुनै पनि मान्छे वास्तवमा कम्युनिस्ट भइहाल्दैन । कम्युनिस्ट हुनको लागि त उसको संपूर्ण विश्व- दृष्टिकोण नै बदलिनु पर्छ । उसको बैचारिक-सांस्कृतिक रुपान्तरण हुनुपर्छ । यो विश्व कम्युनिष्ट आन्दोलनकै र समूचा नेपाली कम्युनिष्ट आन्दोलनको प्रमुख समस्या हो । हामी आत्मालोचक भएर भन्छौं- हाम्रो पार्टीले पनि यो समस्यालाई त्यति गंभीरतापूर्वक ध्यान दिन सकेको थिएन । अब ध्यान दिनु पर्छ- यदि दास ढुंगाको हत्याबाट पाठ सक्ने हो भने ।

*दासढुंगा घटनाको पाठ हो –*

# नेतृत्वको सुरक्षाको प्रश्न र सर्वहाराकरणको आवश्यकता



**क. माधव कुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

*दासढुंगा हत्याकाण्डबाट सिक्नुपर्ने मुख्य पाठ हो- नेतृत्वको सुरक्षाको प्रश्न ।*

*यसबाट हामीले सिक्नु पर्दछ कि पार्टीका महासचिव जस्तो संस्थाको सुरक्षाको प्रश्नलाई सिंगो पार्टीले सर्वोच्च प्राथमिकता दिनु पर्दछ । सवाल कुन व्यक्ति त्यो पदमा छ भन्ने होइन । सवाल महासचिव पद आफैं एउटा संस्था हो र त्यस संस्थाको सुरक्षा पार्टीको निम्ति सर्वोच्च महत्वको कुरा हो भन्ने विषयको हो । जबसम्म यस सम्बन्धका सुरक्षा सम्बन्धी अवधारणा र त्यस अनुरुपको व्यवस्था खडा गरिदैन, तबसम्म यस हत्याकाण्डबाट हामी सही पाठ सिक्न सक्दैनौं ।*

*यो हत्याकाण्ड हामीले लिएको राजनीतिको प्रतिक्रिया हो । हाम्रो राजनीतिले आम जनतामा र देश-विदेशमा पनि प्रभाव पारिरहेको देख्न नसकेर प्रतिक्रियावादीहरुले त्यस राजनीतिका प्रवक्ताको व्यक्ति हत्या गरेको छ । यसले हाम्रो राजनीति शत्रुहरुको लागि असह्य भएको थियो र त्यसैले, आम रुपमा, हाम्रो राजनीति सही थियो भन्ने देखाउँछ । अतः यो हत्याकाण्डको प्रतिक्रिया स्वरुप हाम्रो राजनीतिमा पुनर्विचार गर्नु जरुरी छैन ।*

*सर्वहाराकरणको आवश्यकता, यो हत्याकाण्डबाट सिक्नु पर्ने अर्को पाठ हो । व्यक्तिमा वैचारिक विचलन शुरु भएपछि उसमा सर्वहारा-प्रवित्तिमा कमी, निजी स्वार्थमा वृद्धि, लोभ र त्रासको प्रभाव वृद्धि हुन थाल्छ । यसबाट मुक्तिको लागि पार्टी भित्र विभिन्न व्यक्तिको स्तर अनुसार सर्वहाराकरण गर्ने र व्यक्ति एवं व्यक्तिका क्रियाकलापप्रति सतर्कता र निगरानीको प्रक्र्यालाई एउटा प्रणालीको रुपमा विकास गर्नुपर्छ भन्ने पनि यो हत्याकाण्डले सिकाएको छ ।*

*यहाँनिर प्रष्ट कुरा के छ भने गाडीको मेन गियर १ नं. मा भेटिएको छ । १ नं. गियरमा २०/२५ कि.मि. प्रतिघण्टा भन्दा बढी गति हुन सक्दैन ।*

*एकछिन मानौं–गाडी पानीबाट बाहिर निकाल्दा यो १ नं. गियर जबर्जस्ती लागेको थियो रे । तर आफ्नै भनाइअनुसार पनि ड्राइभर सडकमुनि लगत्तै हाम्फालेर गाडीबाट बाहिर झरेको छ । यसरी बाहिर झरेर ज्यान बचाउन ६० कि.मि. प्रतिघण्टा करीबको दरमा गुडेको गाडीबाट सम्भवै हुन्न । यदि गाडी यो गतिमा थियो भने त सडकको सतहबाट हुत्तिएर उडेर मात्र केही पर यो बजारिम पुग्थ्यो । साथै घटनास्थलमा गाडी माथिदेखि नै गुडेरै तलतिर लागेको कुराको प्रमाणको रुपमा गाडीको चक्काको डोब पनि मौजुद थियो । यो तथ्यले पनि गाडी १ नं. गियरमा नै भएको पुष्टि गर्छ ।*

*त्यसैले नियन्त्रण गर्नै नसकिने गतिमा गाडी थियो भन्ने कुरालाई यी प्रमाणहरुले अस्वीकार गर्दछन् ।*

*बाँकी रह्यो–गाडी नागबेली परेको कुरा ।*

*हो, प्रत्यक्षदर्शीहरुले यो कुराको पुष्टि गरेको छन् ।*

*तर यहाँनिर विचार गर्नु पर्ने कुरा के छ भने– ड्राइभर लामाले दाहिनेपट्टि आफूले चाहेको ठाउँबाटै नदीमा खसाल्नका लागि पनि शुरुमा त्यसको विपरीत दिशामा देब्रेपट्टि गाडीलाई लैजानु पर्थ्यो नै । किनभने, निश्चित लम्बाइयुक्त मोडबाट नमोडिइकन सोझो आइरहेको गाडी साइडतिर अचानक मोडिएर आफूले भनेकै ठाउँमा जादैन । आफूले चाहेकै ठाउँमा गाडी खसाल्नका लागि उसले विपरीत दिशातिरको यो "नागबेली" गति लिएको हुन सक्दैन ?*

*अब बाँकी रह्यो –ड्राइभर लामाले आफू नदीमा डुबेको र पौडेर बाहिर आएको आदि भनेर किन ढाँट्यो भन्ने कुरा ।*

*अनील आयोग भन्छ –"आफ्नो लापरबाही लुकाउन अमर लामाले झूठ बोलेका हुन् ।"*

*एउटा सामान्य मानिसको लागि पनि यो झूठ बोल्नु जरुरी नै थिएन । त्यसमाथि पनि आयोगले एमालेप्रति निष्ठावान ठहऱ्याएको अमर लामाका लागि त यो झनै जरुरी थिएन । यदि कुनै ठूलो अपराध लुकाउनु थिएन भने उसले साँचो कुरा नै बोल्न सक्थ्यो । त्यस घटनामा यदि तीन जना नै मर्ने स्थिति थियो भने १ जना मात्रैले पनि ज्यान जोगाउनै हुन्नथ्यो भनी कसैले पनि माग गर्ने कुरा थिएन । असावधानी हुन पुगेको कुरालाई लुकाउनु पर्ने जरुरत मान्छेलाई सामान्य स्थितिमा पर्दैन । झ्यालबाट फाल हालेर बाँचेको कुरालाई ढाकी नदीको पानी जीउमा छर्कने र खानेतिर लाग्न किन जरुरी थियो ? त्यतिखेरको त्यो महत्वपूर्ण समय त सामान्य मानवीय दृष्टिले पनि, फेरि पनि, उद्धार कार्यतिर लाग्ने, मानिसहरु बोलाउने समय नै थियो । तर ड्राइभर लामा भने त्यतिखेरै पानी छर्कने र खाने काममा लागेको छ । यस कुराले त्यतिखेर नै उसमा वास्तविकता लुकाउने मनसाय आईसकेको पुष्टि हुन्छ ।*

*त्यसैले, लापरबाही लुकाउन मात्र यो झूठ बोलेको भन्ने कुरा मान्न सकिने स्थिति छैन । गाडी खसालीसकेपछि प्रत्यक्षदर्शी कसैले नदेखेमा हातमुख धोएर कुनै निर्दिष्ट बाहनमा बसेर भागने र ड्राइभरसहित क.मदन-आश्रित नदीमा डुबेको भ्रम दिने, कसैले देखीहालेमा चाहिं आफू झण्डैझण्डै मरेर पनि नेताहरुलाई बचाउन चाहिं पूरापूर प्रयत्न गरेको देखाई पार्टीमा र समाजमा आफ्नो पुरानै विश्वासको स्थिति बचाइराख्ने सुनियोजित योजना के यसमा हुन सक्दैन ?*

*त्यसकारण, "लापरवाही लुकाउन" ड्राइभर लामाले झूठ बोलेको भन्ने निष्कर्ष सतही र हचुवा किसिमको छ ।*

*अचानक आएको कुनै घुम्ती वा मोडमा भए बेग्लै कुरा हुथ्यो । सिधा र प्रायः समथर फराकिलो उक्त बाटोमा गाडि नागबेली पर्न थालेको थियो भने पनि तुरुन्तै ब्रेक लगाउन, भित्तामा*

## अमर लामाको टुंकल



जेठ २ गते साँझ ६.१५ देखि ६.२० बजे नेकपा एमालेका केन्द्रिय कार्यालयका लेखा अधिकृत लेखनाथ कोइरालासँग अमर लामाले टुंकलमा गरेको कुराकानीः

अमर लामा- खत्तम भयो ।

लेखनाथ कोइराला- के खत्तम भयो ?

लामा- गाडी नारायणी खोलामा डुब्यो ।

कोइराला- कामरेडहरुको अवस्था के हो त ?

लामा- हालसम्म पानीमा भेटिनु भएको छैन । प्रहरी र सैनिक जवानहरु खोजि कार्यमा लागीसकेका छन् ।

कोइराला- उहाँहरु पानीमै कि बाहिर कतै हुने संभावना छ ?

लामा- होइन, पानीमै ।

कोइराला- तपाई कसरी त्यहाँ पुग्नु भो ?

लामा- म पानीबाट पौडिएर बाहिर निस्किएर आएं ।

कोइराला- कसरी त्यस्तो भो ?

लामा- पोखराबाटै पानी परिरहेको थियो, गाडी चिप्लियो, ब्रेक लागेन ।

कोइराला- घटना भएको ठाउँ ? समय ?

लामा- चितवन या मुग्लिन नजीकै भएको दासढुंगा (सुनेको) करीब आधा घण्टा भयो भएको

कोइराला- अहिले कहाँबाट गरेको ?

लामा- म त्यस्तो घटना घटेपछि पौडिएर बाहिर निस्किएपछि पार्टी कार्यालय खबर गर्न गएँ, त्यहाँ बन्द रहेछ र प्रहरीलाई जानकारी गर्न चितवनको नारायणी खोलातर्फको प्रहरी कार्यालमा गई जानकारी गराएँ र काठमाडौ खबर गर्छु भन्दा प्रहरीले यहाँबाट हुँदैन, एक तला माथिबाट गर्नुहोस् भनेपछि त्यहीँबाट गरेको ।

कोइराला- चितवनका साथीहरुलाई तुरुन्त खबर गर्नुहोस्, म राखें ।

(स्रोत: ओली आयोग)

*ठोक्काउन वा सोझै छोडिदिन मध्ये कुनै न कुनै विकल्प अप्नाउने होश एउटा अनुभवी चालकसँग हुन्छ नै । आफू भने माथि सडकबाट हाम्फालेर बाहिरिने तयारीमा लागेको कुरा निजले बयानमा बताएको छ । यसले पनि देखाउँछ- त्यतिखेर ड्राइभर पूरा होशमा थियो । तर होशमा हुंदा हुं दै त्यतिखेर उसले क. मदन-आश्रितलाई भागौं भनी सँझाएको छैन । बेहोशीको कथनलाई स्वीकार्ने हो भने पनि गाडी नागबेली परेर गुड्न लागेपछि नै ड्राइभरको होश फर्किएको छ । नत्र उसले गाडी नागबेली परेर गुड्न लागेको थाहा पाउँथ्यो नै कसरी ? त्यो होशको स्थितिमा उसले सजिलै गाडीलाई ब्रेक लगाएर रोक्न सक्थ्यो, देब्रे भित्तामा ठोक्न सक्थ्यो वा स्टेरिङ्ग कन्ट्रोल गरेर सिधा लान सक्थ्यो र क. मदन र आश्रितलाई पनि सावधान गराउन सक्थ्यो।तर उसले यसो गरेन । ऊ खालि आफू मात्र बाहिर भाग्ने तयारीमा लाग्यो । आखिर यस्तो किन ?*

*ड्राइभरको पछिको मनस्थिति र व्यवहारले पनि यो असावधानी वा लापरवाहीको कुरालाई पुष्टी गर्दैनन् । त्यत्रो ठूलो नोक्सानी आफ्नो लापरवाहीको कारणले हुँदा त निज लामामा ठूलो पश्चातापको भावना र दुःख हुनु पर्ने, तर मनो- चिकित्सकको रिपोर्टले भन्छ- "उनी स्वस्थ छन् र पनि उनमा दुःख र पश्चातापको कुनै भावना भेटिन्न ।" त्यत्रो दुःखद दुर्घटना पछि पनि "इमान्दार" ड्राइभर "सामान्य" मनोवैज्ञानिक अवस्थामा छ, यो किन भयो ? अनीलको प्रतिवेदनले यसको कुनै उत्तर खोज्ने प्रयत्न नै गरेको छैन ।*

*यसले पनि अनील आयोगले वस्तुगत रुपमा तथ्यहरु केलाउन भन्दा ज्यादा तयारी निस्कर्षलाई पुष्टि गर्ने प्रयत्न गरेको प्रष्ट पार्दछ ।*

## यो किन षडयन्त्र हो ?

*अनील आयोगले अस्वीकार गरेतापनि दासढुंगा दुर्घटना सुनियोजित षडयन्त्रपूर्ण हत्या हो भन्ने कुरा जम्मामा यस दुर्घटनाका विविध पक्षलाई हेर्दा प्रष्टतापूर्वक भन्न सकिन्छ ।*

*सडकमा कुनै अर्को गाडी वा मान्छे छैन । दुर्घटना भएको ठाउँमा सडक निकै चौडा छ, सिधा छ, पिच भन्दा बाहिर पनि २१ फिट देखि १६ फिट सम्मको खाली जमीन छ । ड्राइभर लामा पूरा होशमा छ किनकि उसकै भनाइ अनुसार ऊ पीछैमा बाहिर निक्लन पोजीशन मिलाउँदैछ । गाडीको ब्रेक, स्टेयरीङ्ग, क्लच, गियर सबै ठीक अवस्थामा छन् । ड्राइभर लामा गाडी चलाउनु सिपालु र निकै अनुभवी छ ।*

*यस्तो पूरा होशको अवस्थामा ड्राइभर लामाले बालुवाको पहिलो चिन्हतेरबाट गाडी नागबेली पर्न थालेको बताएको छ र अन्तिम चिन्हतेरबाट १ नं मेन गियरमा गाडी तल खसालेको छ । र आफू चाहिं क.मदन भण्डारी र आश्रितलाई सूचना नै नदिईकन झ्यालबाट हाम्फालेको छ । यसबाट गाडी नागबेली पर्न थालेको होइन, पार्न थालिएको प्रष्ट देखिन्छ ।*

*गाडी तल पानीमा डुब्नासाथ, लापर्वाहीबाट गाडी खसेको भए, मानवीय स्वभाव अनुसार तन्दुरुस्त र पार्टीप्रति "वफादार" उसले सडकमा आएर १०-१५ मिनेट प्रयत्न गर्नासाथ -यो ठाउँ यस्तो थियो, जहाँ उसले बीसौं गाडी रोकेर उद्धार कार्य गर्न सक्थ्यो । तर उसले त्यस्तो पनि गरेन । गाडी खस्नासाथको निर्णायक समयमा ऊ आफू पनि पानीमा सँगै खसेको हो भन्ने जालसाजीपूर्ण प्रमाण जुटाउने नियतले शरीरमा पानी छ्याप्ने, धमिलो पानी खाने र लुगा भिजाउनेतिर लागेको छ । अर्थात्, गाडी खस्नासाथको निर्णायक समयमा नै उसलाई आफ्ना प्रिय नेताहरुको उद्धारको पीर भन्दा आफ्नो बचाउको चिन्ताले सताईसकेको छ । ऊ निर्दोष भएको भए-उसमा यो अपराधिक प्रवृत्ति देखिँदैनथ्यो ।*

*त्यसपछि ऊ उद्धार कार्य नै नगरी तुरुन्तै सडकमा आएको छ र उद्धार कार्य संचालन*

# पार्टीलाई अनुशासित मानिसको पार्टीमा बदल्नु पर्छ नत्र.....



क. रोहित
अध्यक्ष, नेपाल मजदूर किसान पार्टी

सबैभन्दा पहिले पार्टी खुल्ला भइसकेपछि त्यसबाट हुन सक्ने नकारात्मक असरबारे यो हत्याकाण्डबाट पाठ सिकेर गम्भीरतापूर्वक सोच्नु पर्छ । पार्टी भूमिगत हुँदा वामपन्थी अवसरवादको संभावना बेसी हुन्छ । खुल्ला हुँदा दक्षिणपन्थी अवसरवादको संभावना बेसी हुन्छ । खुल्ला पार्टीमा घूसपैठको सभावना बेशी हुन्छ । त्यसैले पार्टीलाई यस्तो घूसपैठको संभावनाबाट कसरी सुरक्षित राख्ने ?- पहिलो कुरो यो सोचिनु जरुरी भएको छ, यो हत्याकाण्डबाट पाठ सिक्ने हो भने । लाओस, कम्बोडिया, कोरिया र हाल दक्षिण एशियामा घटेका राजनतिक हत्याकाण्डलाई ध्यानमा राखेर नेपाली वामपन्थीहरुले आफ्नो संगठनलाई पूर्णरुपमा खुला गरेर कतिसम्म जनताको आन्दोलनलाई अगाडि बढाउन सकिन्छ भनेर सोच्नु जरुरी भएको छ ।

म त स्पष्ट भन्छु- अहिले हाम्रो संगठनलाई अर्ध-गुप्त स्थितमा लानुपर्छ र पार्टी नेतृत्वलाई सारै सुरक्षित ढंगले लानु पर्छ ।

पार्टीलाई अनुशासित मानिसको पार्टीको रुपमा विकास गर्नु पर्छ । नत्र यस्ता "दासढुंगा हत्याकाण्ड"हरु बरोबर हुँदै जानेछन् । पार्टी ठूलो पार्ने नाममा जसलाई पायो त्यसलाई पार्टीमा हुल्ने, पार्टी नेतृत्वमा पुर्याउने, अरु पार्टीले कार्वाही गरेर फ्याँकेका अनैतिक मान्छेलाई पनि स्थान दिने, एकताको नाममा जस्तो सुकै समूहलाई पनि अटाउन दिने नीतिले अनुशासित पार्टी तयार हुन सक्दैन । अनुशासित पार्टी भएन भने- यो हत्याकाण्ड पहिलो मात्र हुनेछ, अन्तिम हुने छैन ।

दासढुंगा हत्याकाण्ड दोहरिन नदिने हो भने हामीले पार्टीभित्र मानिसलाई विचार र व्यवहार दुवै ढंगले जाच्नु पर्दछ । विचार र व्यवहारमा फरक देखिनासाथ हामीले आलोचना, स्व-आलोचनाको माध्यमबाट त्यसलाई सच्याउनु पर्छ । र, बरोबरको आलोचनाबाट पनि सच्चिएन भने त्यस्ता व्यक्तिहरुलाई पार्टी लाइनबाट अलग गर्नु पर्छ । अनि मात्र हामीले पार्टीभित्र "अमर लामा" पैदा हुनुबाट र दासढुंगा हत्याकाण्ड दोहरिनुबाट जोगाउन सक्ने छौं । ●

## क. भण्डारी-आश्रित चढ्नु भएको गाडीको अवस्था

○ फुट ब्रेक - राम्रो अवस्थामा
○ लकच - " "
○ ब्रेक पाइप - चारै चक्कामा ठीक अवस्थामा
○ एक्सिलिलेटर - राम्रो अवस्थामा
○ ब्रेक आइल - ठीक,,
○ चारै चक्का - ठीक र हावा समेत ठीक -
○ स्टेरिंग र टाइ रड - राम्रो अवस्थामा
○ साँचो नभएको, स्वीच अन भएको, स्टेरिङ्ग लकड नभएको
○ मेन गियर - १ नं मा
○ ट्रान्समिसन गियर - न्यूट्रलमा
○ हयाण्ड ब्रेक (पार्किङ्ग ब्रेक) - बिग्रेको ( पार्किङ्ग ब्रेक गाडीमा छुँदैथिएन)
○ चालकको ढोका- खुला, बाँकी सबै लककड
○ दाहिने हेडलाइट - ठीक, बाँया हेडलाइट फुस्केको
○ गाडीको बडी कुँच्चिएर बाँया लर्केको
○ ब्याक लाइटको शिशा चर्केको
○ साइड लाइट : सबै फुटेको
(ओली आयोगले प्राविधिकहरुबाट प्राप्त गरेको मेकानिकल रिपोर्टबाट)



गर्ने भन्दा प्रहरीलाई खबर गरेर आफ्नै बचाउ गर्ने र पार्टीलाई खबर गरेर "अब नेताहरुलाई बचाउने संभावना छैन" भनेर उद्धार कार्यलाई निरुत्साहित पार्ने कार्य गरेको छ। ५.४५ मा दुर्घटना भएको, ६.०५ मा ऊ १४ किलोमिटर परको नारायणघाट पुगिसकेको छ। त्यसपछि एक पछि अर्को झूठ बोल्न थालेको छ।

दुर्घटना हुनु अघि विहान ऊ बेचैन छ, छटपटीमा छ, उसको अनुहार मुर्झाएको छ। दुर्घटना भएपछि ऊ निर्दोष भएको भए, झन बेचैन, छटपट र दुःखित हुनु पर्ने। त्यसको ठीक उल्टो मनोदशा उसमा देखिएको छ। ऊ दुर्घटनापछि-अस्पतालमा निश्चिन्त देखिन्छ। उसको विहानको बेचैनी र छटपटी अब उसमा बाँकी छैन। उसमा कुनै दुःख र पश्चातापको मनोभाव छैन। उसको हात दुख्नु र पेट दुख्नु सारा हराएको छ। त्यसपछि वीर अस्पतालमा त ऊ जोक गरेर अरुलाई हँसाई बस्ने मनोदशामा देखिन्छ।

यी सबै तथ्यहरुले एक साथ पुष्टि गर्छन् – यो नियोजित षडयन्त्र हो।

दुर्घटना स्थल र समय बाहेकको निजको केही दिन अघिदेखिको व्यवहार र दुर्घटना पछिको व्यवहार यस कुरालाई पुष्टि दिने कुराहरु हुन्। घटना स्थलका बालुवा र भूसका थुप्राहरुलाई षडयन्त्र सूत्रको रुपमा गाभिन नसक्ने कुरा अनील आयोगले ठहर गरेपनि के कुरा देखिन्छ भने, बालुवाको पहिलो थुप्रो रहेको स्थानबाट गाडी नागबेली पर्न थालेर बालुवाको तेस्रो थुप्रो र भुसनेरबाट गाडी तल खसेकोले यी थुप्राहरुलाई यसरी सजिलै पन्छाउन मिल्ने स्थिति रहन्न। मेन गियर १ नम्बरमा रहेको गाडीको साचो झिकी ट्रान्समिसन गियरलाई ४ नं.मा राखी आफू भाग्नुको पछाडि गाडी नरोकियोस् भन्ने नियत राखिएको बुझिन्छ।

## चालक लामाका अघि र पछिका व्यवहारहरु



(अमर लामा)

क. मदन चीन र कलकत्ताबाट फर्केपछिदेखि नै निज लामाले उहाँप्रति हार्दिक स्वागत गर्न छोडेको आभास पाइन्थ्यो। पहिले निकै चंचल र फरासिलो व्यक्ति त्यतिखेरदेखि मुर्झाएको देखिन्थ्यो। गत हिउँदे संसद-सदनदेखि नै निजले राम्ररी खान छाडेको, क. भण्डारीको निवासस्थानमा रहँदा क. विद्या पाण्डेसँगै पनि आम्ने साम्ने भएर कुरा गर्न छोडेको, बस्दा पनि पत्रिका पढेजस्तो गरी मुख छोपेर बस्ने गरेको कुरा क. विद्या पाण्डेले पनि अनुभव गर्नु भएको थियो। निजले साथीहरुलाई २।३ महिना अघिदेखि पैसा पुगेन, भनेर ड्राइभरी छोड्छु भन्ने गरेको पनि थाहा पाइएको छ।

पोखरामा नारायणघाटतिर हिड्ने दिनमा पनि निज लामा वेचैन देखिएको, खान पनि ढीलो आएको, घरी घरी शौचालय जाने तर शौचालयभित्र पानी पोखिएको आदि आवाज भने पटक्कै नआउने गरेको कुरा पनि थाहा हुन आएको छ। हिड्ने बेलामा साथीहरुसंग राम्ररी हात पनि नमिलाई अध्योरो मुख लगाई हिडेको कुरा पनि थाहा हुन आएको छ।

सोही दिन (जेठ ३ गते) पोखराबाट हिड्ने बेलामा क.मदन र आश्रितले पर्खनु पर्ने गरी निज गायब भएको र अघिल्लो दिन पनि फोटो धुलाउन भनी मोटर साइकल लिई निज निकै बेर गायब भएको कुरालाई पनि अर्थपूर्ण रुपमा लिनु जरुरी छ। पोखरामा त्यस दिन निज आफैंले गाडीमा पार्टीको ठूलो र चम्कीलो झण्डा राख्न कर गरेर, सो झण्डा राखी खाली गाडी नै एक चक्कर सडकमा कुडाएको कुरा पनि अर्थपूर्ण छ। आखिर यही नै पटक उसले गाडीमा ठूलो र चम्कीलो झण्डा राख्न किन जोड गऱ्यो? यो पनि अर्थपूर्ण नै छ।

यसैबीच, पोखरामा एक दिनअघि कुनै एक विदेशी नागरिकसँग निज लामाले कुनै नक्सा हेरिरहेको र त्यसमा ८ र = लेखेको देखेको कुरा नेस्वमयुका कास्कीका अध्यक्ष दामोदर गौतमले हालै प्रकाशमा ल्याउनु भएको छ।

साथै, केही हप्ता अघि एमालेको सो जीप गाडी खालि समयमा एक एक हप्ताका लागि "जाइका" र "एशिया फाउण्डेशन" नामक विदेशी संस्थाहरुलाई भाडामा दिइएको र सो समयमा पनि गाडी निज लामाले नै चलाएको कुरा पनि जानकारीमा आएको छ।

स्मरणीय छ, फिलिपिन्स लगायतका देशहरुका वामपन्थीहरुका बीच यो "एशिया फाउण्डेशन" भन्ने संस्था सि.आइ.ए.सँग नजीक रहेको बदनाम संस्था मानिन्छ। संस्थाका रुपमा बदनाम छ।

यी थप र नयाँ कुराहरुले दास-ढुङ्गा घटनाको रहस्यलाई अरु गहिरो बनाइदिएका छन्।

यसबाहेक, यस घटनाप्रति गिरिजा सरकारले अप्नाएको रवैया झनै रहष्यपूर्ण रहेको छ।

ड्राइभर लामाले जब आफूले बोलेको अगाडिको झूठो कुरा बदलेर आफू गाडीबाट शुरुमै हाम्फालेको सत्य स्वीकार गऱ्यो, त्यसको लगत्तैपछि निज लामालाई सरकारले आफ्नै मात्र नियन्त्रणमा राख्न थाल्यो। त्यस बेलादेखि ने.क.पा. (एमाले) को रेखदेख हुने स्थितिको जबर्जस्ती अन्त गरियो। यसै गरी, अरु सामान्य

बाँकी ६४ पेजमा

# संगठनलाई बढी अनुशासित र लडाकु बनाउनु पर्छ



क. बाबुराम भट्टराई
संयोजक, संयुक्त जनमोर्चा, नेपाल

यो राजनीतिक हत्याकाण्डबाट सिक्नु पर्ने पाठ के हो भने, कुनै पनि राज्य एउटा वर्गले अर्को वर्गमाथि लगाउने अधिनायकत्व हो। राज्यसत्ता सधैंभरी हिंसामा नै टिकेको हुन्छ। शोषित वर्गले आफ्नो राज्यलाई कायम गर्ने हो भने राज्यको त्यो हिंसात्मक चरित्रलाई बुझ्नु पर्छ। र, हिंसाकै बाटोबाट मात्र त्यो राज्यसत्तालाई परिवर्तन गर्न सकिन्छ। यो इतिहाससिद्ध तथ्य हो। यो तथ्यलाई बिर्सिएर ने.क.पा. (एमाले) ले, जुन शान्तिपूर्ण संसदीय प्रतिस्पर्धाको बाटोबाट समाजको क्रान्तिकारी रुपान्तरण गर्न- बहुदलीय जनवादको बाटो लियो, यो हत्याकाण्डबाट त्यो विचारमा ठेस लागेको छ।

प्रतिक्रियावादीहरु क्रान्तिकारी शक्तिलाई शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोबाट अघि बढ्न दिंदै दिंदैनन्- यो पाठ यस घटनाले सिकाएको छ। त्यसैले संसदीय प्रतिस्पर्धाको बाटो र शान्तिपूर्ण संक्रमणको नीतिको लागि दासढुंगा हत्याकाण्ड एउटा ठेस हो। यसबाट ने.क.पा (एमाले) का साथीहरुले पाठ लिनु पर्दछ। अन्यथा, उनीहरुले मात्र होइन, संपूर्ण वामपन्थी शक्तिले क्षति व्यहोर्नु पर्नेछ।

क्रान्तिकारी मार्क्सवाद छोडेर, देशी विदेशी प्रतिक्रियावादसित सामञ्जस्यता कायम गरी अघि बढ्न खोज्ने पार्टीलाई समेत दुस्मनहरुले क्षमा गर्दा रहेनछन् भन्ने कुरा यो घटनाले देखाएको छ। क्रान्तिकारी शक्तिलाई त उनीहरुले सहन्छन् भन्ने कुरै उठ्दैन। त्यसैले, पार्टी संगठनलाई मजबूत, लडाकु र अनुशासित प्रकारको बनाउने काम शुरु गर्नु पर्छ। शत्रुको दमनको प्रतिरोध गर्न नसक्ने, खुकुलो प्रकारको, ढीला-ढाला खुला संगठन बनाउँदै गयौं भने भोलि हामी सबैको हविगत पनि यही नै हुनेछ।

अहिलेको बहुदलीय खुला हावामा पार्टीभित्र गलत, प्रतिक्रियावादी तत्वहरुको घूसपैठको संभावनालाई पूरै नकार्न सकिदैन। तर क्रान्तिकारी शक्तिहरुले सचेत रुपमा यस्ता तत्वहरुको संगठनमा घुस्ने प्रयासलाई रोक्ने काम थाल्नै पर्छ। संगठनमा सबै प्रकारका तत्वलाई समेटेर लैजाने, पार्टीलाई बढी खुला र ढिला-ढाला बनाउने प्रवृत्तिले बढी खतराजनक मोड लिइरहेको वर्तमान स्थितिमा यो हत्याकाण्डबाट सिक्ने पाठ भनेको संगठनलाई बढी अनुशासित र लडाकु बनाउनु पर्छ भन्ने नै हो।

–खगेन्द्र संग्रौला

## भण्डारी–आश्रितको हत्या

# आखिर इतिहासको पाठ के ?

### बलियाले निर्बलियाको हत्या गर्दा छानबीनको परिणाम अक्सर यस्तै हुने गर्छ

दासबुंगाको विभत्स घटनामा मदन भण्डारी र जीवराज आश्रितको देहान्त भएको केही हप्ता भयो । यो लेख छापिएर जनसमक्ष पुगुन्जेलसम्ममा सम्भवत: सम्बन्धित सबै छानबीन आयोगहरुका प्रतिवेदनहरु सार्वजनिक भइसकेका हुनेछन् । घटनास्थलको भौतिक परिस्थिति, गाडीको प्राविधिक स्थिति, प्रत्यक्षदर्शीहरुका बयान, पोष्ट मार्टमको रिपोर्ट, चालकको शंदेहास्पद मानसिकता र उसका पटक-पटकका परस्पर बिरोधी कुराहरुका आधारमा किटानीकासाथ भन्न सकिन्छ - यो घटना एक सुनियोजित षड्यन्त्र हो र भण्डारी-आश्रितको अवसान एक जघन्य हत्या । सबै आयोगहरुले यिनै कुराहरुको इतिवृत्त वर्णनसाथ घटना अस्वाभाविक हो भन्ने कुराको पुष्टि गर्लान् र आ-आफ्ना नरम वा कडा भाषामा षड्यन्त्रका सूत्रधारको सुईंको पाउन नसकिएका कुराको टिप्पणी अघि सार्लान् । राजनीतिमा बलियाले निर्बलियाको हत्या गर्दा छानबीनको परिणाम अक्सर यस्तै हुनेगर्छ । बिरालाकोटी संयोगवश अपराधको सूत्रधार फेला परिहाल्यो भने पनि निर्बलियाका निम्ति त्यो प्रमाण आफैंमा एक अभिशाप बन्छ । निर्बलियासँग न अपराधीलाई पक्राउ गर्ने शस्त्रबल हुन्छ, न मुद्दा चलाउने र सजाय ठेक्ने न्यायालय । आक्रोशित कार्यकर्ता र जनताले कार्वाइको निमित्त गर्नसक्ने कठोर मागसामु नेतृत्व निरीह मूक दर्शक बन्न विवश हुन्छ । बरु वास्तविक अपराधी पत्ता नलाग्नु र सन्देहास्पद अपराधीलाई अमूर्त भाषामा निन्दा गर्न पाउनु नेतृत्वका लागि त्राण बन्न जान्छ । तर त्यो त्राण यति निस्सार हुन्छ, नेता, कार्यकर्ता वा जनताको भविष्यमा हुनसक्ने हत्यालाई रोक्न त्यसले रत्तिभर पनि त्राण दिदैन । तसर्थ, भविष्यमा विगत कालका जस्ता खती र भूलचूकहरुबाट जोगिंदै यस्ता हत्या भइहालेमा हत्यारालाई दण्ड-सजाय गर्नसक्ने जनशक्ति र शस्त्रबलको विकास गर्नका लागि यस षड्यन्त्र र यसले पैदा गरेका प्रतिक्रियाहरुको वस्तुवादी वर्गीय दृष्टिकोणबाट विवेचना गर्नु सान्दर्भिक होला भन्ने मलाई लाग्छ ।

भण्डारी-आश्रितको हत्यापछि मुलुकभरि शोक, संवेदना र पीडाका सहस्र बाढीहरु उर्लेका हामीले देख्यौं । श्रद्धान्जली र समवेदनाका सक्कली र नक्कली व्यहोराहरुको ओइरो लाग्यो । इतिहासको त्यस भावुक क्षणमा नेपाली राजनीतिमा वर्ग भेद र वर्गीय भावना नै नामेट भएको हो कि भन्ने भ्रम समेत पैदाभयो । भण्डारी-आश्रितप्रति चारैदिशाबाट श्रद्धान्जलीको खोलो बग्दा ती श्रद्धान्जलीका पछिल्तिर रहेका आशय र अर्थहरुको पर्वाह नगरी



हामीले गर्व गर्‍यौं - सिंगो र राष्ट्र हामीसित छ, हामी बलवान् छौं - लोकप्रिय, अविजेय र सर्वव्यापक । तर हाम्रो गर्वको यो भावना साहसकासाथ हत्याराको खोजी गर्ने र सन्देहास्पद शत्रुको नाम दुनियाँछेउ किटानी गर्ने कार्यमा सहायक बन्न भने सकेन । हामीले शोकलाई शक्तिमा बदल्ने बाचा त गर्‍यौं तर शोकलाई साँच्ची नै शक्तिमा बदल्नको निम्ति हाम्रा विचार र व्यवहारमा रहेका खोटहरु र लापर्वाहीहरुको समीक्षा गरी तिनलाई सच्याउने र इतिहासबाट सिक्ने कुरातर्फ मनग्गे चासो राखेनौं ।

भण्डारी-आश्रितको अवसानपछिको सत्तासीन र सत्ताहीन पूँजीवादी नायकहरुको रुवाइमा मानव मृत्युप्रतिको सहज प्रतिक्रिया मात्र प्रकट भएको होइन । त्यो त आ-आफ्नो वर्ग स्वार्थको तुलोमा नाफा-घाटाको चुन्दाम हिसाब तौलेर प्रकट गरिएको राजनैतिक प्रतिक्रिया हो । कल्पना गरौं : हिजोसम्म कम्युनिस्टहरुलाई "कुलंगार", "बुँख्याचा", "असभ्य", "अन्तरिम कालभरि साबुन लगाएर धुंदा पनि गाईमा नबदलिएका गधा", "विकास बिरोधी", "अराजकतावादी", "बिध्वंशंकारी" आदि आदि भनी अथक रुपले आरोप लगाउनेहरु र स्वयं भण्डारीलाई "चारौटी स्वास्नी राख्ने फुँडो," "साफाको चार लाख खाने दण्डनीय अपराधी," "दूलाबाट निस्केर तिलस्मी नेता बनेको," "लाल सलाम भनेर टाउका काट्ने गरेको " भनी डुक्रदै सार्वजनिक रुपले भाषण गर्नेहरुले देहान्तपश्चात् उनलाई आफ्नो अनन्य मित्र, बेजोडको राष्ट्रवादी, विरलाकोटी राजनेता, प्रखर र तर्कशील बक्ता, अपरिहार्य नेता किन भनेका हुन् ? मेरा विचारमा यस दोहोरो अभिनयमा पछिल्तिर दुई वटा कारण छन् । पहिलो, सत्तासीन र सत्ताहीन पूँजीवादीहरु पनि वास्तवमा प्रतिष्ठागत पूँजीका गरीब छन् । त्यसैले भण्डारी-आश्रितप्रति उर्लिएको जन-सहानुभूतिलाई आफ्नो स्वाँगे उदारता र तिलस्मी अभिनयद्वारा हत्पत्त पूँजीकृत गर्न तिनले भ्याएसम्म कोशिस गरे । तिनका लागि आफ्नो जनविरोधी र भ्रष्ट स्वरुप तथा असहिष्णु चरित्रमाथि गहुँत र गंगाजल छर्केर जनताको नजरमा केही काल सुकिलो र मुलायम देखिन खोज्ने यो एक सुअवसर थियो । चुतुर, वाचाल र आक्रामक भण्डारीको अवसान भइसकेपछि उनको स्वाँगे प्रशंसा गर्नुमा आखिर के नै पो जोखिम थियो र । दोस्रो कुरा, भण्डारी-आश्रितको संभनामा तिनले त्यो विधि आहत भएको अभिनय गर्नुका पछाडि भण्डारीद्वारा प्रतिपादित "जनताको बहुदलीय जनवाद"- का ती बुँदाहरुको भूमिका हुनुपर्छ जो पूँजीवादीहरुका निम्ति अनुकूल छन् वा कम-से-कम जोखिमरहित छन् । जस्तै सार रुपमा राजतन्त्र सर्वोपरि रहेको पूँजीवादी संसदीय व्यवस्थाप्रतिको प्रबल प्रतिबद्धता, संसदीय निर्वाचनको माध्यमले जनताको जनवाद स्थापना गर्ने अवस्तुवादी परिकल्पना, जनसंघर्षलाई गौण र सत्ताधारी वर्गसितको संवादलाई प्राथमिक महत्व दिने प्रवृत्ति, परम्परागत मार्क्सवादका नाममा →



वर्ग सचेत भई, लौह अनुशासनयुक्त पार्टीमा सुगठित नभएको जनता कुनै भरपर्दो शक्ति होइन

# इण्डोनेशिया: जहाँ लाखौं कम्युनिस्टहरु एकै चिहान पारिए

# विश्वकै तेस्रो ठूलो कम्युनिस्ट पार्टीलाई कसरी स्वाहा पारियो ?

**१९२० मा स्थापित इण्डोनेशियाको कम्युनिस्ट पार्टी १९६५ मा पुग्दा विश्वकै तेस्रो सबैभन्दा ठूलो कम्युनिस्ट पार्टी बनिसकेको थियो । पूरै एशियामा निकै प्रभावशाली र शक्तिशाली मानिएको त्यहाँको कम्युनिस्ट पार्टीलाई १९६५ मा अमेरिकी गुप्तचर संस्था CIA को अगुवाइमा प्रतिक्रियावादीहरुद्वारा खतम पारियो । शत्रुहरुले त्यति शक्तिशाली कम्युनिस्ट पार्टीलाई पनि कसरी ध्वंश गर्न सके ? किन त्यहाँ १० लाख कम्युनिस्टहरुलाई एकै चिहान पार्न संभव भयो ? यो विषय विश्वभरिका क्रान्तिकारीहरुले, कम्युनिस्टहरुले घोत्लिनु पर्ने विषय हो । सि.आइ.ए.कै अगुवाइमा विश्वभरि कम्युनिस्ट नेताहरुको हत्या र गिरफ्तारीको लहर चलिरहेको हालको स्थितिमा प्रस्तुत छ - इण्डोनेशियामा कसरी सि.आइ.ए.बाट विश्वयुद्ध पछिको सबैभन्दा ठूलो नरसंहारको पृष्ठभूमि बन्यो ? प्रस्तुत छ - त्यसको संक्षिप्त ऐतिहासिक विवरण - प्रधान संपादक**

राजेन्द्र महर्जन

## कम्युनिस्ट आन्दोलनको शुरुआत

*हिन्द महासागर र प्रशान्त महासागरको संगम स्थलमा करीव १३०० साना-ठूला टापुहरु मिलेर बनेको देश इण्डोनेशिया करीव १९ करोड जनसंख्या भएको दक्षिण पूर्व एशियाको सबैभन्दा ठूलो मुलुक हो । ईश्लाम धर्मावलम्वीहरुको बाहुल्य रहेको यो व्यापारिक हिसावले महत्वपूर्ण मुलुक १७ औं शताब्दीदेखि पोर्तुगालीहरुको हातबाट व्यापारिक कारणले नै डच अर्थात् नेदरलैण्डको साम्राज्यवादी कब्जामा पर्‍यो । यही बेलादेखि नै यहाँका किसान र सामान्य नागरिकहरुले स्वःस्फूर्त रुपमा औपनिवेशिक शोषणको विरुद्ध संघर्ष गर्दै आए । यही क्रममा सन् १९१३ मा यहाँ सरेकत इश्लाम (ईश्लाम संघ) नाम गरेको संगठन जन्म्यो । यसमा निम्न पूंजीपति र मध्यमवर्गको बाहुल्य थियो र यसको नेतृत्वमा राष्ट्रिय मुक्तिको चेतना भएका प्रगतिशील बुद्धिजीवीहरु थिए ।*

*यही पृष्ठभूमिमा त्यहाँ साम्राज्यवाद अन्तर्गतका सामाजिक जनवादीहरु (Social Democrats) को गतिविधि, त्यहाँ भएको मार्क्सवादी साहित्यको प्रवेश र सबैभन्दा बेसी रुसी अक्टोबर समाजवादी क्रान्ति (१९१७) बाट प्रभावित भएर त्यहाँका केही प्रगतिशील बुद्धिजीवीहरुले सामाजिक जनवादी संघ नामक अर्को राजनीतिक संगठनको पनि स्थापना गरे । पछि रुसमा लेनिनको प्रस्तावमा रुसी सामाजिक जनवादी पार्टी को नाम रुसी कम्युनिस्ट पार्टी मा बदलिएपछि त्यसकै सिको गर्दै मई १९२० मा सामाजिक जनवादी संघ लाई नै इण्डोनेशियाली कम्युनिस्ट पार्टीमा बदल्ने काम गरियो । त्यही वर्ष यो तात्कालीन कम्युनिस्ट इन्टरनेशनलको सदस्य पनि बन्यो । यो पार्टीका शुरु नेता तथा अध्यक्ष थिए - क. सेमेऊन, जो रेल्वे मजदूर युनियनका नेता थिए ।*

*स्थापनाको लगत्तैपछि यो कम्युनिस्ट पार्टी सरेकत इश्लामदेखि लिएर त्यहाँ भर्खरै एक वर्ष अघि स्थापित केन्द्रीय ट्रेड युनियन संघमासम्म प्रभुत्व स्थापना गर्न समर्थ भयो । यसले सीमित संख्यामा रहेका मजदूरहरुलाई संगठित गरेर आन्दोलनमा उतार्न थाल्यो ।*

*तर यान्त्रिक चिन्तन प्रक्रियाले शुरुमै यस पार्टीको नेतृत्वलाई गाँज्यो । त्यसैले यसले रुसको अन्ध नक्कल गर्दै इण्डोनेशियामा पनि तुरुन्तै समाजवादी क्रान्तिको नारा दियो । त्यतिखेरसम्म डच साम्राज्यवाद विरोधी व्यापक राष्ट्रिय-मोर्चाको रुपमा अघि आइरहेको सरेकत ईश्लामलाई राष्ट्रिय मोर्चाकै रुपमा अघि बढाउनु भन्दा त्यसमा जवर्जस्ती एकाधिकार कायम गर्ने जमर्को यसले गर्‍यो । सरेकत इश्लामलाई पनि समाजवादी कार्यक्रम स्वीकार्न बाध्य पार्न यस सरेकत इश्लामले वकालत गरिरहेको राष्ट्रवादलाई साम्राज्यवाद विरोधी संघर्षमा घातक हुने विचार कम्युनिष्ट पार्टीले प्रचारित गर्‍यो ।*

*यी अन्धतापूर्ण क्रियाकलापले गर्दा सरेकत इश्लाम फुट्यो । केन्द्रीय ट्रेड युनियन संघमा पनि फुट आयो । १९२३ मा कम्युनिष्टहरु जति सरेकत ईश्लाम छोड्न बाध्य भए र कम्युनिष्ट विरोधी ईश्लामी नेताहरुले राष्ट्रवादको नारामा आफ्नो प्रभाव फैलाउने काफी मौका पाए । सरेकत इश्लामको ठाउँमा कम्युनिष्टहरुले पहिले लाल सरेकत इश्लाम र पछि सरेकत रैयत (प्रजा मण्डल) स्थापना गरे । जबर्दस्त शक्तिको रुपमा विकसित भइरहेको राष्ट्रिय मुक्ति आन्दोलन यो फुटले गर्दा कमजोर बन्यो । यो फुटको अवसरलाई उपयोग गर्दै स्कूल, किसान आन्दोलन र अरु क्षेत्रमा पनि तीव्र गतिले संगठन विस्तार गरिरहेको कम्युनिस्ट पार्टीमाथि डच साम्राज्यवादले तुरुन्तै तीव्र दमन-चक्र चलायो । देशव्यापी र त्यतिखेरको सबैभन्दा ठूलो रेल्वे हडतालको तयारी गरिरहेको बेला हडताल शुरु हुनुअघि पार्टी नेता क. समेउन गिरफ्तार गरिए र देश निकाला गरिए । हडतालपछि क्रान्तिकारी आन्दोलन र मजदूर आन्दोलन विरोधी, प्रेस स्वतन्त्रता विरोधी कडा कानून बन्यो ।*

*तर प्रतिक्रियावादीहरु कठोर हुँदै आइरहेको बेलामा आफूले सोही अनुरुप रक्षात्मक र आक्रामक तौर तरीकाहरु विकसित गर्नतिर लाग्नु पर्नेमा त्यहाँको कम्युनिस्ट नेतृत्व यस दिशामा सचेत हुन सकेन । उनीहरुले आफ्नो यान्त्रिक चिन्तन प्रक्रिया फेरेनन् । बरु उनीहरुले देशको सबैभन्दा धेरै जनसंख्या किसान हुँदाहुँदै, "किसानहरु निम्न पूंजीवादी संस्कृतिको कारणले समाजवादी क्रान्तिमा भाग लिन सक्दैनन्" भनेर ठोकुवा गरे र आफ्नो संगठनलाई किसानहरुमा फैलनबाट रोके । सरेकत रैयत जस्तो खुकुलो जनमोर्चालाई भंग गर्ने प्रयत्न गरे । तर आफ्नै*





राष्ट्रवादी राष्ट्रपति सुकार्णो

सदस्यहरुको प्रचण्ड विरोधले गर्दा त्यसो गर्न सकेनन् । रुसको अन्धनक्कल गर्दै इण्डोनेशियामा पनि सोभियत सरकार गठन गर्ने माग गरे र परिस्थिति परिपक्व नहुँदै नोभेम्बर १९२६ मा अचानक पश्चिमी जाभामा र जनवरी १९२७ मा पश्चिमी सुमात्रामा सशस्त्र विद्रोह गरे । परिणाममा डच साम्राज्यवादले यति भयानक दमन-चक्र चलायो कि सशस्त्र विद्रोह त विफल भयो भयो, कम्युनिस्ट पार्टी पनि छिन्नभिन्न भयो । कैयन् कम्युनिस्टहरु मारिए र हजारौंलाई पश्चिमी ईरियनको यातना गृहमा थुनियो । ट्रेड यूनियनमाथि प्रतिबन्ध लाग्यो ।

यान्त्रिक चिन्तन प्रक्रिया र त्यसको फलस्वरुप भएको उग्र वाम गल्तीको मोल पार्टीले निकै चर्को मूल्यमा चुकाउनु पऱ्यो । पार्टीलाई यो दमनबाट तंग्रिन अरु १० वर्ष लाग्यो । १९३५ तिर पुगेर मात्र पार्टीको पुनर्निमाण कार्य शुरु भयो, त्यो पनि अत्यन्त भूमिगत र नगण्य रुपमा ।

यी बीचको १० वर्षमा राष्ट्रिय मुक्ति आन्दोलनको प्रक्रिया अघि बढायो -सुकार्णोको १९२७ मा स्थापित इण्डोनेशिया नेशनल पार्टीले । दमन-चक्रमा बचेखुचेका कम्युनिस्टहरु पनि यही पार्टीमा समाहित भए । १९३१ मा यो पार्टीको उत्तराधिकारीको रुपमा इण्डोनेशियाली पार्टी बन्यो । पूंजीपति वर्गको यो पार्टीले एकातिर राष्ट्रिय मुक्ति आन्दोलन चलायो, अर्कोतिर प्रजातान्त्रिक सुधारको आन्दोलन । यस प्रकार यी पार्टीहरु देशभक्त र प्रजातान्त्रिक शक्तिहरुको संयुक्त मोर्चा झैं बने ।

१९४२ मा जापानी साम्राज्यवादले डच साम्राज्यवादलाई इण्डोनेशियाबाट लखेट्यो । तर राष्ट्रिय मुक्ति आन्दोलन भने रोकिएन । भूमिगत गतिविधि मार्फत यो झन तीव्रतर भयो । जापान अधीन इण्डोनेशियाली सशस्त्र सेनासित विद्यार्थी, मजदूर र किसानहरुको सशस्त्र झडप भइरह्यो । भर्खरै तंग्रिन लागेको कम्युनिस्ट पार्टीले सीमित सदस्य संख्या भएपनि सशस्त्र संघर्ष र जन संघर्ष बीच तालमेल मिलाउँदै, मजदूरहरुलाई संगठित गर्दै सुदृढ स्थिति बनायो । तर दुःखको कुरा, जापानीहरुसित सशस्त्र भीडन्त गर्ने क्रममा फेरि थुप्रै कम्युनिस्टहरु मारिए ।

हिरोशिमा र नागाशाकीमा अमेरिकाले एटम बम खसालेपछि इण्डोनेशिया पनि १७ अगस्त १९४५ मा जापानी हडपबाट मुक्त भयो र यसले राष्ट्रिय मुक्तिको सास फेऱ्यो । यसलाई त्यहाँको इतिहासमा अगस्त क्रान्ति भन्ने गरिन्छ ।

नयाँ गणतन्त्रमा राष्ट्रपति भए, राष्ट्रिय पूंजीपतिको प्रतिनिधित्व गर्ने- सुकार्णो । मोहमद हट्टा - इश्लामी कट्टरपन्थी समूह मासुमीको तर्फबाट प्रथम उपराष्ट्रपति बने । देशको सबै भागमा संयुक्त सरकार र स्थानीय सेना स्थापना भयो । सेनालाई पुनर्गठित गरियो ।

## साम्राज्यवादी आक्रमण र मादियोन नरसंहार

तर इण्डोनेशियाको मसला, तेल, कफी, चिनी र खनिज भण्डारको स्वाद चाखिसकेको हलैण्ड र ब्रिटिश साम्राज्यवादको निम्ति यो राष्ट्रिय-मुक्ति पचेन । जापानीहरुलाई निशस्त्र पार्ने निहुँमा उनीहरु सेप्टेम्बर १९४५ मै जाभामा बलपूर्वक पसेर कब्जा जमाए । सम्पूर्ण देशभक्त शक्तिहरु एकजूट भएर - एउटा राष्ट्रिय सेना निर्माण गरेर यसको सशक्त प्रतिरोध भयो । यो प्रतिरोधको फलस्वरुप हलैण्ड नोभेम्बर १९४५ मा ब्रिटिशहरुको मध्यस्थतामा लिंगजाति संझौताद्वारा इण्डोनेशियालाई सीमित स्वाधीनता दिन बाध्य भयो ।

यसपछि कम्युनिस्ट पार्टी माथिको प्रतिबन्ध हटे पनि इण्डोनेशियाली कम्युनिस्ट पार्टीको केन्द्रीय समितिले आफूलाई भूमिगत नै राखीछोड्ने निर्णय गऱ्यो । आफ्नो काम उसले अमीर शरीफुद्दीनको समाजवादी पार्टी र भर्खरै प्रवासबाट फर्केका कम्युनिस्ट नेता सत्यजीतको मजदूर पार्टी मार्फत् गर्ने कार्यशैली अप्नायो । ट्रेड यूनियन संगठनलाई र किसान संगठनलाई फेरि व्यापक रुपमा विस्तार गरियो । कम्युनिस्ट गतिविधि काफी बृद्धि भएपछि जुन १९४७ मा समाजवादी पार्टीका अमीर शरीफुद्दीनको नेतृत्वमा प्रजातन्त्रवादीको बहुमत र कम्युनिस्टहरु पनि समाविष्ट भएको नयाँ सरकार बन्यो ।

तर जुलाई १९४७ मै फेरि हलैण्ड र ब्रिटिश साम्राज्यवादीहरुले इण्डोनेशियामा ठूलो आक्रमण गरे र यसको पनि डटेर प्रतिरोध भयो । त्यसपछि "रैनबील संझौता" सम्पन्न भयो । यो संझौतापछि मुश्लिम कट्टरपन्थी मासूमी पार्टी र अन्य प्रतिगामी पार्टीहरुले अमीर सरीफुद्दीनलाई सत्ताबाट हट्न बाध्य पारे र त्यसको ठाउँमा मुश्लिम कट्टरपन्थी उपराष्ट्रपति हट्टाको नेतृत्वमा मासूमी पार्टीको बाहुल्य भएको सरकार बन्यो । यो सरकारबाट इण्डोनेशियाली क.पा.ले स्वइच्छाले हट्ने निर्णय गऱ्यो । यो निर्णयले महमद हट्टाले नेतृत्व गरेको प्रतिक्रियावादी पूंजीपति वर्गको सरकारलाई एकलौटी मनपरी गर्ने अवसर प्राप्त भयो ।

हट्टा सरकारले साम्राज्यवादीहरुको दलाली गर्ने र कम्युनिस्टहरु विरुद्ध दमन गर्ने नीति अंगाल्यो । कम्युनिस्ट पार्टीले पनि मजदूरहरुलाई सशस्त्र रुपमा संगठित गर्न थाल्यो । सशस्त्र मजदूर शक्ति हट्टा सरकारको निम्ति ठूलो अवरोधको रुपमा देखा पऱ्यो ।

## कम्युनिष्ट आन्दोलन पुनः शक्तिशाली बन्यो

यो अन्तरविरोध चर्किरहेको बेला वर्षौंसम्म प्रवासमा बसेका कम्युनिस्ट नेता क. मूसोको नेतृत्वमा भएको इण्डोनेशियाली कम्युनिष्ट पार्टी (इ.क.पा.) को सम्मेलनले "इण्डोनेशिया गणराज्यको निम्ति नयाँ बाटो" नामको प्रस्ताव पारित गऱ्यो । त्यसले एकातिर मजदूर वर्गको नेतृत्वमा संयुक्त राष्ट्रिय मोर्चाको कार्यनीति अघि साऱ्यो । अर्कातिर, अमीर शरीफुद्दीनको समाजवादी पार्टी र सत्यजीतको मजदूर पार्टीलाई एकीकृत गरी एउटा सशक्त इण्डोनेशियाली क.पा. को निर्माण गर्ने निर्णय गऱ्यो ।

यो कार्यले इण्डोनेशियामा कम्युनिस्ट पार्टी फेरि छिट्टै निकै शक्तिशाली बन्यो । प्रतिक्रियावादी पूंजीपति वर्गको हट्टा सरकार र पश्चिमेली साम्राज्यवाद यो वास्तविकताबाट निकै आत्तियो । उसले दमनको निम्ति फेरि एउटा षड्यन्त्र रच्यो - केही सैनिकहरुलाई लगाएर सैनिक विद्रोह गरेको नाटक रच्न लगाउने र त्यही निहुँमा कम्युनिस्टहरुमाथि दमन गर्ने ।

१९४८ सेप्टेम्बर-अक्टोबरमा मादियोनमा दमनको विरुद्ध सशस्त्र मुठभेद र देशमा गृहयुद्धको स्थिति तयार भयो । यो दमनको क्रममा कम्युनिस्ट नेता क. मूसो, शरीफुद्दीन र सत्यजीत तथा असंख्य कार्यकर्ताहरु मारिए । "मादियोन नरसंहार" को नामले प्रशिद्ध यो दमन-चक्रपछि क.पा. फेरि अर्द्ध-वैध भयो ।

गृह युद्धको मौका पारेर डच साम्राज्यवादले केही समयसम्म इण्डोनेशियालाई आफ्नो बूटमुनि त राख्यो । तर सशक्त जन प्रतिरोधको सामुन्ने त्यसको केही लागेन । अन्ततः २ नोभेम्बर १९४९ मा एउटा गोलमेच सम्मेलनपछि यो साम्राज्यवाद यसको प्रभुसत्ता र स्वाधीनता स्वीकार्न बाध्य भयो । त्यहाँ अगस्त १९५० पछि अब हट्टाको ठाउँमा सुकार्णोको पूँजीवादी सरकार स्थापना भयो र त्यसले राजनैतिक र आर्थिक सुधारहरु गर्न शुरु गऱ्यो । यो स्वतन्त्रताको उपयोग गरेर इ.क.पा.ले पनि आफ्नो किसान र मजदूर संगठनलाई सुदृढ पार्न शुरु गऱ्यो । १९५१ को शुरुमा राजनीतिक संघर्षमा केही सफलता पनि हासिल गऱ्यो ।

नाजीमाथि सोभियत संघको विजय, पूर्वी यूरोप र चीन लगायत एशियाका विभिन्न मुलुकमा क्रान्तिको सफलताको एउटा अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति तयार भइरहेको थियो । यता देशमा प्रतिक्रियावादी पार्टीहरुमा भएको फुटले राष्ट्रिय परिस्थिति पनि अनुकूल भइरहेको थियो । यो मौकामा इ.क.पा.ले १९५१ मा एउटा क्रान्तिको खाका तयार गऱ्यो । मजदूर वर्गको नेतृत्वमा, किसान समुदायको आधारमा, निम्न पूँजीपति वर्ग र राष्ट्रिय पूँजीपति वर्गको सहायतामा सामन्तवाद र साम्राज्यवाद विरोधी नयाँ जनवादी क्रान्ति गर्ने खाका नै त्यतिखेरको क्रान्तिको खाका थियो ।



अमरिकी राष्ट्रपति निक्सनसंगै सुहार्तो



...ाम्राज्यवादीहरुको
...ठनात्मक रुपले
नेतृत्वले यो
...हीन बनाउन
संगठनमा
...र्चिनको
...मा बेसी
चाले । तर

## ... नर-संहार

यो नर-संहार कार्य गर्नको लागि प्रतिकृयावादीहरुले ठूलो नाटक रचेका थिए । सबभन्दा पहिले सुकार्णोको स्वास्थ्य हेरिरहेका डाक्टरहरुले यो रिपोर्ट प्रचारमा ल्याए कि सुकार्णोको मृगौलाको स्थिति बिग्रँदैछ ।

त्यसपछि सेप्टेम्बर ३०,१९६५ को राति मध्यम दर्जाका सैनिक अफिसरहरु-ले.क उन्तुङ्ग र क.लतीयेफको अगुवाईमा उच्च दर्जाका ६ जना भन्दा बढी सैनिक जनरलहरुलाई र सेनाका अफिसरलाई आफ्नो घरबाट अपहरण गरियो । अक्टोवर १ को दिन रेडियो मार्फत बताइयो कि- यी जनरलहरुले अक्टोवर ५ को सैनिक दिवसको दिन- सुकार्णोलाई अपदस्थ गरेर सत्ता आफ्नो हातमा लिंदै थिए । अपहरित जनरलहरुलाई मारियो

त्यसैले, सुकार्णोलाई सत्ताच्युत हुनबाट बचाउन अमेरिकी गुप्तचर संस्था CIA सित मिलेर उनीहरुले यो कदम चालेका हुन् भनी प्रचार गरियो । त्यही दिन इण्डोनेशियाको रेडियो स्टेशन पनि ती



नरसंहार र जेल यातना जारी

सैनिक अधिकृतहरुले कब्जामा लिए । ४५ जनाको एउटा क्रान्तिकारी परिषद् गठन भएको घोषणा गरियो । त्यही दिन जनरल सुहार्तो (*Strategic Army Reserve Command* का कमाण्डर) रक्षामन्त्री नाशुशन यो घटनाक्रमलाई आफ्नो स्वार्थ अनुरुप प्रयोग गर्न सफल भए अपहरित जनरलहरुलाई- मारिएका विभत्स फोटोहरु पत्रिका र टेलिभिजनमा देखाइयो । सैनिक र CIA को प्रचार यन्त्र मार्फत व्यापक रुपमा के भ्रमात्मक प्रचारगरियो भने -ती जनरलहरुलाई मार्ने र सैनिक विद्रोह गर्न खोज्नेहरु वास्तवमा कम्युनिष्टहरु हुन ।

त्यस निहुँमा अब एक एक गरी कम्युनिष्टहरु मार्न शुरु गरियो ।

एम्नेष्टी इण्टरनेशनलको रिपोर्ट, १९७७ का अनुसार यो कम्युनिष्ट-दमन अभियानमा जम्माजम्मी १० लाख भन्दा बेसी मानिसहरु मारिए । मध्य र पूर्वी जाभामा मात्र ८ लाख कम्युनिष्ट मारिए । वाली र सुमात्रामा पात्र १ लाख मारिए । ७ मार्च, १९६६ मा र इ.क.पा.महासचिव इदियास र ७ जना पोलिटव्यूरो सदस्य र ले.क. उन्टुङ्गलाई मुत्युदण्ड दिइयो ।

१९७७ सम्ममा ५५ हजार देखि १ लाख मानिसहरु बिना कुनै सुनुवाई-जेलमा राखिए । ७ लाख ५० हजार राजवन्दीहरुलाई विनाकुनै आरोप पक्राउ गरियो । १९६५ देखि १९६९ सम्ममा इ.क.पा.को सम्पूर्ण संगठन ध्वस्त नष्ट पारियो । मार्च १९६६ मा सुकार्णोलाई आफ्नो सारा अधिकार सुहार्तोलाई सुम्पन्न बाध्य पारियो । १९६७ मा सुहार्तो कायम मुकायम राष्ट्रपति भए ।

सि.आई.एको अगुवाइमा भएको यो कम्युनिष्ट- हत्या काण्ड दोश्रो विश्व युद्ध पछिको सवै भन्दा ठूलो नर- संहार थियो ।

कम्युनिष्ट मुलुकमा २-४ सय मानिस मारिंदा विश्वव्यापी रुपमा हल्ला गर्ने र मानव अधिकारको सवाल उठाउने अमेरिका यो १० लाखको नर-संहारलाई कुन मानव अधिकारको कोटिमा राख्छ ? यो प्रश्न अमेरीकालाई सारा विश्वले सोध्नु पर्ने प्रश्न भएको छ ।

इण्डोनेशियामा भएको यो घटनाबाट विश्वका सम्पूर्ण कम्युनिष्टहरुले पाठ सिक्न जरुरी छ । सुधारवादी दिशामा विचार विचलन गर्दैमा र विचार उदार बनाउँदैमा पूँजीवादी साम्राज्यवादीहरु कम्युनिष्टहरुलाई स्वाहा पार्ने कुनै पनि मौका छोड्दैनन् ।

कम्युनिष्ट पार्टीलाई र यसको अनुशासनलाई खुकुलो र उदार बनाउनु भनेको- इण्डोनेशियाको घटना दोहऱ्याउन दिनको लागि शत्रुलाई स्वागतद्वार खोलिदिनु सरह हो । र, शान्तिपूर्ण संसदीय बाटोबाट साम्यवादतर्फको यात्रा सम्भव छैन ।

यीनै सारै महँगा मुख्य पाठहरु हुन्, जो संसारभरिका कम्युनिष्टहरुले इण्डोनेशियाबाट सिक्नु जरुरी छ । ●

*अरु सन्दर्भ: आगामी अङ्कमा*


नसुर्ताउनुहोस !

बलियो, टीकाऊ र स्तरीय
टायरहरुका लागि
अब विदेशको मुख ताक्नु पर्ने दिनहरु गए ।



स्वदेशी श्रम, पूंजी र सीपबाटै
अब नेपालमा
उच्च स्तरीय टायरहरुको उत्पादन प्रारम्भ
भइसकेको छ ।
जुनसुकै सवारी साधन र सडक स्थितिका लागि
भरपर्दो, टिकाऊ र अन्तर्राष्ट्रिय गुणस्तरको
नेपाली टायरहरु प्रयोग गरी निर्धक्क हुनुहोस् ।

स्वदेश भनौं
स्वदेशी
प्रयोग गरौं ।

गोरखकाली रबर उद्योग लिमिटेड



# सोभियत संघ र पूर्वी युरोपमा समाजवाद किन ढल्यो ?

## भा.क.पा. (माले) का नेता क. विनोद मिश्रसंग अन्तर्वार्ता



**क.विनोद मिश्र (महासचिव, भा.क.पा., माले) गएको माघमा - ने.क.पा. (एमाले) को महाधिवेशनमा नेपाल आउनु भएको थियो । नक्सालवाडी आन्दोलनको पृष्ठभूमिबाट आउनु भएका क. बिनोद मिश्रको कम्युनिष्ट पार्टी - भा. क. पा. (मा.ले) भारतमा, खासगरी यसको उत्तरी राज्यहरुमा, निकै चर्चित पार्टी हो । पहिले यसको उग्र क्रान्तिकारी गतिविधिको कारणले चर्चित यो पार्टीले अहिले केही समयअघि आफ्नो महाधिवेशनमा आफूलाई भूमिगतबाट खुला रुपमा घोषणा गरेको छ । यो पार्टीले कसरी सोचिरहेको छ त -सोभियत संघ र पूर्वी यूरोपमा समाजवादको विफलताको कारणबारे र त्यसबाट सिक्नु पर्ने पाठहरुबारे यही जिज्ञासा मेट्न- हाम्रा प्रधान संपादकले उहाँसित विस्तृत अन्तर्वार्ता लिनु भएको थियो । प्रस्तुत छ- हिन्दीमा लिइएको त्यस अन्तवार्ताको सम्पादित नेपाली अनुवाद -'मूल्यांकन'**



*हामीलाई के लाग्छ भने- ती देशमा जुन समाजवादी व्यवस्था थियो, त्यसमा* Rigidity *थियो, अर्थात लचकता थिएन । योजनामा, अर्थतन्त्रमा एक किसिमको* Rigidity *थियो । दोस्रो विश्व युद्ध पछिको बदलिंदो परिस्थितिमा जुन आर्थिक सुधारको जरुरत थियो, त्यो सुधार हुन पाएन । यो एउटा अधारभूत कारण हो ।*

*बाह्य रुपमा त्यो मुलुकले आफूलाई महाशक्तिको रुपमा खडा गर्‍यो । यो दौरानमा यो NATO सैनिक गठबन्धनसित स्थायी संघर्षमा फँस्न पुग्यो । पूर्वी युरोपमा पनि यसको संबन्ध अप्राकृतिक हुन पुग्यो । सैनिक विस्तारमा नै यो झन् झन् फँस्दै गयो । यो दोस्रो कारण हो । यो बाह्य आधारभूत कारण हो ।*

**० उनीहरुले बदलिंदो परिस्थिति अनुरुप आफूलाई किन लचकदार बनाउन सकेनन् त, जस्तो कि तपाईंले भन्नुभयो ? द्वन्दवादले त मानिसलाई स्थितिसितै गतिशीत हुन सिकाउँछ ।**

*- किन लचकदार बनाउन सकेनन् भन्ने कुरासित धेरै कुरा जोडिएको हुन्छ । एउटा निश्चित ढाँचा हुन्छ, त्यसले हरहमेशा आफूलाई सुधार गर्न नै सक्छ, लच्किलो बनाउन नै सक्छ- यो हमेशा संभव हुँदोरहेनछ । स्तालिन आफै नै अधिभूतवादको शिकार हुनु भयो । पछि खुश्चोभ र गोर्बाचोभले त्यसमा सुधार गर्ने प्रयत्न गरे, तर उनीहरुले त्यो विसर्जनवादी जगमा सुधार गर्ने प्रयत्न गरे ।*

*यसरी इतिहासमा धुप्रै कुरा हुनु पर्ने हुन्छ तर हुन पाउँदैन । जे हुन पाउँदैन त्यो ऐतिहासिक पाठ हुन्छ, अरु देशको लागि र भविष्यको लागि । त्यसैले, द्वन्दवादले यो भन्दैन कि इतिहास सधैं सिधा बाटो मात्र हिंड्छ । इतिहासमा उतार-चढावहरु हुन्छन्, गल्तीहरु हुन्छन् । यस्तो भएको भए राम्रो हुन्थ्यो, यस्तो अड्कलबाजीमा लागेर केही फाइदा छैन । के हुन सकेन- त्यसबाट हामीले सिकौं र भविष्यमा ती गल्ती नदोहोर्‍याउँ ।*

**० ख्रुश्चोभ जस्तो व्यक्ति चाहिं सत्तामा किन आउन सक्यो त, मार्क्सवादी लेनिनवादी पार्टीबाट ? यसको कारण के ठान्नु हुन्छ ?**

*- पार्टीभित्र चिन्तन- जगतमा जडता आयो । त्यहाँ अधिभूतवाद हावी भयो । त्यो परिस्थितिमा त्यहाँ यस्ता मानिस त हावी हुन्छन् नै । षडयन्त्र, धोखाधडी-यसरी खुश्चोभ सत्तामा आयो, हामी यसरी हेर्दैनौं । खुश्चोभको उत्पत्तिको पछाडि पनि निश्चित कारणहरु छन् । पार्टीभित्र यस्तो जडता थियो कि त्यो जडतामा मानिसहरु उदारवाद चाहिरहेका थिए । यस्तो परिस्थिति भनेको खुश्चोभ जस्तो व्यक्ति सत्तासीन हुनका लागि मलिलो माटो हो । खुश्चोभ, त्यसैले त्यतिखेर विद्यमान ऐतिहासिक परिस्थितिको उपज हो ।*

**० त्यो ऐतिहासिक परिस्थितिमा मुख्य दोष के थियो, जसले गर्दा यस्तो दुर्घटना घट्यो ?**

*- एउटा कडीकडाउ ढाँचा जुन त्यहाँ थियो, त्यसले एक समयमा रुसमा अभूतपूर्व प्रगति गर्‍यो । तर परिवर्तित परिस्थितिमा त्यही ढाँचा उपयोगी भएन । दोस्रो विश्वयुद्ध पछि त्यहाँको अर्थतन्त्रलाई बेग्लै ढंगबाट लानु जरुरी थियो । संसारमा त्यसपछि पश्चिमी देशहरु वैज्ञानिक र प्राविधिक क्रान्तिको प्रक्रिया भएर गुज्रिरहेका थिए । दोस्रो विश्व युद्ध पछि पूँजीवादले धुप्रो कुरा सिक्यो, समाजवादबाट । योजना सिक्यो । अर्थतन्त्रमा सार्वजनिक क्षेत्र सिक्यो । यसरी उसले धुप्रो सुधारहरु गर्‍यो । पूँजीवाद यसरी फेरि एकचोटि पुनर्जीवित भयो । समाजवादी खेमामा पनि बदलिंदो परिस्थिति अनुरुप आफ्नो आर्थिक ढाँचामा सुधार गर्नु जरुरी थियो । तर त्यस्तो सुधार हुन पाएन । यस्तो हुन नपाउनुको पछाडि पनि एउटा ठूलो कारण छ । त्यो ठूलो कारण के हो भने- रुसको जुन महाशक्ति हुने दौड थियो, त्यसले ठूलो स्रोत साधन सैनिक क्षेत्रमा खर्च गर्न बाध्य पारिरहेको थियो, NATO को विरुद्ध । तर वास्तविक जीवनमा त जुन कडीकडाउ ढाँचा थियो, त्यसले धेरै दिन काम गर्नेवाला थिएन । वास्तविक जीवनमा जनताहरु त्यसबाट छुटकारा चाहिरहेका थिए । त्यो चाहना अनुरुप, बिस्तारै बिस्तारै, नियन्त्रित ढंगबाट सचेत-सुधार गर्नु जरुरी थियो । त्यो सुधार नगेरपछि त्यो सुधार अर्कै ढंगबाट भयो, त्यस्तो हुनु स्वाभाविक थियो । त्यस्तो हुने परिस्थिति तयार भइसकेको थियो ।*

*स्टालिन जबसम्म जीवित हुनुहुन्थ्यो, उहाँले यस्तो हुन दिनु भएन । स्टालिनको मुत्यु पछि बिर्को खोलियो । नेतृत्वमा फाटो शुरु भयो । अब कडीकडाउ ढाँचाबाट छुटकारा समयको माग बन्यो । खुश्चोभले-सुधारको नारा लगाए । ब्रेझनेभले फेरि उस्तै कडीकडाउ ढाँचा कायम गर्न प्रयत्न गरे । अर्थतन्त्रमा, योजनामा फेरि कडीकडाउपन भयो । महाशक्ति बन्ने दौड फेरि शुरु भयो । तर सोभियत व्यवस्थाले यो सबै सम्हाल्न सकिरहेको*

थिएन । सोभियत व्यवस्थाभित्र निकै जवर्जस्त संकट पैदा भइरहेको थियो । गोर्वाचोभले त्यतिखेर एकदमै ठीक भनेका हुन् कि- सोभियत संघ अहिले संकटपूर्वको स्थितिमा छ । सुधार समयको आवश्यकता भएको थियो । गोर्वाचोभले त्यही समयको माग समातेर सुधारहरु गरे ।

इतिहासमा यस्तै हुन्छ । एउटा आर्थिक नीति एक समयमा राम्रो हुन्छ । एक समय पछि त्यही आर्थिक नीति एउटा अर्को अतिको स्थितिमा पुग्छ । सामाजिक दवाव सिर्जना हुन्छ, त्यसलाई परिबर्तन गर्नको लागि । एउटै आर्थिक नीतिमा सधैंभरि एउटा देश अघि बढिरहन्छ-इतिहासमा यस्तो हुदैन । कुनै पनि आर्थिक नीति सधैंको लागि उपयुक्त हुदैन किनकि एउटा देशको आर्थिक नीति संसारको आर्थिक नीतिसित जोडिएको हुन्छ । संसारको आर्थिक स्थिति बदलिएपछि त्यो देशको आर्थिक नीति पनि बदल्नु जरुरी हुनजान्छ । एउटा कम्युनिष्ट पार्टी चाहन्छ भने सचेत रुपले, नियन्त्रित रुपले, योजनावद्ध रुपले त्यस्तो आर्थिक नीतिमा समयानुकूल परिवर्तन ल्याउन सक्छ । यदि त्यसले ल्याउन्न भने त्यो दुर्घटनाको प्रक्रिया भएर परिवर्तित हुन्छ । यो ऐतिहासिक प्रक्रिया हो, यसलाई कसले रोक्न सक्छ ?

यदि कुनै आर्थिक व्यवस्थामा जनताको जीवन यापन संभव रहन जाँदैन भने त्यसको पतन अनिवार्य छ । कुनै पनि राजनीतिक व्यवस्थाको पतनको पछाडि पनि यही जीवन यापनको निम्ति असंभव आर्थिक व्यवस्था मूल कारणको रुपमा रहेको हुन्छ । हामी मार्क्सवादी हौं । कुनै पनि समाजको परिवर्तनको पछाडिको कारण खोतल्ने हो भने हामीले त्यसको आर्थिक कारणकै खोजी


तर रुसमा समाजवादीहरु सक्रिय नै छन्

गर्नु पर्दछ । इतिहासमा तपाई हेर्नुहोस्- आर्थिक व्यवस्थाले जीवन धान्न संभव पार्छ भने, त्यहाँका शासकहरु जनताबाट कट्दा पनि, भ्रष्ट हुँदा पनि विरोधहरु भएका छन्, आन्दोलन भएका छन् तर व्यवस्था नै ढलीहाल्दैन । जब कुनै व्यवस्थामा जनताको आर्थिक विकास संभव हुँदैन, तब मात्रै यसरी व्यवस्था ढल्दछ । त्यसैले, मूल दोषहरु त यिनै हुन् ।

**० समाजवादी व्यवस्थाको अन्तको यो घटनाबाट के पाठ सिक्नु जरुरी छ ?**

- एउटा पाठ के हो भने, मार्क्सवाद एउटा जीवन्त, गतिशील दर्शन हो । यसलाई यही ढंगबाटै ग्रहण गर्नु पर्छ । जहाँ सत्तासीन कम्युनिष्ट पार्टीहरु भए, त्यहाँ यो जीवन्त र गतिशील दर्शनलाई मृत दर्शनको रुपमा बदल्ने कार्य भयो । यसको लागि हामी मुख्य गरी स्टालिनलाई दोषी ठहऱ्याउँछौं । उहाँले मार्क्सवादको जीवन्तता र गतिशीलतालाई केही सूत्रहरुमा सीमित पारिदिनु भयो । मार्क्सवाद यसबाट मृत ढुंगामा बदलियो । त्यसैले अहिले सामाजवादको पतनबाट सिक्नु पर्ने सवैभन्दा महत्वपूर्ण पाठ के हो भने- मार्क्सवादको जुन क्रान्तिकारी, गतिशील र जीवन्त स्पीरिट छ, त्यसलाई फेरि पुनर्जीवित पार्नुपर्छ ।

**० समाजवाद ढल्नुमा जनताको विचारधारा र संस्कृतिको स्तरमा ह्रासको समस्यालाई तपाईंले समस्याको रुपमा देख्नु भएको छैन ? त्यस ह्रासबाट बच्न समाजवादको पतनबाट पाठको रुपमा- विचारधारा र संस्कृतिको क्षेत्रमा पनि क्रान्ति गर्नुपर्ने आवश्यकतालाई तपाईंले कसरी हेर्नु भएको छ ?**

- त्यो आवश्यकता त छ नै । तर त्यो विचारधारा र सांस्कृतिक आन्दोलनको निर्देशक तत्व के हुन्छ, यो यसैमा भर पर्छ । त्यो निर्देशक तत्व त जीवन्त र गतिशील मार्क्सवाद नै हुनु पर्छ । नत्र वुर्जुवा विचारधारा र संस्कृतिको तहमा त विचारधारात्मक र सांस्कृतिक आन्दोलन त भई नै रहेको छ नि । अहिले सोभियत संघको जुन पतन भयो, त्यसमा सारा वौद्धिक वर्ग वुर्जुवा स्वतन्त्रता र उदारताका कुरा लिएर आन्दोलनमा उत्रे । उनीहरुले पूँजीवादी विचारधारा र सांस्कृतिक आन्दोलन त चलाए नै । तपाई त्यसको विरुद्धमा आन्दोलन चलाउन चाहनुहुन्छ भने- त्यसको नेतृत्वदायी स्पीरिट त जीवन्त र गतिशील मार्क्सवाद नै हुनुपर्छ । यो विना विचारधारात्मक र सांस्कृतिक आन्दोलन कसरी चल्न सक्छ ?
तर के बुझ्न पर्दछ भने- यो आन्दोलन चलाइनु निकै कठीन कार्य हो । ●





# के नेपालमा "जसको जोत : उसको पोत"को नारा उपयुक्त हुन सक्छ ?

– श्याम श्रेष्ठ

नेपाल एउटा यस्तो देश हो, जहाँ ८१ प्रतिशशत मानिसको मूल पेशा अझ पनि खेती नै छ। कुल घरेलु उत्पादनको ५८ प्रतिशत कृषि क्षेत्रबाटै प्राप्त हुन्छ। यस हिसावले, अझै पनि नेपालको आमूल परिवर्तनको मूल समस्या जमीन र कृषि क्षेत्रसंगै सम्बन्धित छ।

यो क्षेत्रमा भूस्वामित्वको स्थिति के छ ? कस्ता खालका किसानहरुको अनुपात कति छ ? भूजोतको वास्तविकता के छ ? भूस्वामित्वको हिसावबाट किसानहरुको मूल समस्या के भइरहेछ ? यी सवालहरु नेपालको आमूल परिवर्तनको निम्ति अत्यत महत्वपूर्ण छन्।

हामी नेपालमा यी सवालहरुको मुख्य हलको रुपमा "जसको जोत उसको पोत" को नारा दिईरहेछौं। के यो तथ्य-तथ्यांकसित मेल खान्छ ? नेपालका उपलब्ध तथ्य- तथ्यांकहरूले के देखाउँछन् ? यसबारे त्यती गहन अध्ययन अनुसान्धन भईसकेको छैन। तर नेपालको आमूल परिवर्तनको मूल समस्या सही तवरले हल गर्ने हो भने यी प्रश्नहरु उपर खोजीनीति थाल्नु नितान्त जरुरी भएको छ। यसको निम्ति संगठित र सामूहिक प्रयत्न जरुरी छ।

यही खोजीनीतिको एउटा प्रयासको रुपमा यो लेख प्रस्तुत गरिएको छ। यो लेख सरकारी तथ्य-तथ्यांकमा मात्रै बढी जसो आधारित छ। अरु क्षेत्रमा यति तथ्य- तथ्यांक पनि नहुनाले यो तथ्यांकमा भर पर्नु परेको हो, यद्यपि सरकारी तथ्य तथ्यांक त्यति भरोसिला छैनन् भनेर आम रुपमा विश्वास गरिन्छ।

त्यसैले, यो खोज अनुसान्धनको शुरुवात मात्र हो। यो शुरुवात स्वयम् समस्याको समाधान नहुन सक्छ। तर यसले समस्याको समाधान खोज्न उत्प्रेरित मात्र पनि गर्न सक्यो भने यो ठूलो उपलब्धि मान्नु पर्छ। किनकि, जब जिज्ञाषा जाग्छ र खोजि शुरु हुन्छ, अनि मात्र सत्य भेटिने संभावना पैदा हुन्छ। हामी आगामी अंकमा पनि नेपालको भूमि समस्याबारे थप खोजमूलक कुराहरु दिन प्रयत्नरत रहने छौं।

– कार्यकारी संपादक

*हामीले नेपालमा किसानहरुको मूल मागको रुपमा "जसको जोत-उसको पोत"को माग अघि सार्दै आएका छौं। के यो नै नेपालको किसान आन्दोलनको अहिलेको मूल माग हुन सक्छ ? के तथ्य-तथ्यांकहरुले यो मागको वस्तुगततालाई पुष्टि गर्छन् ? नेपालमा किसानहरुको समस्याको वास्तविक हल खोज्ने कुनै पनि जिम्मेवार सामाजिक शक्तिको लागि यी निकै महत्वपूर्ण सवालहरु हुन्।*

*नेपालमा अहिलेसम्म पनि भरपर्दो तथ्य तथ्याङ्कहरुको अभाव छ। हामीहरु कसैले पनि समाजको प्रत्येक क्षेत्रमा गएर भरपर्दा तथ्यांकहरु संकलन गर्न सकिरहेका छैनौं। हामीसित अहिले उपलब्ध भनेको केही सरकारी र केही गैर-सरकारी तथ्यांकहरु हुन्। ती कति वैज्ञानिक तवरबाट लिइएका छन् ? -प्रश्न उठाउने प्रशस्त ठाउँ छ। तर हाल हामीसित त्यो भन्दा भरपर्दा अर्को वैकल्पिक तथ्य-तथ्यांकहरु पनि छैनन्। त्यसैले जिम्मेवारपूर्ण र भर पर्न सकिने तथ्यहरुको संकलनको लागि पहल गर्नु प्रत्येक जिम्मेवारपूर्ण सामाजिक शक्तिको लागि एउटा प्रमुख दायित्व भएको छ। त्यो विना तथ्यबाट सत्य निकाल्न संभव हुने छैन।*

*तथापि कुनै पनि अनुसन्धानको पहिलो विधि हो-जे तम्तयारी तथ्य-तथ्यांकहरु छन्, पहिले तिनीहरुको नै अध्ययन-विश्लेषण गर्नु, तिनीहरुमा जे नपुग, गलत वा अभरपर्दो लाग्छ, त्यसको लागि फेरि अनुसन्धान गर्नु, ता कि एउटाले आविष्कार गरिसकेको "पांग्रा" फेरि अर्कोले मिहेनत गरेर आविष्कार गर्नमा समय खेर फाल्न नपरोस्। यही कारणले हामी अहिले उपलब्ध भू-जोतसम्बन्धी सरकारी, गैर-सरकारी तथ्य-तथ्यांकहरुको आधारमा नेपालको किसानको मूल समस्या के हो, त्यसकोवारे केही अध्ययन गर्न लागिरहेछौं। म पहिले नै के स्पष्ट पार्न चाहन्छु भने, भरपर्दा तथ्यांकहरुको दरिद्रता भएको हालको स्थितिमा यसबाट निस्कने निष्कर्षले भूमि समस्या सम्बन्धमा वाद विवादको अन्त गर्ने छैन, त्यसको सट्टा यसले वादविवादको थालनी गर्ने वैचारिक मसला मात्र दिने छ। हाल विश्वास गरिआएको एउटा प्रस्थापनालाई विना आधार आँखा चिम्लेर स्वीकार गर्नुको सट्टा त्यो कतिको सही र यथार्थसम्मत छ भनेर यसका आधारमा खोजि र पुनर्विचार गर्ने आवश्यकता मात्र पैदा गर्न सक्यो भने- यो लेखको मुख्य लक्ष्य हासिल हुनेछ।*

## २०१८ सालमा भू जोतको स्थिति

*सबभन्दा पहिले जाउँ २०१८ सालको भू-जोत सम्बन्धी तथ्यांकमा, जतिखेर नेपालमा "भूमि सुधार" भईसकेको थिएन। यो समयमा नेपालको भू-स्वाभित्वको स्थिति के थियो ? भूमि समस्या के थियो ? त्यो कुरा यो तथ्यांकले केही हदसम्म देखाउँछ :*

१ प्रतिशतभन्दा कम रहेका जमिन्दारहरुको हातमा १३% जमीन

५० प्रतिशतभन्दा बढी रहेका किसान परिवारको हातमा ७% मात्र जमीन (२०३८ यता)

### २०१८ सालमा भू-जोतको स्थिति

| जोतको आकार हेक्टरमा | परिवार संख्या | कुल किसान परिवारको प्रतिशत | उनीहरुले ओगटेको क्षेत्रफलको प्रतिशत |
|---|---|---|---|
| ०.१०–०.४१ हेक्टर | ७,३८,६४७ | ४८.७ | ८.८ |
| ०.४२–२.६७ हेक्टर | ६,५८,९४५ | ४३.४ | ४२.३ |
| २.६८–१० हेक्टर | १,०४,६८४ | ६.९ | ३१.२ |
| १० हेक्टर भन्दा बढी | १५,७२१ | १.० | १७.७ |
| कुल | १५,१८,००२ | १००.० | १००.० |

(१ हेक्टर=१९.६ रोपनी वा करीव डेढ विघा)
स्रोत: केन्द्रिय तथ्यांक विभाग



यो तथ्यांकले देखाएको छ - २०१८ सालमा नेपालमा १५ लाख किसान परिवारहरु थिए, मोटामोटी रुपमा । ती किसानहरु मध्ये सैकडा ४९ सित-आधा हेक्टर जमीन पनि थिएन । देशका आधा आधी किसान परिवारसित जम्माजम्मी देशको जमीनको ९ प्रतिशत भाग मात्र थियो । वर्गका रुपमा भन्नुपर्दा, यी नेपालका गरीव किसान हुन्, जसको जमीनले वर्षभरि जीविकै धान्दैन । तर त्यतिखेरको अन्तरविरोध के थियो भने फगत १ प्रतिशत किसान परिवारका हातमा १० हेक्टर भन्दा बेसी जमीनको जोत थियो र यिनले कुल जमीनको १८ प्रतिशत भाग ओगटेका थिए । वर्गका रुपमा यिनीहरु नै नेपालका त्यतिखेरको जमीन्दार वर्ग हुनु पर्छ, जो खूदै जमीन जोत्दैनथे, तर जमीनका मालिक थिए । करीव पौने तीन हेक्टरदेखि १० हेक्टर सम्म जमीन हुने किसान परिवार ७ प्रतिशत मात्र थिए । तर यिनीहरु कुल जमीन मध्ये ३१ प्रतिशतका मालिक थिए । संभवत: यिनै त्यतिखेरका धनी किसान वर्ग हुनु पर्दछ । धनी किसान र जमीन्दार वर्ग मिलाएर जम्मा ८ प्रतिशत मात्र हुन्थ्यो । तर यो ८ प्रतिशतसित कुल जमीनको ४९ प्रतिशत भाग थुप्रिएको थियो, जब कि हामीले माथि देखिसक्यौं- ४९ प्रतिशत किसान्नसित भने ९ प्रतिशत जमीन पनि थिएन । संभवत: त्यतिखेरको भूमि स्वाभित्वको मूल अन्तरविरोध नै यही थियो । बीचमा थिए- ४३ प्रतिशत किसान परिवारहरु जो करीव आधा हेक्टरदेखि पौने तीन हेक्टर सम्मको जमीनका मालिक थिए । संभवत: यिनीहरु नेपालका निम्न मध्यमदेखि उच्च मध्यम वर्गसम्मका मध्यम वर्गीय किसानहरु हुनुपर्छ । यिनीहरुले कुल जमीनको ४२ प्रतिशत भाग ओगटेका थिए । यी किसानहरु र आधा हेक्टर भन्दा कम जमीन हुने किसानहरु मिलाएर नेपालको ९२ प्रतिशत किसान परिवार हुन्थ्यो । तर तिनीहरुसित कुल जमीनको ५१ प्रतिशत भाग मात्र थियो । नेपालको वहुसङ्ख्यक किसानको समस्या भनेको यिनीहरुकै समस्या थियो ।

## २०२८ सालताका भूमि समस्या

२०२१ सालमा "भूमि सुधार" लागू गरेपछि किसानहरुको यो स्थितिमा के परिवर्तन आयो ? वर्गहरुको यो स्थितिमा के हेँरफेर भयो ? के देखिन्छ, यस अवधिमा किसानहरुको मूल समस्या ? -यसका लागि २०२८ सालको कृषि गणनाबाट प्राप्त यो तथ्यांक हेर्नु उपयोगी हुनेछ :

## २०२८ सालमा
## भू-जोतको स्थिति

| जोतको आकार हेक्टरमा | परिवार संख्या | कुल किसान परिवारको प्रतिशत | उनीहरुले ओगटेको क्षेत्रफलको प्रतिशत |
|---|---|---|---|
| ०.१०-०.४१ हेक्टर- | ९,५३,५३१ | ५५.८ | ११.८ |
| ०.४२-२.६७ हेक्टर- | ६,४४,५७८ | ३७.८ | ४४.३ |
| २.६८-१० हेक्टर- | ९६,५५२ | ५.७ | ३१.६ |
| १० हेक्टर भन्दा बढी- | १२,६७० | ०.७ | १२.३ |
| कुल | १७,१७,३३१ | १००.० | १००.० |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

यो तथ्याङ्कले के देखाएको छ भने २०२८ सालतिर नेपालमा जम्मा १७ लाख किसान परिवारहरु थिए, १८ सालमा भन्दा २ लाख बढी । ती किसान परिवार मध्ये ५६ प्रतिशतसित आधा हेक्टर जमीन पनि थिएन । १८ सालमा भन्दा यिनीहरु ७ प्रतिशत बढी देखिए । यो भूमि सुधारले ल्याएको हेरफेर हुनुपर्छ । तर यो ५६ प्रतिशत किसान परिवारसँग देशको कुल जमीनको १२ प्रतिशत भाग मात्र थियो । वर्गका रुपमा, यिनीहरु नै नेपालका त्यतिखेरका गरीव किसानहरु थिए । यी नेपालका त्यतिखेरका बहुसंख्यक किसानहरु थिए । आधा हेक्टरभन्दा पनि सानो पैमानाको जीविका नै नधान्ने खेती अर्थात् लघु स्वामित्व, यी बहुसंख्यक किसानको मूल समस्या थियो । संभवत: यिनै किसानहरु नै हुनुपर्छ, जो आफ्नो जमीनले नपुगेर अरुको जमीन मोहीका रुपमा जोत्दथे वा ज्यालादारी गर्दथे । त्यसैले मोहीको हकको समस्या र अपर्याप्त ज्यालाको समस्या यिनीहरुकै थप समस्या थियो ।



किसान समस्या : क्रान्तिको समस्या

तर उता १० हेक्टर भन्दा बेसी जमीन हुने जमीन्दार वर्ग भने २०२८ सालमा पुग्दा ०.७ प्रतिशत मात्र थिए । पहिलेभन्दा ०.३ प्रतिशत घटी । यिनीहरुका हातमा देशको कुल जमीनको १२ प्रतिशत भाग थुप्रिएको थियो । अर्थात, देशको ५६ प्रतिशत किसान परिवारसँग जति जमीन थियो, यो एक प्रतिशत भन्दा पनि थोरै जमीन्दार वर्गसँग उत्ति नै जमीन थियो । संभवत: यो नै त्यतिखेरको भू-जोतको मुख्य अन्तरविरोध थियो, जसलाई भूमि सुधारले हल गर्न सकेको थिएन । १८ सालमा भन्दा यिनीहरुले ओगटेको क्षेत्रफल करीव ६ प्रतिशतले घटेको थियो । तर यो हदबन्दीले गर्दा घट्यो कि, जग्गा लुकाउनाले वा जग्गा अरुका नाममा सार्नाले घट्यो-कारण प्रष्ट छैन ।

यो तथ्याङ्कमा करीव पौने तीन हेक्टरदेखि १० हेक्टरसम्म जमीन हुने धनी किसान परिवारहरु करीव ६ प्रतिशत देखिएको छ, पहिले भन्दा १ प्रतिशत घटी । तर यिनीहरुले ओगटेको जमीनको क्षेत्रफल भने करीव उति उति नै देखिन्छ, जति २८ सालमा थियो - अर्थात ३१.६ प्रतिशत (२८ सालमा यो ३१.२ प्रतिशत थियो) । भूमिसुधारले यी धनी किसानहरुले ओगटेको क्षेत्रफललाई खास कुनै असर नपरेको यसबाट प्रष्ट हुन्छ ।

धनी किसान र जमीन्दार वर्ग मिलाउँदा २०२८ सालमा करीव ६ प्रतिशत हुन्छ । तर यो ६ प्रतिशतसित कुल जमीनको ४४ प्रतिशत अझै थुप्रिएको देखिन्छ । ६ प्रतिशतसँग ४४ प्रतिशत जमीन, तर ५६ प्रतिशतसित भने फगत १२ प्रतिशत जमीन - त्यतिखेरको भूमि स्वामित्वको मुख्य विसंगति यही नै हुनुपर्छ । वहुसंख्यक किसानहरुको मूल अन्तर्विरोध यही ६ प्रतिशत धनी किसान र जमीन्दार वर्गसितको अन्तर्विरोध हुनु पर्छ ।

त्यतिखेर बीचमा देखिन्छन् - करीव आधा हेक्टरदेखि- पौने तीन हेक्टरसम्म जमीन हुने ३८ शत किसानहरु - जसलाई मोटामोटी रुपमा नेपालको मध्यम किसान भन्न मिल्छ (यसको निम्न मध्यम र उच्च मध्यम तव्का समेतलाई समेटेर ) । यी किसान परिवारहरु २०१८ सालमा भन्दा २०२८ सालमा करीव ५ प्रतिशतले घटेका देखिन्छन् । तर यिनीहरुले ओगटेको जमीनको क्षेत्रफल भने २ प्रतिशतले बढेको देखिन्छ । यस्तो हुनुको संभावित कारण मध्यमवर्ग मध्ये केही (५ प्रतिशत) वर्गच्यूत भएर गरीव किसानमा झर्न पुग्नु र बाँकी मध्यम किसानले भने-थप जमीन जोर्नु वा प्राप्त गर्नु हुन सक्छ । यस्तो हुनु के कारणले संभव छ भने, माथि तथ्यांकमा हामीले देखेका छौं - गरीव किसान वर्ग २०१८ सालमा ४९ प्रतिशत थिए, तर २०२८ सालमा उनीहरु ५६ प्रतिशत हुन पुगेका छन् । यो ७ प्रतिशत वृद्धिमा ६ प्रतिशत मध्यम वर्ग वर्गच्यूत हुनुको कारणले आएको हुनु बढी सम्भव छ । यसरी भूमि सुधारले सबभन्दा बेसी असर-मध्यम वर्गका किसानलाई गरेको यो तथ्याङ्कबाट देखिन्छ ।

मध्यम किसान र गरीव किसान मिलाउँदा करीव ९४ प्रतिशत किसान परिवार हुन्छ । यिनीहरु नै नेपालको किसानहरुको अत्यधिक वहुसंख्या हो, जसको समस्या नेपालको मूल किसान समस्या हो ।




नेपालमा भूस्वामित्वको संरचना यस्तो छैन

## २०३८ सालमा भू-जोतको स्थिति

अब हामी हेरौं, सबैभन्दा पछिल्लो नमूना कृषि-गणनाको नतीजा, जुन २०३८ सालमा लिइएको थियो ।

*भू-जोतको अन्तर्विरोधको रुपमा रहेको यो तथ्याङ्कले देखाएको छ । यो तथ्याङ्कले के पनि उदांगो पारेको छ भने - ५ देखि १० हेक्टर जमीन ओगट्ने किसानहरु करीव ३ प्रतिशत छन् र उनीहरुले करीव १६ प्रतिशत जमीन मुठ्याएका छन् । यी पनि नेपालका किनकि उनीहरुसित त आफ्नै जोत छ र आफ्नै पोत पनि छ । अझ उनीहरु मध्ये कैयनले जमीनले आफ्नो जीवन र प्रगति संभव नदेखेर अरु पेशामा लाग्नु पर्नाले अरुलाई जमीन जोत्न लाउने गरिरहेको समेत देखिन्छ ।*

### भू-जोतको स्थिति-२०३८ सालमा

| जोतको आकार हेक्टरमा | किसान परिवार संख्या | कुल किसानमा उनीहरुको प्रतिशत | उनीहरुले ओगटेको क्षेत्रफलको प्रतिशत |
|---|---|---|---|
| भूमिहीन | ८,२२४ | ०.३७ | - |
| ०.५ हेक्टर सम्म | १०,१९,६७७ | ५०.१२ | ६.५ |
| ०.५-१हेक्टर | ३,३५,४२० | १६.२० | १०.८ |
| १-२ हेक्टर | ३,७९,०५१ | १७.२८ | १९.९ |
| २-३ हेक्टर | १,५६,९६१ | ७.१५ | १५.४ |
| ३-४ हेक्टर | ७७,२२८ | ३.५२ | १०.८ |
| ४-५ हेक्टर | ४२,४४१ | १.९३ | ७.७ |
| ५-१० हेक्टर | ६०,०८२ | २.७४ | १५.८ |
| १० हेक्टरभन्दा माथि | १४,८७२ | ०.६८ | १३.० |
| कुल | २१,९३,९५६ | १००.०० | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग




**नेपालमा भूस्वामित्वको संरचना यस्तो छ**

*यो तथ्याङ्कले देखाएको छ - नेपालमा २०३८ सालमा करीव २२ लाख किसान परिवारहरु थिए । ती मध्ये भूमिहीन किसानहरु ०.४ प्रतिशत थिए र आधा हेक्टरसम्म जमीन हुने किसान परिवारहरु ५० प्रतिशत थिए । यो ५० प्रतिशतसित देशको कुल जमीनको करीव ७ प्रतिशत भाग मात्र थियो । यसले देखाएको छ - नेपालका आधाआधि किसान परिवारहरु यति थोरै जमीनमा खेतीपाती गर्छन् कि त्यसले तिनीहरुको जीवन नै धान्दैन । यिनीहरु नै नेपालमा सबैभन्दा गरीव किसानहरु हुन्, जो जमीनले मात्र नधानेर अन्य कामको खोजमा शहरहरुतिर जान बाध्य छन् । २०२८ सालमा भन्दा यिनीहरुको अनुपात करीव ६ प्रतिशतले घटेको छ र यिनीहरुले ओगटेको जमीनको अनुपात पनि ५ प्रतिशतले घटेको छ । बढी संभव छ, यी किसानहरु जमीनबाट विस्थापित हुन पर्नुले यस्तो भएको हो ।*

*आधा हेक्टरदेखि १ हेक्टर जमीन हुने किसानहरुको अनुपात यो तथ्याङ्कले १६ प्रतिशत देखाएको छ । यी पनि जमीनले नधान्ने गरीव र निम्न मध्यम किसानहरु हुन्, किनकि निकै मलिलो ठाउँमा बाहेक अन्यत्र नेपालमा १ हेक्टरसम्मको जमीनले ५.७ जनाको परिवार धान्न धौ धौ पर्दछ । यो १६ प्रतिशतलाई माथि उल्लिखित ५० प्रतिशत गरीव किसानको अनुपातसित जोड्ने हो भने ६६ प्रतिशत हुन्छ । ६६ प्रतिशत भनेको किसान परिवारको अत्यधिक वहुसंख्या हो । तथ्याङ्कले देखाउँछ - यिनीहरुको मूल समस्या जमीन नहुनु होइन, आफ्नो जोतमा पोत नहुनु होइन, जमीन नै कम हुनु हो । जमीन त उनीहरुसँग छ, तर त्यो यति थोरै छ कि त्यसले जीवन धान्दैन । र त्यो प्रत्येक पुस्ताका सन्तानमा झन झन टुक्रिदै, थोरै हुँदै जाँदैछ ।*

*उता १० हेक्टरभन्दा माथि जमीन हुने जमीन्दारहरुको अनुपात यो तथ्याङ्कले पनि १ प्रतिशत भन्दा थोरै देखाएको छ । तर उनीहरुको हातमा कुल जमीनको १३ प्रतिशत देखिन्छ । ५० प्रतिशत किसान परिवारको हातमा ७ प्रतिशत जमीन, तर १ प्रतिशत भन्दा पनि थोरै किसानको हातमा भने त्यसको करीव दोब्बर अर्थात १३ प्रतिशत जमीन । यो नै नेपालको धनी किसानको माथिल्लो तप्का र जमीन्दार वर्ग हुन् । १० हेक्टरदेखि माथि जमीन हुने र यी किसानहरु मिलाएर कुल करीव ३ प्रतिशत हुन्छ । तर यो ३ प्रतिशतसित कुल जमीनको २९ प्रतिशत भाग थुप्रिएको छ । उता ६६ प्रतिशतसित भने फगत करिव १७ प्रतिशत जमीन छ । यो तीन प्रतिशत र ६६ प्रतिशत बीचको अन्तर्विरोध नै नेपालको भू-जोतमा विद्यमान मुख्य अन्तर्विरोध हो भन्ने यो तथ्याङ्कबाट देखिन्छ ।*

*तथ्याङ्कले के देखाएको छ भने- ३ देखि १० हेक्टरसम्म जमीन हुने किसान परिवारहरु करीव ८ प्रतिशत छन् । मोटामोटी तवरले भन्दा, यिनीहरु नै नेपालका धनी किसानहरु हुन । तर यो ८ प्रतिशतसित कुल जमीनको करीव ३४ प्रतिशत भाग थुप्रिएको छ । जमीन्दार वर्गले ओगटेको १३ प्रतिशत जमीन समेत यसमा जोड्ने हो भने यो ४७ प्रतिशत हुन्छ । यसरी जम्मा जम्मी ९ प्रतिशत भन्दा पनि कम किसान परिवारसित ४७ प्रतिशत जमीन थुप्रिन गएको देखिन्छ ।*

*बीचमा देखिन्छन् १ हेक्टरदेखि ३ हेक्टरसम्म जमीन भएका मध्यम किसानहरु, जो तथ्याङ्क अनुसार २४ प्रतिशत देखिन्छन् । यो २४ प्रतिशतसित कुल जमीनको ३५ प्रतिशत भाग रहेको देखिन्छ । यो २४ प्रतिशत मध्यम किसानहरुको अनुपातमा आधा हेक्टरदेखि १ हेक्टर जमीन हुने १६ प्रतिशत किसान परिवारको अनुपात जोड्ने हो भने ४० प्रतिशत हुन्छ । उनीहरुले ओगट्ने जमीन कुल जमीनको ४६ प्रतिशत हुन्छ । यो भनेको हरेक हिसाबले निर्णायक अनुपात हो र यो वर्ग निर्णायक वर्ग हो । नेपालको भूमि क्रान्तिमा ५० प्रतिशत गरीव र भूमिहीन किसानले यही ४० प्रतिशत मध्यम, निम्न मध्यम र उच्च मध्यम किसानलाई आफ्नो पक्षमा तान्न सक्नु पर्दछ । त्यस्तो गरियो भने यो ९० प्रतिशत किसान परिवारको अत्यधिक वहुसंख्या हुन्छ, जसलाई कुल्चनु वा उपेक्षा गर्नु कुनै पनि हिसाबले संभव हुँदैन । उनीहरुलाई आफ्नो पक्षमा तान्न - के "जसको जोत, उसको पोत" को नाराले सक्छ ? यो गम्भीरता पूर्वक सोच्न जरुरी छ,*

*यो तथ्याङ्कले यसरी उदांगो पारेको छ - नेपालमा भूमिहीनहरु त छन्, तर उनीहरुको वाहुल्य छैन । जोताहा मोहीहरु पनि छन्, उनीहरुको पनि वहुसंख्या छैन । सबभन्दा बहुसंख्या गरीव, निम्न मध्यम र मध्यम किसानको छ । यिनीहरु मिलाएर करीव ९० प्रतिशत हुन्छ । यसरी नेपालको भूमि स्वामित्वको संरचना पिरामिड आकारको छैन । यो घ्याम्पो आकारको छ - माथि जमीन्दारवर्ग पनि थोरै, तल भूमिहीन पनि थोरै, बीचमा गरीव र मध्यम किसान धेरै । यस्तो वास्तविकतामा "जसको जोत, उसको पोत"को नारा" कामै लाग्दैन, त्यो होईन । यसले भूमिहीन र जोताहा किसानलाई त आकर्षित गर्छ नै, तर उनीहरु वहुसंख्यामा नहुनाले, र अत्यधिक वहुसंख्यामा जोत र पोत आफ्नो हुने किसानहरु भएकाले यो नाराले वहुसंख्यक किसानहरुलाई संवोधित र आकर्षित गर्ने देखिन्न । उनीहरुको मूल समस्या जमीनको जोत सानो हुनुको छ, र जमीन क्रमशः खण्डीकरण हुनुको छ । सानो जोतवाट जीविका र वचत दुबै नहुने हुनाले उनीहरुको मूल समस्या वैकल्पिक रोजगारी र पूँजी एवं प्रविधिको छ । यो समस्यालाई कुन नाराले र मागले संवोधन गर्छ ? हामीले त्यस्तो उपाय खोजी निकाल्नु जरुरी भएको छ । ((●))*

दृष्टि
साप्ताहिक
DRISHTI - Vernacular weekly
प्रत्येक बुधवार प्रकाशित हुने
अवश्य पढ्नुहोस् !

# अछुतहरुको (?) वस्तीबाट यिनलाई निचोर्न



"तपाई कुन जातको ? "

लामो अन्तरालसम्म अछुतहरु (?)को वस्तीमा बसेर फर्केपछि म आफूलाई केही प्रजातान्त्रिक समाजवादी, केही वौद्धिक र केही उच्च वाम- राजनैतिक चेतना भएका भनिने महाशयहरुबाट यो प्रश्न सोधियो । प्रश्न साधारण थियो तर प्रश्न भित्रको रहस्य त्यति सोझो र सहज थिएन, त्यसो त जहाँ जहाँ म अछुतहरुसंग साथ हुन्छु, त्यहाँ त्यहाँ छुत / अछुत दुवै थरिले नै यो साझा प्रश्न गर्छन्- " तपाई कुन जातको ? "

" .. यो मूल बाटो हो, यहाँबाट थुप्रै मान्छे ओहोरदोहोर गर्छन् तर यो वस्ती हामी अछुतहरुको हो, त्यसैले यहाँ केही पनि रोकिदैनन् ।...."विकास" पनि त यै बाटो भएर ओहोरदोहोर गर्दो हो तर यो वस्तीभित्र आएको छैन । .... सरकारी कर्मचारीहरु दण्ड सजायको लागि यहाँ आएभने परको भट्टीमै हामीलाई बोलाउँछन् । .... खोप भन्ने सुनिएको छ भन्नु पऱ्यो ।.... कांग्रेस, कम्युनिष्ट सबै उस्तै हुन्, कसैले केही लछार्दैनन् ... ।"

उमेरले ५० हिउंद काटिसकेका एक जना गाउँका अगुवा झैं देखिने अछुतले म संग माथिका यी कुराहरु गरेका थिए

उमेरले ५० हिउँद काटिसकेका एक जना गाउँका अगुवा झैं देखिने अछुतले म सँग माथिका यी कुराहरु गरेका थिए (जहां मैले काम गरेकै कारण केही महाशयहरु मलाई अभियुक्तलाई झैं माथिका प्रश्नहरुद्वारा केरकार गर्ने गर्छन्) । यो गाउँमा २० घरहरुमध्ये जुन २।३ घर धनी छन्, उनीहरु ३।४ महीना मात्र आफ्नो उब्जनीले खान्छन्, अरु परिवारहरु सुकुम्बासीहरु हुन् । पूलको जीपमा, ठूलो ढुङ्गाको आडमा, प्लाष्टिकको छाना लगाएर उनीहरु सार्वजनिक जग्गामा बसेका छन् । नजीकै तल काली गण्डकी, दुबैतिर ठूलठूला खहरे खोलाहरु,

## कांग्रेस वा कम्युनिष्ट सबै एक जुट छन्

\- शरद पौडेल

माथिपट्टि झर्नै आँटेको अजङ्गको ढुङ्गो र बग्दै गरेको पहिरो,- यो सन्त्राशपूर्ण वातावरणमा प्रत्येक वर्षालाई आफ्नो सम्भावित मृत्यु ठानेर यो वस्तीका अछुतहरु बाँचिरहेका छन् ।

फोहोरमा खेलिरहेका, दमाहा जस्तै भुँडी भएका स-साना नानी केटाकेटीहरु यहाँ प्रशस्तै छन् । कुनै दिन छेरौटीले, दादुराले या कुनै पनि रोगले कोही पनि केटाकेटी मर्न सक्छ, त्यसैले त्यो अनिश्चितताबाट बच्न यो बस्तीका सबै परिवारले छोराछोरी जन्माउने खेतीलाई प्रश्रय दिइरहेका छन् । बच्चाहरुको आफ्नै कपडा छैन । बाउ, आमाका झुत्रा कपडाले ज्यानलाई जति छोप्छ, त्यति छोप्छन् र हिंड्छन् । यो वस्तीमा स्कूल छैन । स्कूल त पर छुतहरुको बस्तीमा छ । स्कूलमा यी अछुतहरु बस्ने अलग्गै ठाउँ छ । स्कूलमा छुतका केटाकेटीले यी अछुतका बच्चाहरुलाई हियाँउछन्, ठोक्छन्, लघार्छन्, नानाथरिका गाली गर्छन् । माष्टरजी पनि छुत परिवारकै हुनुहुन्छ, त्यसैले उहाँले यी अछुत नानीहरुलाई हातले छुनुहुन्न । मायाँ पनि गर्नु हुन्न । कहिलेकांही नछोइने गरेर सुकेको लठ्ठीले हिर्काउनु हुन्छ । त्यसैले यी अछुत नानीहरु स्कूल जाँदैनन् । बरु दिउँसोभरि घरकै वरिपरि खेल्छन्, आफूभन्दा साना भाइ, बैनी भुलाउँछन् ।

मीठो नमीठो पकाउन सबैको, घरमा चूलो भने बल्छ । चूल्हो बाल्ने, सरदाम बटुल्ने उनीहरुको मुख्य पेशा भारी बोक्नु हो । आइमाई-लोग्नेमान्छे सबैले नै साहुको भारी बोक्छन् । पोखरा-बाग्लुङ्ग राजमार्ग नबन्दासम्म उनीहरुको मुख्य पेशा स्याङ्गजादेखि कुस्मा, बाग्लुङ्ग, बेनीसम्म भारी बोक्नु थियो, तर हाल आएर यो पेशा अलिक सीमित भएको छ ।

उनीहरु लुगा सिउने, फलामको काम गर्ने, या जुत्ता सिउने काम गर्दैनन् बरु उनीहरुको परम्परागत पेशा भनेको छुतहरुको हलो जोत्नु हो । हलो जोतेवापत दिइने रकम ३ पुस्ता अगाडिकै यथावत छ । हलो जोत्दा आफूहरु ठगिइएको अनुभव यी अछुतहरुलाई छ तर यसको रकम बढाउन कसरी सकिन्छ ?- यो कुरा उनीहरुले राम्रोसँग जानेका छैनन् ।

यो सँगसँगै अर्को पेशा छ- दाउरा बेच्ने । अछुतहरुले दाउरा काटेर जंगल मासे भन्ने आरोपमा अहिले दाउरा काट्न प्रतिवन्ध छ । विडंवना के छ भने, छुतहरुले जङ्गलको छेउमै काठको उद्योग राखेका छन् र उद्योगको मिल २४ घण्टा जस्तो चल्छ तर अछुतहरुले दाउरा चिर्न पाउँदैनन् । अछुतहरुले कहीं कतै दाउराको भारी बोकेको देखिएमा छुतहरुले खोस्छन् र आफैंले राख्छन् । बजारसम्म जानको लागि बनाइएको काली नदीको पूलमा अछुतहरुले दाउरा लैजान नपाउन भनेर छुतहरुले पहरा (रातमा पनि) दिन्छन् । तर भोकले सताइएका अछुतहरु दाउराको भारी समेत आफू काली नदीमा हेलिएर वारपार गर्छन् र व्यवसाय चलाउँछन् । गण्डकीको पानीमा हेलिंदा कसको अन्त्य कति वेला हुन्छ भन्न कठीन छ तर पनि यो पेशा अहिले अछुतहरुको जीवन शैली झैं बनेको छ ।

यी माथिका सबै पेशाबाट जो अघाउँछ, अतालिन्छ, ऊ मुग्लान पस्छ र चौकिदारमा भर्ति हुन्छ । प्रत्येक ठाउँमा ३ महिना मात्रै काम गर्न पाइने यो पेशामा रातको ड्युटीवापत एक जनाले महीनामा ३००।४०० पाउँछ । दारुमा, वेश्यालयमा, फिल्ममा, र तासमा यो पैसा सकिन्छ, यसरी केही वर्ष विताएपछि आफ्नै गाउँकै साथीभाइसँग सरसापट गरेर ऊ गाउँ फर्कन्छ ।

यो आम्दानी नहुने पेशा हो तर पनि गाउँका ९०% भन्दा बढी तन्नेरीहरु उतै छन्, जो यहाँ छन्, उनीहरु बाटो खर्च खोज्दैछन् । गाउँमा त केवल बुढाबुढी, केटाकेटी, युवती र सुत्केरी आमाहरु मात्रै छन् । विदेशमा बसेको छोरालाई छुतहरुको वस्तीसम्म पुगेर चिठ्ठी लेखाउँछन्, पढाउँछन्, बस यत्ति नै ।

अछुतहरुको यो बस्तीमा रक्सी अधिक प्रिय छ । प्राय: गरी पुरुष, महिला, केटाकेटी सबै नै रक्सी खान्छन् । यो खान कुनै चाँड पर्व, रमाइलो, नरमाइलो केही हुनु पर्दैन । घरमा बनाएको होस् या भेलीकै रक्सी होस्, केही फरक पर्दैन । घरमा चाहिने सातु सामल उधारो माग्न डराए पनि रक्सी उधारो माग्न र खान कोही पनि डराउँदैन । त्यसो

# सन् २१२६ अगष्टमा पृथ्वी ध्वस्त हुने वैज्ञानिक घोषणा

# के १३४ वर्षपछि धरतीको इह-लीला साँच्चै समाप्त हुने हो त ?

- डा. नारायण पोखरेल

सृष्टि र प्रलयका बारेमा ज्ञात भएजति कुराबाट आध्यात्मवादीहरु सन्तुष्ट देखिन्छन्, तर भौतिकवादीहरु यसबारे असन्तुस्ट छन् । यस अन्तुष्टीले गर्दा यसबारे दिनरात विभिन्न खोज अनुसन्धान भईरहेछन् ।

सृष्टि कहाँ र कहिले शुरु हुन्छ ? र प्रलय कहिले र किन हुन्छ ? यी प्रश्नहरुका बारेमा ईश्वरीय नाटकमा विश्वास गर्ने हरुलाई कुनै दिमागी कसरतको जरुरत परोइन, तर विज्ञानकर्मीहरु यो कसरतको जरुरत महशूस गर्दछन् र यस सम्बन्धमा उनीहरुले तथ्यगत खाका पनि तयार पारेका छन् ।

"सृष्टि" शब्दले ब्रम्हाण्ड र यसका अवयवहरुको शुरुको दिन जनाउनु पर्ने हो, तर जीवित बस्तुबिनाको सृष्टिको कुनै महत्व नहुने भएबाट हामी यसको समाप्ति भएमा सृष्टिको अन्त्य भएको भन्ने गर्छौं । त्यसैगरी जीवनको समाप्ति गरी सृष्टिकै अन्त्य गर्ने घटनालाई "प्रलय" भन्नु पर्छ ।

खगोल विज्ञानका अनुसार ब्रम्हाण्ड थुप्रै तारा पुन्जहरु (Galaxies) ले बनेको छ । हामी रहेको पुञ्ज "आकाश गंगा" (Milky way) तिनीहरुमध्ये एक हो । सबभन्दा नजीकको तारापुञ्ज एन्ड्रोमेडा (andromeda) यसबाट करीव २० लाख प्रकाश वर्ष (६,०००,०००,०००,००० मील) टाढा पर्दछ । यिनीहरु एक अर्कातर्फ १२५ कि.मि. प्रति सेकेण्डका दरले हुत्तिइरहेका छन्, जसको परिणाम स्वरुप यिनीहरुको भेट करीब ५० लाखदेखि १ करोड वर्षभित्र हुने अनुमान छ । एण्ड्रोमेडा हाम्रो तारपुञ्ज भन्दा २-३ गुना ठूलो भएको कारण यिनीहरुको टकरावट भएमा आकाश गंगा चकनाचुर हुनेछ र यसको अस्तित्व नै मेटिनेछ । यसप्रकार तारापुञ्जको विनाश एक दिन निश्चित छ । त्यो दिन अति दूर छ, त्यो अर्कै कुरो हो ।

हरेक तारापुञ्ज भित्र पनि थुप्रै पिण्डहरु गतिशील अवस्थामा छन् । सूर्यको परिक्रमा गरिरहने ग्रहहरु र ग्रहको परिक्रमा गर्ने उपग्रहहरुले निर्माण भएको सौर्यमंडल यसको उदाहरण हो । आफूभित्रका गुरुत्वहरुको आकर्षणका कारण उत्पन्न हुने गतिले गर्दा कहिले कुन आकाशीय पिण्ड कससंग ठक्कर खाने हो, भन्न सकिन्न । यदि ठक्कर खायो भने जे हुन्छ, त्यही नै प्रलय हो ।

ब्रम्हाण्डमा यसरी ठक्कर खाने प्रकृया अनगिन्ति छन् तर तिनीहरुको प्रभाव पृथ्वीमा नभएबाट हामी जानकारीरहित छौं र यस्ता घटना पृथ्वीसंग भएमा हामी यसलाई प्रलय भन्दछौं । वैज्ञानिर्कहरु भन्दछन् कि- सूर्यको चक्कर लगाउँदा पृथ्वी आकाशीय पिण्डहरुको हुललाई चिर्दै अगाडि बढ्ने हुँदा ढीलो-चाँडो यो तिनीहरुसँग ठक्कर खाने नै छ, त्यसैले प्रलय अवश्यंभावी छ ।

पुराणहरुले त झन प्रलय नभई सृष्टि नै सम्भव छैन भन्छन् । उनीहरुका अनुसार ४ लाख ३२ हजार वर्षको कलियुग, त्यसको दुगुना वर्षको द्वापर, तीन गुनाको त्रेता र चार गुना वर्षको सत्ययुगहरुको फेरो ७१ पल्ट लागेपछि १ मनुको पालो पुग्छ र यसरी १४ मनुको पालो बराबर ब्रम्हाको १ दिन भएको मानिन्छ र ब्रम्हाको १०० वर्ष पुगेपछि महा-प्रलय हुन्छ । एवंप्रकारले हिसाब गरेमा लगभग १६,०३,८३,९२,००,००,००० वर्षमा महाप्रलय अवश्यमेव हुन्छ । के यो त्यही तारापुञ्जहरुको ठक्करबाट हुने प्रलय हो वा अन्य कुनै कारणबाट ? यो कुरा जानकारीमा नआएकोले हालसम्म खोजकै विषय रहेको छ ।

केही महिना अघि एकजना खगोलविद्ले १३४ वर्षपछि पृथ्वीमा ठूलो प्रलय हुने र सारा सृष्टि समाप्त हुने घोषणा गरेपछि यस सुन्दर पृथ्वीमा के हाम्रा सन्ततिले जीवन यापनको सुअवसर पाउने छैनन त भन्ने ठूलो प्रश्न उठेको छ । के साँच्चै अवको एक शताब्दीसम्मलाई मात्र यो धरती हो त ? भन्ने पीर र चिन्ता हरेकलाई लाग्नु स्वाभाविक नै हो ।

ब्रायन मार्सडेन भन्ने ती खगोलविद्ले ७ नवेम्वर १९९२ का दिन पृथ्वीबाट ११ करोड मिल टाढा रेहको स्वीपट टटल (Swift Tuttle) नामक पुच्छे तारा (Comet) को कक्षको लेखाजोखा गरेर जे निर्णय सुनाए, त्यसले संसारमा तहल्का मच्चायो, धरतीभरका खगोलशास्त्रीहरु स्तब्ध भए र त्यस पुच्छ्रेताराको परिक्रमा-पथको चियो अत्यन्त चनाखो भएर गरीरहने भए ।

## पृथ्वीसंग ठक्कर खान आउने भनिएको स्वीफ्ट टटल के हो ?


डा. पोखरेल

ब्रायन मार्सडेनका अनुसार यदि "बाटो परिवर्तन वा हलचल नगरी स्वीपट टटल यसरी नै आयो भने सूर्यको एक फन्का लगाएर १३४ वर्ष पछि यो फर्कने छ, र त्यति बेला १४ अगस्त २१२६ का दिन पृथ्वीको यति नजिक यो आउने छ कि- संभवत: यो पृथ्वीसँग ठक्कर खाने छ, र पृथ्वी ध्वस्त हुनेछ ।"

के साँच्चै पृथ्वी ध्वस्त हुने हो त ? त्यसो हो भने हामीले हाम्रा सन्ततिको लागि जगेर्ना गर्नु जरुरी छ त ? हो त । यस्तो हुने हो ?

यस विषयमा जानकरी दिंदै योमान्स भन्ने खगोलविद् यसो भन्छन्-"अहिलेसम्मको अनुसन्धानले त्यस्तो कुनै शक्ति लागेको देखाउँदैन, जसले सन् २१२६ मा स्वीफ्ट टटलको पृथ्वीसँग ठक्कर खानेगरी पुच्छर हल्लीयोस् । यो पृथ्वीको अति निकट (१ करोड ४० लाख मील) मात्र रहनेछ ।" तर मार्सडेन चाहिं निरन्तर भनिरहेछन् कि- "स्वीफ्ट टटल पृथ्वीसँग ठक्कर खाने सम्भावना क्षीण नै भएपनि (१०,००० मा १ सम्भावना) छ, यदि यही संभावना पनि वास्तविकता हुन गयो भने अहिले वामे सर्दै गर्ने नानीहरुका पनातिहरुको बुढ्यौली भताभुङ्ग हुनेछ । यसमा यकिनका साथ भन्न नसकिने धेरै प्रश्नहरु छन्, त्यसैले खगोलविद्हरुले यसबारेको अनुसन्धान जारी नै राख्नु पर्दछ ।"

यसरी ठक्कर खान आउने स्वीफ्ट टटल के हो ? अन्य आकाशीय पिण्डको खतरा पनि भईरहन्छ या अहिले मात्र यस्तो भएको हो ? आदि र यस्तै अरु जिज्ञासाहरु हामीमा उठ्नु पनि अस्वाभाविक होइन ।

प्लुटोभन्दा टाढा, सौर्यमंडलको बेञ्चको रुपमा रहेको, जमेको ग्याँस र धूलीका टुक्रा (पुच्छ्रेतारा) ले भरिएको, ऊर्ट Oort नामक बादलदेखि हान्निदै आउने जमेको धूलोको यौटा फिरन्ते भकुण्डोजस्तो पुच्छ्रेतारा नै स्वीफ्ट टटल हो ।

पहिलो पल्ट दुई अमेरिकीले देखेका हुँदा उनीहरुको सम्मानमा यसको नाम राखिएको हो । अत्यन्त गतिशील ऊर्ट बादलको धक्काबाट उत्पन्न हुने गुरुत्व बलले यो अघि बढ्छ र पृथ्वीतिर हान्निन थाल्छ । जसै यो सूर्यको नजीक पुग्छ, तातोले गर्दा यसको जमेको ग्याँस र धूलो वाष्पमा परिणत भई सतहबाट ग्याँस र धूलोको जेट पुच्छर जस्तो रुपमा देखिन्छ ।

प्राप्त जानकारी अनुसार बालुवाका दानाभन्दा साना आकाशीय पिण्ड प्रति दिन २० टन र कोइलाका टुक्रा जत्रा उल्का हजारौंको संख्यामा पृथ्वीतिर क्षतिहीन रुपमा झर्दछन् । हाम्रोलागि दु:खदायी आकाशीय पिण्ड चाहिं झण्डैझण्डै पृथ्वीलाई छोएर जाने खालका हुन्छन्, जस्तै- २३ मार्च १९८९ मा आधा मील जति चौडा पिण्ड हाम्रो ग्रहको ७००,००० मिल परबाट मात्र गयो तर यदि छ घण्टा पछि मात्र त्यो आएको भए हाम्रो सभ्यता नै लोप हुन्थ्यो होला । १९७८ मा यौटा विष्फोटन प्रशान्त क्षेत्रमा भएको थियो, जसलाई त्यतिबेला कुनै आणविक परीक्षण भनियो, तर हाल यसलाई कुनै उल्कापात भएको अनुमान गरिदै छ । जसै यस्ता

कुरा पत्ता लाग्दै छन्, खगोलविद्हरु झन झन गम्भीर भएर स्वीफ्ट टटल जस्ता पुच्छ्रेताराको धम्कीले भयभीत हुँदै अध्ययनको सिलसिलालाई अगाडि बढाउन दत्तचित्त छन्।

पुच्छ्रेतारा देखेर संसारको विनाशको झ्याली पिट्ने पहिला व्यक्ति ब्रायन मार्सडेन मात्र होइनन्। इ.पू. २४० मा पहिलो पल्ट पुच्छर भएको तारा चिनियाँहरुले देखेका हुन। ८३७ मा फ्रान्सेली राजा लुइसले यसबाट त्रस्त भएर लेखेका कुरा पाइन्छन्। १०६६ मा किभको आकाशमा, ११६० मा अब्खाजीया नरमेण्डी, रुसी र जर्जियाली आकाशमा यो देखिएको कुरा क्रोनिकलमा उल्लेख छन्। १५२७ मा देखिएको पुच्छ्रेताराको सम्बन्धमा फ्रान्सका सिमोन गुर्लकि "... यसले आतंक ल्यायो, कोही डरले मरे, कोही विमार परे ..." भन्ने अभिव्यक्ति दिन्छन्। पुच्छ्रेतारा बारे प्रशस्त उल्लेख पाइन्छ। तर पहिले देखि नै यसलाई अशुभ सूचक मानिन्थ्यो। यो देखियो भने राज्यमा अनेक विपत्ति आइपर्ने ठानिन्थ्यो र त्यसबाट मुक्तिको लागि मठ/मन्दिर, चर्च / मस्जिद् आदिमा पूजाआजा गरिन थालियो। यसको चमकले विभिन्न धार्मिक सम्प्रदाय बीच झैं-झगडा भएका घटना पनि थाहालागेका छन्। पुच्छ्रेतारा पृथ्वीमा खसेर मानवजातिको विनाश भईहाल्छ भनेर बिरक्तिमा लेखिएका कविताहरु पनि पाइन्छन्।

सहायताविनाको आँखाले देखिनसकिने ठूला र चम्किला पुच्छ्रेताराको पुच्छर सधैं देखिएको छ तर साना र मधुरा ताराका पुच्छर छोटा र नभएका पनि हुन्छन्। थुप्रैलाई दूरदर्शक यन्त्रबाट मात्र देखिन्छ।




पुच्छ्रेताराको विभिन्न भाग

पुच्छ्रेताराको शरीरलाई नाभिक (*Nucleus*), शिर (*Coma*) र पुच्छर (*Tail*) गरी तीन खण्डमा बाँड्न सकिन्छ। शिर सबैभन्दा चम्किलो भाग हो। यसको चमक सूर्यद्वारा प्रभावित भएपनि यो पूर्णतया परावर्तित प्रकाश चाहिं होइन। यसमा भएका कुनै ग्याँस अणुले सौर्य प्रकाशलाई अवशोषित गरी फालेपछि यो चम्किन्छ। चम्किलो पदार्थ यसको नाभिकबाट जेटको रुपमा शक्तिशाली भएर बाहिर फैलिन्छ र सूर्यको नजीक हुँदा बढी ताते र झन टाढासम्म फैलन्छ। त्यसैले पुच्छ्रेतारा परिक्रमा गर्दै जब सूर्यको नजीक पुग्छ, यसको पुच्छर देखा पर्छ र बढ्न थाल्छ र जब सूर्यबाट टाढिन्छ त्यो सानो र लोप हुन्छ। पुच्छर जहिले पनि सूर्यबाट विपरीत भागमा रहन्छ। पुच्छ्रेताराको शिर अनुवृत्ताकार (*Paraboloid*) भएकोले यसको कक्षीय पथ पनि अनुवृत्ताकार नै हुन्छ।

विभिन्न समयमा (ई.पू. २४०, ई.स. १०६६, १५३१, १६०७, १६८२, १७५८, १८३५, १९१० मा देखिएको हेली ७५ वर्षमा देखापर्छ र आफ्नो अक्षमा साढेतीन वर्षमा घुम्छ) देखिएको हेली नामक पुच्छ्रेताराको बारेमा बेलायती खगोलविद् एडमन्ड हेली (*Edmund Halley*) को बर्णन सर्वथा महत्वपूर्ण रह्यो। न्यूटनले नै यसको पनि कक्षको हिसाब गरेर अनुवृत्त भएको घोषणा गरेका हुन, जसको केन्द्रविन्दु सूर्य भएकोले पुच्छ्रेतारा पनि सौर्य मण्डलको सदस्य भएको प्रमाणित भएको हो। छोटो समयमा सूर्यको परिक्रमा गर्ने पुच्छ्रेताराको अध्ययन विस्तृत भएको छ। ती मध्ये एन्के व्याकलन्ड (*Encke-Backlund*) सबैभन्दा छोटो समय (३.३ वर्ष) मा परिक्रमा गर्दछ। विल्सन हेरिङ्टन (*Wilson-Harrington*) त अझ २.३ वर्ष मै परिक्रमा गर्दछ तर यो १९४९ पछि देखिएको छैन। यस्ता अल्पकालीन अरु पुच्छ्रेतारा पनि छन्, जसको भ्रमण काल ८ वर्ष र भ्रमण केन्द्र वृहस्पति नजीक भएको पाइएको छ। ग्रहकै दिशामा घुम्ने यी साना पुच्छ्रेताराको पुच्छर हुदैनन्। वृहस्पति बाहेक अरु ग्रह परिवारमा पनि यस्ता अल्पकालीन पुच्छ्रेताराहरु पर्दछन्, जस्तै शनिको परिवारमा ६ वटा, अरुणकोमा ४ र बरुणकोमा ९ वटा (जसमध्ये हेली एक हो) आदि।

१००-१००० वर्ष भ्रमणकाल भएका २० र १०००-१०,००० वर्ष भ्रमणकाल भएका ३० पुच्छ्रेताराहरु पत्ता लागेका छन्, सम्भवत: सबैको उत्पत्ति सौर्य मंडलभित्रै भएको हुनु पर्दछ।

सन् ५० सम्ममा दर्ता भएका पुच्छ्रेताराको संख्या १,००० भए तापनि ४०० चाहिं दूरदर्शक यंत्रको आविष्कार अघि नै पत्ता लागेका थिए। यिनीहरु पत्ता लाग्ने मात्र नभई हराउने गरेका पनि छन्। वृहस्पति नजीकका पुच्छ्रेताराको कक्षमा ठूला परिवर्तन हुन सक्ने भएकाले पहिले परिक्रमा गरेका कक्षबाट अर्को कक्षमा सर्न जाँदा

## स्वाथ्य विज्ञान

# मष्तिस्क रोगको नयाँ उपचार विधि- एक्युपंचर

मष्तिस्कमा खतरा उत्पन्न भएका विरामीहरुलाई बैकल्पिक उपचार विधि-खप्परको एक्यूपंचर विधिले-निकै आशाजनक बनाएको छ।

खप्परको एक्यूपंचर विधि विशेष गरेर प्यारालाईसिस, बोली बन्द हुने, मष्तिस्कमा घाउ हुने, रगत बग्ने, रगत जम्ने, रोगका लागि उपयुक्त हुन्छ। प्रायजसो विरामीहरु विभिन्न किसिमका उपचारहरु गर्ने गर्दछन्, जसमा बढी मूल्यका औषधीहरुको सेवन गर्न पर्नुको साथै शारीरिक अभ्यास पनि निकै गर्नु पर्दछ। खप्परको एक्यूपंचर पनि एक किसिमको उपचार नै हो। यसमा निदृष्ट स्थानहरुमा एक्यूपंचर सियोहरु घुसारिन्छ। यो उपचार विधि नियमित गर्नु पर्दछ। साथै अन्य उपचारहरुको दाँजोमा सस्तो पनि पर्न आउँदछ।

खप्परको एक्यूपंचर विधिको इतिहास हेर्दा सन् १९६० तिर सर्वप्रथम चीनमा शुरु भएको पाईन्छ। खप्पर एक्यूपंचर अस्पतालका निर्देशक डा. चेन दायोइका अनुसार अस्पतालमा खप्परको एक्यूपंचरबाट उपचार गर्न आएका ५०० भन्दा बढी विरामीहरु मध्ये ९३ प्रतिशत विरामीको उपचार सफल भएको पाइएको छ। विश्व स्वास्थ्य संगठनले यस प्रकारको उपचार विधिलाई सन् १९८४ मा आएर मात्र स्वीकृति दिएको छ। नाशा विभागका निर्देशक डा. याङ देसुका अनुसार परम्परागत चिनिया एक्यूपंचर आधुनिक नशा संबन्धी सिद्धान्तसंग मिल्दो किसिमको छ। यी दुबै सिद्धान्तले मष्तिष्कको विशेष भागसंग शरीरको कुनै न कुनै भागको सम्बन्ध हुने प्रमाणित गर्दछ।

डा. चेनका अनुसार खप्परको एक्यूपंचरको लागि ६ वटा एक्लो र १० जोडी सियोको आवश्यकता पर्दछ, जसलाई टाउकोको विभिन्न भागमा घुसाइन्छ र हरेक सियोको केन्द्रलाइनले शरीरको खास भागसित सम्बन्ध कायम गर्दछ।

डा. चेनकै अध्ययन अनुसार एक्यूपंचर विधिबाट मष्तिस्कमा रगत जम्ने र अन्य इन्फेक्सनका विरामीलाई उपचार गर्दा ७० प्रतिशतसम्म सफल भएको पाइयो भने मष्तिस्कैबाट रगत बग्ने, रक्त संचारमा रोकावट आउने, पीडा हुने र मेनिनजाइटिस रोगका विरामीहरु मध्ये ५१ प्रतिशतलाई सफल भएको पाइयो। हामीले पनि आशा गरौं कि, यस किसिमको उपचार विधि छिटै व्यापकतामा आएर हाम्रो लागि पनि सहायक सिद्ध हुन् सकोस्।

प्रस्तुती : मन्जु अधिकारी
स्रोत: विज्ञान लेखमाला / रोनाष्ट

पुच्छ्रेतारा हराएको भान हुन्छ । यसको अलावा चमकमा आकष्मिक गिरावट भएका कारण पनि तिनीहरु लोप भएझैं लाग्दछ । टुक्रा टुक्रामा विभक्त भएर पुच्छ्रेतारा हराएका घटनाहरु पनि प्रशस्तै छन् । एक पल्ट देखेर फेरि देख्न छाडेपछि मान्छेको मनमा पुच्छ्रेतारा पृथ्वीसँग ठक्कर खाने डर बसीरहन्छ । सूर्यबाट पृथ्वी जतिकै दूरीमा भएको पुच्छ्रेताराको कडा नाभिक पृथ्वीसँग बज्रने संभावना ४० करोडमा एक हुन्छ । ज्ञात भए अनुसार सूर्यबाट त्यति दूरीमा ५ वटा पुच्छ्रेताराहरु प्रतिवर्ष गुज्रने गर्छन् र तिनीहरुको पृथ्वीसँग ठोक्किने संभावना सरदर ८ करोड वर्षमा एकपल्ट छ । पुच्छर ठक्कर खाने संभावना (१९१० मा हेलीले झैं) बढी हुन्छ भने त्यति खतरनाक हुन्न तर नाभिकसँगको ठक्करले के होला ? पूर्वानुमान गर्न अत्यन्तै कठीन हुन्छ ।

स्वीफ्ट टटल झैं पृथ्वीसँग ठक्कर खान सक्ने आकाशीय पिण्डबारे थप जानकारी प्रकाशमा आइ रहेछन् । (-मूल्यांकन ११ (११), ०४९।५०) तर पनि तिनीहरुको ठक्करको दुष्परिणामको कल्पना गरेर काम-धाम छोडी पुर्पुरोमा हात राख्नु "....भएको भए काठमाण्डू जलेर ध्वस्त हुने थियो...." भनिकन जथाभावी गोली हान्दै आत्मघात गर्नु सरह हुने छ ।

पृथ्वी नै नष्ट हुने खतराबाट बच्न सारा विश्व एक भएर लाग्ने छ । शस्त्र वैज्ञानिकहरु यसरी आउदै गरेको अकाशीय पिण्डलाई "लामो दूरी मार गर्न सक्ने रकेट (ICBM)" जस्तै भएको र यसलाई पनि "जमीनबाट प्रहार गरेर नष्ट तुल्याउन सकिने" कुरामा विश्वस्त छन् ।

एक मात्र कुरो के भने, स्वीफ्ट टटल जस्तो पुच्छ्रेतारा आइ. सी. वी. एम् भन्दा ठूलो र टाढा हुन्छ, त्यसैले हालमा उपलब्ध हतियार भन्दा १०,००० पटक बढी शक्तिशाली हतियार बनाएर सो पृथ्वी तर्फ हानिदै गरेको पुच्छ्रेतारालाई नष्ट गर्न वा त्यसको परिक्रमा-पथमा परिवर्तन ल्याई पृथ्वीसँग ठोक्किने सम्भावित खतराबाट पूर्णतया जोगिन सकिने हुँदा मार्सडेनको १०,००० मा १ ठोक्किने संभावनाको पनि महत्व अत्यन्तै न्यून भएको छ । तर पनि चनाखो भएर अनुसन्धानमा लाग्नुपर्ने कुरामा सबै बैज्ञानिकहरु एक मतले राजी भएकाले हाम्रा पनाति-पनातिनाको बुढ्यौली पनि सुखमय होला भन्ने कुरामा सबैले आशा राख्नु पर्दछ । ●

# पाइल्स निको पार्ने चुरोट

चीनको हर्बिन वानलोङ अन्तर्राष्ट्रिय ओखतीजन्य चुरोट कर्पोरेशनले "पाइल्स मारुवा" नाम गरेको एउटा त्यस्तो अद्‌भूत चुरोट बनाउनमा सफलता प्राप्त गरेको छ, जुन चुरोट पाइल्सका बिरामीले खाएपछि पाइल्स निको हुन्छ ।

यो ओखती चीनियाँ जडीबूटीबाट बनेको छ र यसको कुनै हानीकारक प्रभाव भएको छैन । यो खाएर अमल पनि लाग्दैन । यो चुरोट खाएपछि यसको धुवाँ फोक्सो मार्फत प्रवाहित हुने रगत भएर सवन्धित क्षेत्रमा पुग्छ । यसले आन्द्रामा रगतको प्रवाह अवरुद्ध हुने प्रक्रियालाई रोक्छ र अन्ततः रोगलाई निको पार्छ ।

यो चुरोटको परीक्षण गरिंदा यसको रोग निको पार्ने क्षमता ९५ प्रतिशत भएको पाइएको छ । यसले आन्तरिक र बाहय दुवै खालका पाइल्सलाई निको पार्न सक्छ । एउटा वा दुइवटा चुरोट खाएपछि दुख्न कम हुन्छ र, करीब २०० वटा खाएपछि पाइल्स पूरै निको हुन्छ

यो चुरोट अहिले जापान, रुस, कोरिया, दक्षिणपूर्व एशियाको बजारमा निर्यात हुन थालेको छ । ●

समाचार स्रोत: *Beijing Review* "नोभेम्बर ९-१५, १९९२

## मूल्यांकनको सूचना

- **मूल्यांकन** विचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सबै लेख-रचनाप्रति संवन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ। संपादक-मण्डलको विचारउपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिने छ।
- मूल्यांकनका लागि सल्लाह-सुझाव, प्रतिकृया एवं लेख-रचनाहरू पठाउनु हुन समस्त वौद्धिक व्यक्ति व्यक्तित्वहरूसँग हामी हार्दिक अनुरोध पर्दछौं।
- हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान-प्रदान **मूल्यांकन**को अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं।
- अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसँग राख्न नभुल्नु होला। लेख-रचनाको सामान्य संपादनको अधिकार सपादक मण्डललाई रहने छ। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।
- बैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसँग विशेष अनुरोध गर्दछौं।

काठमाडौंबाट बुटवल, भैरहवा, पाल्पा, नेपालगंज, दाङ, पोखरा, भरतपुर (टाडी), हेटौंडा, वीरगंज, जनकपुर र त्रिशुली जान आउन परे
साझा यातायातलाई
संझनुहोस्।
टिकट पाउने स्थान : सुन्धारा, काठमाडौं।

हामी सेवाको लागि तयार छौं।
रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र, राईजिङ्ग नेपाल र अरू विभिन्न पत्र-पत्रिका मार्फत् छिटो र आकर्षक विज्ञापन गराउनु परेमा सम्पर्क राख्नुहोला। "कम्प्यूटरबाट टाइप सेटिङ, ग्राफिक डिजाइनका साथै स्क्रिन प्रिन्टिङ्ग र अफसेट प्रिन्टिङ्गको लागि पनि सम्झनु होला।
अभ्युदय एडभर्टाइजिङ्ग एजेन्सी
पो. ब. नं. २९९८, न्यूरोड,
(रञ्जना हल अगाडि)
फोन: २२७७९९





उच्च कोटिको बेलायती
मेशिनद्वारा उत्पादित
आधुनिक फिनिशिङ्ग प्लान्टबाट
फिनिश्ड भएको
टायगर, डाय, स्पाईडर
मोजाको लागि
सम्झनुहोस् ।
उत्पादकः नेपाल निटिङ्ग इण्डष्ट्रिज प्रा.लि.
पाइने ठाउँः लक्ष्मीदास हरिदास
ठहिटी फोनः २-२१८२५

# तीन कविताहरु

-विमल निभा

नेपाली प्रगतिवादी साहित्य क्षेत्रमा स्थापित युवा साहित्यकारहरु मध्ये एक हुनुहुन्छ- विमल निभा । २०४० सालमा प्रकाशित उहाँको चर्चित कविता संग्रह "आगोनेर उभिएको मानिस"बाट उद्धृत गरी हामीले यहाँ उहाँका तीन वटा कविताहरु प्रस्तुत गरेका छौं ।सरलता सहितको कलात्मकता उहाँको विशेषता हो । - का.सं.



## गाउँ

यो गाउँको नाम रामगढवा हो
यहाँ एक दिन बिताउने मौका पायौ भने
तिमीलाई थाहा हुनेछ
यो गाउँ र सुख्खाले खाएको खेतमा
कत्ति समानता छ

सखारै यो गाउँ बिउँझन्छ
खेतमा जान्छ
हलो चलाउँछ
माटो सम्याउँछ
थाकेको गोरुलाई माया गर्छ
र गीत गाउँछ
"जोवनवा हमारा बीत गाइल हो "
दिनभरि कडा मेहनत गरेर
जब पेटभरि खान पाई दैन
तब तिमीलाई थाहा हुनेछ
खेतमा थाकेको गोरुलाई माया गर्दै
गाइने गीतको अर्थ के हो
राती यो गाउँ एक ठाउँमा भेला हुन्छ
कहिले चोकटाकहाँ
कहिले बगडा भाइकहाँ
कहिले मखनाकाकाकहाँ
घुर ताप्छ
कुराकानी गर्छ
पानी परेन
बाली सप्रेन
बूढो साहु मरेन
परालको आगो तापेर एक रात
यहाँ बिताउने मौका पायौ भने
तिमीलाई थाहा हुनेछ
ब्याजको दर र बूढा साहुको लामो आयु
दुवै कत्ति दुःखदायी छ

तिमी रामगढवामा एक रात जरुर बिताऊ
घर-आँगनमा डुल
खेत-खलियानमा जाऊ
र यहाँका मानिसहरुसँग भेट
तिमीलाई थाहा हुनेछ
यो गाउँ र सुख्खाले खाएको खेतमा
कत्ति समानता छ ।



## टोल

मेरो टोलका मानिसहरु
झगडा गर्छन्
प्रेम गर्छन्
इर्ष्या ग`र्छन्, सहारा दिन्छन्
गाली गर्छन्, सहयोग गर्छन्
मिलेर बस्छन् र कहिलेकाहीं पिटापिट पनि गर्छन्

यही टोलमा
केही यस्ता घरहरु पनि छन्
जो न झगडा गर्छन्, न प्रेम गर्छन्
न इर्ष्या गर्छन्, न सहारा दिन्छन्
न गाली गर्छन्, न सहयोग गर्छन्
न मिलेर बस्छन्, न पिटापिट नै गर्छन्

तिनीहरु एकअर्कालाई हेर्छन्
दाह्रा लुकाउँछन्
बङ्गाराभित्र मुस्कुराउँछन्
र वर्षेपिच्छे
एक-एक तल्ला थप्छन्
प्रत्येक पल्ट थपिएको तल्लाबाट हेरे
यो सत्य हो
टोलमा एकता छ
वर्गहरुमा समानता छ
तर नजिक आएरहेर भाइ !
यहाँ विभाजनमा स्पष्टता छ
घरहरुका अनुहार
र मानिसहरुका उचाई नै दुईटा छन्
तिमी -
मेरो मात्र होइन
जुनसुकै टोलमा पनि गएर हेर भाइ
तिमीले पाउने सत्य त्यहाँ फरक हुन्छ
मानिसहरुको मात्र होइन
टोलको पनि वर्ग हुन्छ ।

## साथी जनार्दनलाई

तिमी कराऊ, गाली गर,
उफ्र
या मुठ्ठीलाई बेस्सरी कस
केही फरक पर्ने छैन
तिमी एक्लो छौ
र एक्लो मानिसका विभिन्न मुद्राहरु
सत्ताको लागि जहिले पनि
मनोरञ्जक सावित भएको छ
तिम्रो आवाज जब धेरै चर्किनेछ
त्यसबेला तिमी
मजाले बहुला घोषित गरिनेछौ
गाली गरिरहेको मानिसलाई
असभ्य र मूर्ख ठहराउन
उसलाई कुनै बेला पनि गाह्रो छैन
र उफ्रिरहेको मानिसलाई
एउटा अचम्मको जन्तु ठहराएर
प्रदर्शित गर्न ऊ हमेशा तयार छ
तिम्रो हातको मुठ्ठी
उसको अनुमानभन्दा
जब बढी कस्सिनेछ
त्यस बेला उसलाई त्यहाँ हत्कडी लगाउन
कुनै निहुँ खोज्नु पर्ने छैन
सत्तालाई थाहा छ
एक्लो मानिसका विभिन्न मुद्राहरु हुन्छन्
र कुनै पनि मुद्रालाई
गैरकानूनी घोषित गरेर
अँध्यारो कोठामा जाक्न सजिलो हुन्छ
हूलदेखि अलग भएर
कराइरहेको, गाली गरिरहेको, उफ्रिरहेको,
हातको कस्सिएको मुठ्ठी उचालिरहेको
मेरो साथी जनार्दन ।
तिमीलाई तीतो लाग्ला
तर यो सत्य हो
-एक्लो मानिसको मुद्रा सत्ताको सहायक हुन्छ ।

"इतिहास- बोध" लगायतका हिन्दी
पत्रिकाहरुसहित विभिन्न पत्रपत्रिका र
पुस्तकहरुको लागि सम्झनुहोस्-
पाठ्य सामग्री पसल, बागबजार



# हामी सस्तो "प्रेम" को लहरमा बग्न चाहँदैनौं

**- रामेश**

नेपालमा चलिरहेको गीत-संगीतका धाराहरु मध्ये स्वस्थ र जनपक्षीय धारामा लामो समयदेखि कृयाशील रहँदै आउनु भएका कलाकार रामेशसँग हामीले लामो कुराकानी गरेका थियौं । खास गरी वर्तमानमा नेपालको कला-क्षेत्र कता अघि बढ्दैछ र यसलाई ठीक दिशामा मोड्न के गर्नु जरुरी छ भन्ने महत्वपूर्ण सवालमा तथ्य र अनुभवहरुको आधारमा धारणा बनाउन मद्दत मिलोस् भनी हामीले गतांकबाट यो यो कुराकानीको प्रकृया शुरु गरेका हौं । गतांकमा कलाकारद्वय मदनकृष्ण / हरिवंशसँगको कुराकानी हामीले प्रस्तुत गरेका थियौं । यस पल्ट प्रस्तुत छ- स्थापित र ख्यातिप्राप्त जनपक्षीय कलाकार रामेश सँगको कुराकानीका महत्वपूर्ण अंशहरु –कार्यकारी संपादक

**० तपाईहरुले केही समय अघिसम्म काठमाडौंमा प्रति महिना गिती-कार्यक्रम गर्ने गर्नु हुन्थ्यो । बौद्धिक क्षेत्रलाई ती कार्यक्रमहरुले निकै आकर्षित गर्न थालेका थिए । हाल अचानक त्यो कार्यक्रम किन रोकियो ?**

- यो गीति कार्यक्रम एक वर्षसम्म गर्ने हाम्रो वार्षिक योजना थियो । त्यही बमोजिम हामीले हरेक महिनाको दुई दिन त्यो कार्यक्रम प्रस्तुत गर्‍यौं ।

त्यो हाम्रो एउटा प्रयोग पनि थियो । त्यसको के असर पर्छ ? मानिसहरुले कतिको रुचाउँछन् ? यसको प्रतिक्रिया कस्तो आउँछ ? - भनेर जान्न पनि हामीले चाहेका थियौं ।

**० यसरी नियमित रुपमा कार्यक्रम गर्न तपाईहरुलाई कुनै कठिनाइ परेन ?**

- वास्तवमा यसरी मासिक रुपले नियमित कार्यक्रम गर्न धेरै अप्ठेरो र धेरै गाह्रो कुरा रहेछ । तैपनि हामीले आफ्नो वचन चाहिं पूरा गरेरै छोड्यौ ।

"आरोहण" समूहका सुनील पोखरेलजीहरुको टेलिफिल्म "विना चिहानको मृत्यु" मा "रक्त-क्रान्त्रिको ज्वालामुखीमा" भन्ने हाम्रो गीत-संगीत सुनेर त्यसबाट प्रभावित भई फ्रान्सिसी सांस्कृतिक केन्द्रका तात्कालीन कलाप्रेमी डाइरेक्टर भ्रँ रोम्नीसिआनो र डेपुटी डाइरेक्टर कल्पना घिमिरेले हाम्रीलाई यस केन्द्रको हल र माइक निःशुल्क उपलब्ध गराई दिनुभयो । यो हाम्रो लागि ठूलै सहयोग र सहुलियत थियो । यस सहयोगले पनि हामीलाई कार्यक्रम प्रस्तुत गर्नमा ठूलो आड दियो ।

कार्यक्रमको लागत खर्च उठोस् भनी हामीले प्रति व्यक्ति रु २००।- वार्षिक नियमित दर्शक-शुल्क पनि केही सहयोगी व्यक्तिहरुसंग उठाएका थियौं । तर त्यो पैसा पनि धेरै उठेन । बाजा मर्मत खर्च, यातायात खर्च, खाजा खर्च आदिका लागि करीव ६ महिना जतिलाई मात्र पुग्यो । यसै रकमबाट हामीले शास्त्रीय संगीत क्षेत्रका नरराज ढकाल र आधुनिक गिती क्षेत्रका अम्बर गुरुङलाई अभिनन्दन पनि गर्‍यौं, जसमा फ्रान्सिसी सांस्कृतिक केन्द्रको पनि सहयोग रहेको थियो ।

**० तपाईहरुले उहाँहरुलाई किन अभिनन्दन गर्नुभयो ?**

- यस अभिनन्दनबारे हाम्रो जनपक्षीय सांस्कृतिक क्षेत्रमा काम गर्ने केही साथीहरुले केही बिरोध वा असन्तुष्टीहरु पनि व्यक्त गर्नुभयो ।

तर हामीहरुले संगीत प्रवीण नरराज ढकाल र संगीतकार अम्बर गुरुङ लाई जुन अभिनन्दन गर्‍यौं, त्यो उहाँहरुको विधागत निष्ठाको लागि गरेका हौं । साह्रै बदमास भएर जनतालाई अहित हुने काम पनि उहाँहरुले गर्नुभएको थिएन भन्ने हामीलाई लाग्छ । जीविकाको लागि कहाँ नोकरी गर्नु भयो भन्ने जस्ता कुराका आधारमा हामीले उहाँहरुको मूल्यांकन गर्नु मिल्दैन । उहाँहरुको व्यक्तिगत जीवन र व्यक्तिगत विचार सुन्दा पनि अम्बर गुरुङ दाइहरु एउटा स्वस्थ र स्तरीय कला सृजनाको निम्ति अनेक कठिनाइहरु झेलेर पनि आजीवन लागिरहनु भएकै छ । उता नरराज ढकालले पनि शास्त्रीय संगीतको निम्ति अनेक दुःख कष्ट खप्दै पनि निरन्तर काम गर्नु भयो । देश र जनताप्रति उहाँको पनि ठूलो माया छ । त्यसैले नेपाली जनता पनि उहाँहरुप्रति कृतज्ञ छ ।

सांस्कृतिक क्षेत्रमा लागि परेका, देश र जनताको माया गर्ने तर लामो समयसम्म काम गर्दा पनि जनताको दृष्टिमा ओझेल परेका, वास्ता नगरिएका त्यस्ता प्रतिभाहरुको हामी यस्तै अभिनन्दनहरु भविष्यमा पनि गर्नेछौं ।

**० फ्रान्सिसी सांस्कृतिक केन्द्रको भवनमा तपाईहरुले "टिकट शो" पनि गर्नुभयो नि, हैन ?**

- आर्थिक अभावको कारण जव हामीले आफू आफूले गोजीबाट पैसा झिकेर दुःखजिलो गरेर कार्यक्रम चलाउन थाल्यौं, तब हाम्रो यो आर्थिक दुःख देखेर फ्रान्सिसी सांस्कृतिक केन्द्रका मित्रहरुले अरुलाई नदिने सहुलियत हामीलाई दिन खोज्नु भयो । उहाँहरुले "सक्नु हुन्छ भने बीस पच्चीस र पचास रुपैयाँको टिकट राखेर कार्यक्रम गर्नुहोस्" भनी हामीलाई भन्नुभयो । हाम्रो निष्ठा, गम्भीरता र कलाकृतिको स्तर एवं उद्देश्यबाट प्रभावित भई यो सहुलियत उहाँहरुले हामीलाई दिन खोज्नु भएको कुरा उहाँहरुले हामीलाई बताउनुभएको थियो ।

तर टिकट लगाएर कार्यक्रम गर्नु धेरै गाह्रो छ । उहाँहरुको सद्भावना पाएर पनि कतिपय कारणहरुले हामीले टिकट लगाएर कार्यक्रम दिएनौं । बरु पछि पछि प्रस्तुत गरिने कार्यक्रमहरुमा चाहि यसबारे सोच्ने विचार गर्‍यौं । योजना अनुसार वार्षिक कार्यक्रमहरु संचालन गरेपछि अव भविष्यमा कसरी अगाडि बढ्ने भन्नेबारे हामी सोचिरहेका छौं । हाम्रा शुभेच्छुक, दर्शक, स्रोताहरुबाट सल्लाह र विचारहरु संकलन गरिरहेका छौं ।

**० यी बाह्र वटा कार्यक्रमहरु जस्ता गीति-आयोजनाहरु तपाईहरुले गर्नुको उद्देश्य के हो ?**

- नेपालमा हाल जे जस्ता पनि गीतहरु चलिरहेका छन् । छाडा र उत्ताउला एवं निराशा, पलायन र अराजकता उत्पन्न गर्ने खालका गीत-संगीतको यहाँ बाढी चलेको छ । स्तरीय. र उद्देश्यमूलक छैनन्, काम चलाउ मात्रका छन् ।

यी बाहेक स्वस्थ गीत-संगीत पनि हुन्छन र स्वस्थ विचारले युक्त भएका मनोरञ्जनात्मक स्तरीय चीजहरु पनि हुन्छन् भन्ने कुरा हामी देखाउन चाहन्छौं । फाट्फुट् र संयोगवश मात्र हैन, नियमित रुपमा नियतपूर्वक नै स्वस्थ र सार्थक गीत-संगीतको रचनामा व्यस्त कलाकारहरु पनि छन् भनी हामी कामले देखाउन चाहन्छौं । स्वस्थ र सार्थक गीत-संगीतको धारालाई जनमानसमा चिनाउनु र यस धाराका गीति उदाहरणहरु प्रस्तुत गर्नु नै हाम्रो यस्ता कार्यक्रमहरुको प्रमुख उद्देश्य हो ।

**सरोज खनालले देशको पक्षमा राय व्यक्त गर्नु भएको राम्रो कुरा हो ।**

**अन्तर्वार्ता / रामेशसंग**



काममा लुला" भएका छन् । सबै सत्ताको राजनीति गर्नमा तल्लीन छन् ।
यसैकारण, आजकल उनीहरु पनि जनतालाई मान्छे हैन भोटको रुपमा देख्न थालेका छन् । एकपल्ट मन्त्री बन्न पाए तीन पुस्तालाई पुग्ने सम्पत्ति जोड्ने सपनाको खेतीमा लागेका छन् उनीहरु । यही देखेर जनता दिन पर दिन निरास र हतास हुँदैछन् । यिनीहरुबाट पनि नहुने भयो भनेर नयाँ आशा, विश्वास खोज्न यताउता टाउको उठाएर हेर्दैछन् ।
नेताहरुलाई जनताको अनुरोध छ - नेता हो जनतालाई निरास नपार, नत्र "मह दिने मौरीले खिल पनि हान्न सक्छ" । हवाइजहाजमा उडेर जमीनलाई नभुल, नहेप, जति माथि उडे पनि आखिर जमीनमै झर्नुपर्छ । जनता भनेको जमीन हो, जीवनको सशक्त आधार र युग एवं इतिहासका कुशल संचालक हुन् ।

## विजयी प्रतिभाहरु

### विमल निभा



यस वर्षको "लोकेन्द्र साहित्य पुरस्कार प्राप्त गर्नु हुने कवि

### आहुति



"तपश्वीका गीतहरु" कविता संग्रहका लागि "कृष्णमाणि अर्याल" पुरस्कार प्राप्त गर्नु हुने कवि

### हरिदेवी कोइराला



यस वर्षको "साहित्य- सन्ध्या" पुरस्कार प्राप्त गर्नु हुने गायिका

"मूल्याकंन" को बधाइ !

## "आरोहण"को टेलिफिल्म

# कालो पूल



एउटा कालो पूल छ, जुन पूलमा शहरका कोही प्रभात आदि नाउँ गरेका युवकहरू बा गाउँका कोही चन्द्रे नाउँ गरेका किशोरहरू गायब हुँदैछन् । कालो पूलमा हिंड्दै प्रवेश गरेको दृश्य देखिन्छ, बीचतिर पुग्दा नपुग्दै उनीहरू हराउँछन्, पूलपारी उनीहरू पुग्न पाउँदैनन् ।

यो कोही प्रभात र चन्द्रेहरूको मात्र वास्तविकता होइन, यो त हाम्रो सिंगै राष्ट्रको एउटा पुस्ताको वास्तविकता हो ।

बर्तमान नयाँ पुस्तालाई निलिदिने यो कालो पूल हो- लागूपदार्थ दुर्व्यसनको कालो पूल ।

यो कालो पूल मुनि भेटिएको कुनै युवकको लाश अस्पतालमा राखिएको छ-लाश बेवारिश छ । एउटा पत्रिकाको सम्पादक-रिपोर्टरले दिएको खबरबाट सो लाश हेर्न आएका थुप्रै जोडी आमा-बाबुहरू त्यस लाशमा आआफ्नो हराएको छोराको अनुहार देख्छन् र अन्त्येस्टी गर्न लाश आफूले पाउनु पर्ने दाबी गर्छन्।

लाशको लागि छिनाझप्टी गर्ने आमा-बाबुहरूले आफ्ना सन्तानहरूलाई बेलैमा- लागू पदार्थको दुर्व्यसनमा लाग्नबाटै रोक्ने उपाय र वातावरण तयार गर्न सक्नु पर्थ्यो, सिंगै समाज यस विषयमा चिन्तित हुनु पर्थ्यो र लागू पदार्थ बेचेर नाफा सोहर्न पल्केका समाजद्रोही नाफाखोरहरूको विरुद्ध समाज लागि पर्नु पर्थ्यो ।

समग्रमा यिनै सन्देशहरुलाई आत्मसात गरेर "आरोहण" समूहद्वारा "नेपाल दुर्व्यसनी बिरोधी समाज" बिराटनगरका लागि निर्मित टेलिफिल्म "कालो पूल" नेपाल टेलिभिजनले केही हप्ता अघि प्रसारित गरेको थियो । सुनील पोखरेलद्वारा निर्देशित यो टेलिफिल्म आफूले संप्रेषण गर्न खोजेको सन्देश प्रवाहित गर्न कलात्मक हिसाबले पनि सक्षम रहेको छ ।

साँझ बिजुली बत्ती निभ्ने दिन परेमा अन्य हल्काफुल्का स्तरहीन कार्यक्रमहरूलाई पनि पुनः दोहोराएर प्रदर्शन गर्ने नेपाल टेलिभिजनले यो टेलिफिल्मको अन्ततिर काठमाण्डौं उपत्यका लगायतका स्थानहरूमा बिजुली बन्द भएतापनि यसलाई दोहोऱ्याएर देखाउन जरुरी ठानेन । यसले ने.टि.भि.को रुचीको स्तरको भण्डाफोर भएको छ ।

टेलिफिल्म "कालोपूल" ले चित्रण गरेको नेपाली पत्रकारिता क्षेत्रको वर्तमान प्रवृत्ति अर्को उल्लेखनीय पक्ष हो। सिंगै नयाँ पुस्तालाई बर्बादीतिर धकेल्ने लागू पदार्थ दुर्व्यसन बारेको "समाचार" को सट्टा कुनै हिरोइनसंग अन्तर्वार्ता लिएर छाप्ने आदेश आफ्नो सहायकलाई दिने सम्पादक-प्रकाशकको वर्तमान नाफामुखी प्रवृत्तिलाई फिल्मले कुशलतापूर्वक प्रदर्शन गरेको छ ।



निर्देशक: सुनील पोखरेल




वास्तवमा नेपालमा अहिले यस्तै भइरहेछ - अधिकांश पत्रिका संचालकहरू केवल सनसनीपूर्ण कुराहरू छापेर पत्रिका बिकाउने नियत बोकेर सक्रिय छन् । पाठकहरूको ध्यान पनि हल्का फुल्का र सतही रोमांचकारी कुराहरूमा मात्र अल्झेको देखिन्छ । देश, समाज र आफ्नै जीवनसंग सम्बन्धित विषयहरू पत्रकार र पाठकहरू दुबैको रुचीको विषय नबन्नु ठूलो चिन्ताको विषय हो । यो चिन्तालाई अभिव्यक्ति दिएर "आरोहण"ले सामयिक र महत्वपूर्ण काम गरेको छ ।

फिल्मको अन्तमा सामाजिक दायित्वप्रति संवेदनशील सम्पादक-रिपोर्टरले त्यस कालो पूललाई प्रहार गरेको दृश्य देखाइएको छ । सांकेतिक रूपले यस प्रहारले लागू-पदार्थको दुर्व्यसन र यसका पछाडि रहेका नाफाखोरहरूको स्वार्थमाथि चोट दिने र दिनु पर्ने जुन सन्देश दिइएको छ, त्यो अनुपयुक्त छैन । तर उक्त सम्पादक-रिपोर्टर जस्ता एक दुई जना असल मानिसहरूले एक्ला-एक्लै लडेर मात्र यो समस्याका विरुद्ध पर्याप्त प्रहार हुन सक्छ र ? यसका लागि अत्यन्त व्यापक स्तरको संगठित प्रयत्नको खाँचो पर्छ र यो कुरा राज्य यन्त्रको बनौटसंग पनि जोडिन्छ । तस्करी र दुर्व्यसनबाट संपत्ति कमाउने काला बजारियाहरूको वर्गीय स्वार्थमा टिकेका राज्य-यन्त्रहरूले जहींकहीं पनि यो दुर्व्यसनको सामाजिक रोगलाई अप्रत्यक्ष रूपमा संरक्षण दिइरहेका छन् । यस पक्षतर्फ भने फिल्मको ध्यानाकर्षण हुनसकेको छैन ।

अभिनय, कला र प्रस्तुतिमा "आरोहण" आफ्नो स्तर कायम गर्न यस टेलिफिल्ममा पनि सफल छ ।

हरिगोविन्द लुईटेल

१६... पेजको बाँकी



आन्दोलनका प्रमुख व्यक्तित्वहरुको ज्यान लिन काम गर्न पनि पछि हट्दैन ।

तर केही अष्पष्ट र केलाएरैं हेर्नु पर्ने सवाल चाहिं दोस्रो सवाल हो ।

शत्रु हाम्रो पंक्तिमा पस्दा हामीलाई विश्वासमा पारेर , हामीलाई भुक्याएर, विभिन्न बाहना र नाटक गरेर पस्छ , हाम्रो बेहोशियारीको फाइदा उठाएर ऊ हाम्रो नजीक आउँछ ।

त्यसैले, शत्रुको प्रवेश हाम्रो पंक्तिभित्र हुन नदिन अत्यावश्यक कुरा हो- निरन्तर र परिपूर्ण होशियारी ।

यसैगरी शुरुमा इमान्दार रहेको व्यक्ति पछि गएर शत्रुको बहकाउमा परेर शत्रुको एजेन्ट हुनसक्ने संभावनाबाट बचनका लागि पनि हामीमा जरुरी हुने अत्यावश्यक कुरा निरन्तर र परिपूर्ण होशियारी नै हो ।

कम्युनिष्ट पार्टीभित्र कसैलाई पनि प्रवेश दिंदा अत्यन्त होशियारीपूर्वक छानवीन,जांचपरख गर्नु पर्ने र पछिसम्म पनि आफ्नो पंक्तिका मानिसहरु बिग्रे- नबिग्रेको हेर्ने वा बिग्रन नदिने उपायहरु निरन्तर अप्नाइनु जरुरी हुन्छ ।

कम्युनिष्ट आन्दोलन भनेको अरुहरुले जस्तो समाजलाई जस्तो छ, त्यस्तै छोडेर वा अलमल्याएर आफूले व्यक्तिगत फाइदा उठाउने "राजनीति" हैन । यो त देश- समाजलाई र अन्ततः संसारलाई नै सचेत मानवीय प्रयत्नहरुद्वारा समानता र स्वतन्त्रताको वास्तविक गरिमामय मानवीय उँचाइसम्म पुऱ्याउने आन्दोलन हो । कम्युनिष्ट पार्टी भनेको यसै आन्दोलनलाई अगाडि बढाउने धेय राखेका चेतलशील र संघर्षशील व्यक्तिहरुको समूह हो । बलियाले निर्धालाई चुसेर खाने वर्तमान सामाजिक परिपाटीकी जरै समेत अन्त गरी विकल्पमा मिलीजुली, बाँडीचुडी खाने र वैज्ञानिक उन्नतिको बाटोतिर अघि बढ्ने परिपाटी खडा गर्न लागीपर्ने अभियानको अगुवाइ गर्ने यस्तो कम्युनिष्ट पार्टीले निरन्तर अत्यन्त चनाखो, वुद्धिमत्तापूर्ण र विवेकशील हुनै पर्छ । नत्र त वर्तमान लुट-तन्त्रका हिमायतीहरुले बाहिर या भित्र दुवैतिरबाट गर्ने आक्रमणहरुबाट बच्न सकिदैन । किनभने, शत्रुहरु निरन्तर सक्रिय छन् । साम्यवादी आन्दोलनले विगतमा पनि शत्रुहरुको यस प्रकारको संभावित प्रहार खेप्नु परेका घटनाहरु विभिन्न देशहरुको इतिहासमा ताजै छन् । त्यसमाथि पनि सोभियत संघ लगायतका देशहरुमा भएका हालैका परिवर्तनहरु पछि त शत्रुहरुको मनोबल झन बढेको छ । यस स्थितिमा कम्युनिष्टहरुले अरु ज्यादा चनाखो हुनु जरुरी भएको छ ।

**शत्रुहरुको घुसपैठका विरुद्ध जुध्न मात्र हैन, समग्र कम्युनिष्ट आन्दोलनलाई उच्च, दीगो र लोकप्रिय राख्न पनि वैचारिक- सांस्कृतिक आन्दोलनको प्रणाली अत्यन्त महत्वपूर्ण छ ।**



यो पंक्तिभित्र अमर लामाहरुलाई कसरी घुस्न र टिक्न नदिने ?

अब एउटा अत्यन्तै ज्वलन्त प्रश्न हाम्रासामु खडा हुन्छ, त्यो हो - यो होशियारीको पक्षलाई संस्थागत र ज्यादा भरपर्दो बनाउने कसरी ? अर्थात, केही प्रभावशाली नेता वा कार्यकर्ताहरु सचेत र क्रियाशील रहुञ्जेल यसबारे ध्यान जाने, ती नेता- कार्यकर्ताको अभावमा वा शिथिलतामा भने यो ध्यान नजाने हुनबाट यसलाई कसरी रोक्ने ? साथै, शत्रु झन झन बाठो भएर हामीलाई ज्यादा छकाउन सक्ने बन्दै जान पनि सक्छ, यस्तोमा पनि कसरी हाम्रो होशियारीलाई भरपर्दो बनाउने ?

यी समस्याहरुको समाधानका लागि हामीले कम्युनिष्ट आन्दोलनभित्र अप्नाउनु पर्ने कुनै त्यस्तो वैज्ञानिक प्रणाली हुनसक्ला कि नसक्ला ? यदि त्यस्तो प्रणाली हामीसँग हुँदा हो त शत्रुहरुको घुसपैठबाट हामी अत्यधिक मात्रामा बच्न सक्थ्यौं र यस्तो प्रणाली हामीलाई शत्रुविरुद्धको एउटा स्थायी हतियार सावित हुन्थ्यो ।

वास्तवमा प्रणालीकै रुपमा कम्युनिष्ट आन्दोलनभित्र लागू गर्न सकिने त्यस्तो कुरा हामीसँग नभएको चाहिं होइन , यसतर्फ हाम्रो ध्यान कम गइरहेको छ तर पनि यो हामीसंग जरुर छ ।

यो प्रणाली हो- हामीभित्र निरन्तर चालू गर्नुपर्ने वैचारिक- सांस्कृतिक आन्दोलनको प्रणाली ।

शत्रुहरुको घुसपैठका विरुद्ध जुध्न मात्र हैन, समग्र कम्युनिष्ट आन्दोलनलाई उच्च, दीगो र लोकप्रिय राख्न पनि यो प्रणाली अत्यन्त महत्वपूर्ण छ । सोभियतसंघ लगायतका देशहरुको विगतको अनुभव केलाउने काम गरिरहेका विभिन्न देशका कतिपय मार्क्सवादी विचारहरुको ठहर पनि यही रहेको छ कि- सत्ता प्राप्त भैसकेपछि पनि यसलाई जोगाउन कम्युनिष्ट पार्टीहरुले मुख्य गरी पार्टीभित्र र पार्टी बाहिर समाजमा समेत चालू राख्नै पर्ने एउटा महत्वपूर्ण कुरा रहेछ- वैचारिक- सांस्कृतिक आन्दोलन ।

वैचारिक सांस्कृतिक आन्दोलन भन्नाले साम्यवादी विचारधारा, चिन्तन प्रणाली र संस्कृति जीवनको हरेक पक्षमा अभ्यास गर्ने अभियान हो । या भनेको खालि ढाँचागत परिवर्तन होइन, मानिसको दृष्टिकोण र मन नै साम्यवादी दिशामा फेर्ने आन्दोलन हो । साम्यवादी दिशामा परिवर्तन भनेको मानिसलाई झन झन आफूप्रति र संसारप्रति आलोचनात्मक (Critical ) बनाउने, झन झन सत्यमुखी र समाजमुखी बनाउने, झन झन वैज्ञानिक दृष्टिकोण र ज्ञानले युक्त बनाउने, झन झन न्यायमुखी र नैतिकवान बनाउने आन्दोलन हो । छोटोमा भन्दा, यो भनेको कुरामा हैन, व्यवहारमा र जीवनमा साम्यवाद लागू गर्ने अभियान हो ।

कम्युनिष्ट हुन कुनै नेता वा गुरुको अन्ध समर्थनमा "हो" या "होइन" मा हात उठाउने क्षमता मात्रले पुग्दैन । "म कम्युनिष्ट विचारधारा मान्छु" भनी भन्नाले वा कागज लेखेर दिनाले मात्र व्यक्ति कम्युनिष्ट बन्दैन । पार्टीको अफिस वा भेला - बैठकमा मात्र वा मंचमा मात्र होइन, जीवनका हरेक पक्ष र क्षणमा साम्यवादलाई लागु गर्न संघर्षशील रहने, आफू र संसारप्रति आलोचनात्मक चिन्तन रहने चरित्र उभित्र हुनुपर्छ । उसमा जम्मा जम्मीमा समाजमुखी सत्यमुखी र न्यायमुखी चरित्र हुनुपर्छ । एकै चरणमा मानिस यो उंचाइमा पुग्न नसक्ला, तर उसको विकासक्रम भने यस दिशातर्फ उन्मुख भएको हुनै पर्छ ।

यदि सर्वप्रथम नेतृत्वमा यो कुराको माग हुने र त्यसपछि संपूर्ण पार्टीमा यसलाई महत्व दिने परिपाटी कम्युनिष्ट आन्दोलनमा हुर्कने हो भने शत्रुको घुसपैठ रुपी हमलाबाट धेरै हदसम्म पार्टीलाई र आन्दोलनलाई जोगाउन सकिन्छ । यसो भएमा पार्टीमा शत्रुको एजेन्ट प्रवेश गर्ने वा रहने संभावना निमिट्यान्नै नभए पनि धेरै कम हुन्छ । केही नेताहरुलाई रिझाएको भरमा वा "हो" मा "हो" मिलाएको भरमा मात्र पार्टीमा प्रवेश नपाइने भएपछि शुरुमै प्रवेश गर्न गाह्रो हुन्छ । ढोंग वा

बाँकी ...४०... पेजमा



# विश्वका जन–नेताहरु मार्न
# सि.आइ.ए.ले के के सम्म गऱ्यो ?

– किरणप्रकाश श्रेष्ठ


सी. आइ. ए. का पूर्व निर्देशक रिचर्ड हेल्मस

आफ्नो स्वार्थको निम्ति अलिकता पनि खतरा हुनासाथ विश्वका विभिन्न मुलुकका प्रशिद्ध जन–नेताहरु मार्नु, कम्युनिष्ट नेताहरु मार्नु, अमेरिकाको शासक वर्गको निम्ति मामुली कुरा हो। विभिन्न षड्यन्त्रहरु गर्न र यसरी जन–नेताहरु मार्नको निम्ति विश्वव्यापी रुपमा चर्चित संस्था हो – सि.आई.ए. अर्थात Central Intelligence Agency – अमेरिकाको केन्द्रिय गुप्तचर संस्था।

कसरी मार्दै आएको छ त, यसले लोकप्रिय प्रशिद्ध कम्युनिष्ट तथा जन–नेताहरुलाई ? के के सम्म उपाय गर्छ यसले उनीहरुको हत्या गर्नलाई ? के कस्ता स्रोत, साधन र मानिसहरु प्रयोग गर्छ यसले हत्या प्रयासमा ? यो कुरा धेरैको निम्ति जिज्ञाषाको विषय हुन सक्छ।

यो जिज्ञाषा थोरै हदसम्म भएपनि मेट्न विश्वमा खुबै चर्चित भए पनि नेपालमा अत्यन्त कम चर्चित, तर निकै भरपर्दो एउटा पुस्तकबाट केही घटनाहरु यहाँ दिन लागिएको छ।

Thomas Powers द्वारा लिखित The Man Who Kept the Secrets त्यो प्रशिद्ध पुस्तकको नाम हो। Alfred A Knopf, New York द्वारा १९७९ मा प्रकाशित यो पुस्तक ३९३ पृष्ठको छ। यो पुस्तकको विश्वसनीयता के मा छ भने, यो पुस्तक CIA का भूतपूर्व निर्देशक रिचार्ड हेल्मसको सहयोगमा आधारित छ र यो पुस्तकको पाण्डुलिपी तयार भएपछि यसलाई पुनर्निरीक्षण गर्ने काम रिचार्ड हेल्मस स्वयंले गरेका थिए। यो पुस्तक तयार गर्न रिचर्ड हेल्मसका अलावा अरु थुप्रै ~~कुक्ष~~ अधिकृतहरुले प्रत्यक्ष सहयोग गरेका थिए।

प्रस्तुत छ – त्यही पुस्तकका आधारमा – सि.आइ.ए.ले विश्व प्रशिद्ध र लोकप्रिय जन–नेताहरु वा कम्युनिष्ट नेताहरुको हत्या गर्न गरेका केही घृणित प्रयासहरुको संक्षिप्त विवरण।

## चे गुभेराको हत्या

क्यूवामा क्रान्ति सम्पन्न गर्ने प्रशिद्ध कम्युनिष्ट नेता चे गुभेराको हत्या कसले गरेको थियो ? यो अहिलेसम्म विवादको विषय रहिआएको छ। तर यो पुस्तकमा किटानसाथ लेखिएको छ – उहाँको हत्या अक्टोबर १९६७ मा बोलिभियाको एउटा रेञ्जर युनिटले गरेको थियो। यो रेञ्जर युनिटलाई तालीम दिने काम अमेरिकाले पानामामा गरेको थियो र यसलाई हातहतियारले सहयोग गर्ने कार्य अमेरिकाको विशेष सैनिक दस्ता (Special Forces Troops) ले गरेको थियो। यही युनिटले चे गुभेरालाई कब्जा गरेर मार्ने कार्य गरेको थियो।


चे गुभेरा

यो हत्या भएपछि CIA को एजेण्टको रुपमा काम गरिरहेका बोलिभियाका गृहमन्त्री एण्टोनिओ आरगुएदास चिलीमा भागे र CIA को काम कार्वाहीको पर्दाफास गरिदिने धम्की दिए। CIA ले यतिखेरै के थाहा पायो भने क्यूवाको गुप्तचर सस्थाका प्रमुख बार्बारोस्सा पनि यति बेला नै चिली जाँदैछन्। यो जानकारीबाट CIA निकै त्रस्त भयो – वास्तविकता खुल्ला भनेर। CIA का तात्कालीन निर्देशक रिचर्ड हेल्मसले तात्कालीन चिलीका लागि अमेरिकी राजदूत एडवार्ड कोरीलाई व्यक्तिगत रुपले आरगुएदासलाई बार्बारोस्सासग भेट्न नदिएर एकान्तमा राख्ने प्रबन्ध गर्न अनुरोध गरे। कोरीले चिलीका अधिकारीहरुलाई आरगुएदासलाई CIA को चिली स्थित स्टेशनमा सुम्पन सहमत गराए। बल्ल बल्ल-गोप्यता भंग हुनबाट बच्यो। CIA ले यस निम्ति राजदूत कोरीलाई निकै धन्यवाद दियो र कोरी अमेरिका आउँदा निर्देशक हेल्मसले उनलाई दिवा-भोजमा डाकेर कृतज्ञता व्यक्त गरे।

## फिडेल क्यास्त्रोको हत्या प्रयास

क्यूबाको क्रान्तिका अर्का लोकप्रिय कम्युनिष्ट नायक तथा वर्तमान राष्ट्रपति फिडेल क्यास्त्रोलाई मार्ने निर्देशन राष्ट्रपति केनेडीले CIA लाई दिएका थिए। उहाँलाई मार्ने पहिलो CIA योजना १९६० को गर्मी महिनामा बनेको थियो। यसका निम्ति CIA का सुरक्षा निर्देशक कोलोनल शेफिल्ड एडवार्डस र अर्का एक जना CIA अधिकृतले रोबर्ट महेउ नाम गरेका CIA का गुप्तचरलाई जिम्मा दिए र काम सम्पन्न भएमा १ लाख ५० हजार अमेरिकी डलर पुरस्कार दिने करा गरे। महेउले यो कामका निम्ति जोन रस्सेली नाम गरेको एक जना माफियाको नाम सिफारीश गरे। १९५९ मा फिडेल क्यास्त्रोले क्यूबामा जुवा खेल्न प्रतिबन्ध लगाएबापत रिसाएका अन्य माफियाहरुको साथ लिएर जोन रस्सेलीले आफ्नो काम शुरु गऱ्यो।

अगस्त १९६० मा CIA ले क्यास्त्रोलाई विषालु चुरोट खुवाएर मार्ने योजना रच्यो। सेप्टेम्बर १९६० मा क्यास्त्रो संयुक्त राष्ट्र सघमा भाग लिन न्यूयोर्क आउँदै थिए। त्यतिबेलै उनलाई सबभन्दा मनपर्ने चुरोटमा ज्याने लिने विष हालेर उनलाई उपहार दिने योजना रचियो। तर यो योजना कार्यान्वित हुन सकेन र त्यसपछि विष्फोटक चुरोटद्वारा क्यास्त्रोलाई मार्ने योजना बन्यो। तर यो पनि विफल भयो।

फरवरी १९६१ मा CIA को प्राविधिक सेवा शाखाले क्यास्त्रोलाई खुवाएर मार्ने भनेर Botulinum Toxin Pills तयार पाऱ्यो। यो पिल्स पहिले बाँदरमाथि सफलतापूर्वक प्रयोग गरेर हेरियो। त्यसपछि यो एर्कि कोलोनल एडवार्डस् मार्फत माफिया जोन रस्सेलीकहाँ पुऱ्याइयो। फरवरी महिनाको अन्तसम्म क्यास्त्रोको नजिकै हिंड्ने एक जना मानिससम्म यो पुग्यो। तर अत्यधिक सावधानीले गर्दा उसले यो पिल्स क्यास्त्रोलाई खुवाउन सकेन।

अर्थ कोलोनल एडवार्डलाई समेत नाघेर सिधै विलीयम हार्वेद्वारा माफिया समूह मार्फत क्यास्त्रोलाई मार्ने योजना बन्यो। माफिया समूह सगठित पनि गरियो। तर योजना फेरि पनि विफल भयो। अप्रिल ८, १९६२ मा फेरि चार वटा विषालु


फिडेल क्यास्त्रो

पिल माफिया जोन रस्सेलीलाई दिइयो र क्यास्त्रोलाई त्यो खुवाएर मार्ने भनेर ३ जनाको टीम खटियो। तर यो प्रयत्न पनि विफल भयो। यसपछि त CIA को Special Affairs Staff को रुपमा हार्वेको ठाउँमा डेस्मेण्ड फिट्जगेराल्ड आए।

फिट्जगेराल्डले एउटा विषालु समुद्री क्यास्त्रोको हत्या गर्ने योजना बनाए। मृदको उपहार

दिए एक जना अमेरिकी वकील जेम्स बी डोनोभन चुनिए । CIA को प्राविधिक सेवा शाखाले सूट किन्यो । र, त्यसमा छातिनेर टी.वी. रोगका खतरनाक कीटाणुहरु राखिए र अन्य भागमा Modeera foot नाम गरेको छालाको दीर्घ रोग लाग्ने रासायनिक पदार्थ राखियो । तर यो सूट डोनोभनले क्यास्त्रोलाई दिन सकेनन् । सूट त दिइयो, तर अर्कै र आफ्नै तर्फबाट ।

अब क्यास्त्रोलाई मार्न फिट्जराल्डले एक जना क्यास्त्रोकै विश्वास पात्र सेनाका मेजर रोलाण्डो क्यूबेलालाई तयार पारे, जो १९६१ देखि CIA को सम्पर्कमा थिए । क्यूबेला क्यास्त्रोसित सगसँगै काम गरेका, क्रान्तिमा लागेका प्रतिष्ठित




CIA को प्रतीक चिन्ह

मानिस थिए । उनी क्यास्त्रोसित घनिष्ट थिए । तर क्यूबामा सोभियत संघको उपस्थितिलाई लिएर उनको क्यास्त्रोप्रति तीव्र असन्तोष थियो र उनी ठान्दथे कि क्यास्त्रोले क्रान्तिलाई धोका दिएका हुन् । यस हिसाबले CIA को निम्ति क्यास्त्रोको हत्याकालाई लागि क्यूबेला सर्वश्रेष्ठ मानिस थिए । क्यूबेलाले हत्या गर्न सहमति पनि जनाए । यस निम्ति उनले CIA सित अत्याधुनिक Sniper rifle मागे र CIA त्यो दिन तयार भयो । हत्या योजना बनाउन अक्टोबर २९,१९६३ मा फिट्जराल्डले क्यूबेलासित पेरीसमा भेटघाट गरे, यद्यपि यसरी उच्च पदस्थ CIA पदाधिकारीले आफूलाई सिधै चिनाउने काम गर्नु हुन्न भनेर फिट्जराल्डका सहायकहरुको तीव्र विरोध थियो । क्यूबेलाले फिट्जराल्डसित सिधै रोबर्ट केनेडीसित भेटाईदिन माग गरे । तर आफू केनेडीको प्रतिनिधि हुँ भनेर उनले क्यूबेलाको चित्त बुझाए ।

नोवेम्बर २२, १९६३ मा क्यूबेलाको निम्ति CIA को सम्पर्क अधिकृतले उनलाई क्यास्त्रोको हत्याको लागि भनेर एउटा विशेष तवरले तयार पारिएको कलम दिए, जुन कलम प्रयोग गरियो भने थाहै नहुने गरी क्यास्त्रोको शरिरमा मृत्युकारक विष घुस्दथ्यो । तर क्यूबेलाले त्यो कलमलाई त्यस्तो गर्न सक्छ भनेर पत्याएनन् । त्यसलाई एउटा खेलौना जस्तै ठानेर क्यास्त्रोलाई दिने कार्य गरेनन् । यत्तिकैमा अमेरिकामा राष्ट्रपति केनेडीको गोली हानेर हत्या भयो । र क्यास्त्रो मार्ने योजना अनिश्चित समयसम्म पछि सर्‍यो । कार्यवाहक अमेरिकी राष्ट्रपति जोनसनले यसमा तुरुन्तै स्वीकृति दिएनन् ।

तर क्यूबेलाको सम्पर्क CIA ले छोडेन । उनलाई १९६५ को वसन्त ऋतुको शुरुमा उनको माग अनुसार Sniper rifle पनि उपलब्ध गराइयो । तर जुन १९६५ मा पुग्दा CIA लाई आफ्ना स्रोतहरु र सुन्ने यन्त्र मार्फत के सूचना मिल्यो भने- क्यूबेला यूरोपको बारम्बारको भ्रमणमा क्यास्त्रोलाई मार्ने आफ्नो योजनाबारे अनेक कुरा गर्दै हिंडदैछन् ।

अब CIA लाई क्यूबेला मार्फत फिर्ती- गुप्तचरी पनि हुन सक्छ भन्ने सूचना पनि प्राप्त भयो । यो सूचनासँगै CIA ले क्यूबेलासँग सम्पूर्ण सम्बन्ध विच्छेद गर्‍यो र साथसाथै क्यास्त्रो मार्ने योजना पनि रद्द गर्‍यो ।

क्यास्त्रो निकै सावधानीका साथ बस्दथे र उनलाई मार्नु फलामको च्यूरा चपाउनु सरह थियो ।

## प्याट्रिस लुमाम्बाको हत्या

कंगोका लोकप्रिय नेता प्याट्रीस लुमाम्बाको हत्या गर्ने योजना पनि CIA ले नै गरेको थियो ।

CIA का वैज्ञानिक सल्लाहकार गट्लियबले हत्या गर्ने औजारहरुको एउटा बक्सा नै तयार गरे । यो बक्सामा Biological agent, hypodermic सियोहरु, रबरका पंजाहरु, गजको मुकुण्डो थियो । यो बक्सालाई लियोपोल्डभिल्लेमा रहेको CIA स्टेशनमा सुम्पियो । यस स्थानीय स्टेशनको प्रमुख लरेन्स डेभ्लीन थिए । तिनै डेभ्लीनलाई लुमाम्बाको हत्या गर्न अह्राइएको थियो । लुमाम्बा त्यतिखेर लियोपोल्ड भिल्लेमै संयुक्त राष्ट्र संघको संरक्षित हिरासतमा थिए ।

हत्याको यो योजना कंगोमा लागू गर्ने जस्टीन ओ डोनेललाई भनिएको थियो । तर ओ डोनेल एक जना क्याथोलिक इसाई धर्मावलम्बी भएको बताउँदै धार्मिक आधारमा उनले हत्याको यो काम गर्न असमर्थता जनाए । उनले CIA का निर्देशक हेल्म्ससमक्ष आफ्नो विरोध पनि जनाए । तर यो योजना बिसेल भन्ने CIA अधिकृतको कार्यक्षेत्रको कुरा भएकाले हेल्म्सले यसमा कुनै हस्तक्षेप गरेनन् । ओ डोनेलको इन्कारीको बावजूद हत्या योजना जारी नै रह्यो ।

अन्ततः शायद, जनवरी १९, १९६१ को दिन, प्याट्रीश लुमाम्बाको हत्या भई छोड्यो । तर अझै प्रचार गरिंदै छ - यो हत्या लुमाम्बाका कंगोकै शत्रुहरुले गरेका हुन् ।

## साल्भाडोर एलेण्डे र चिलीका सेना प्रमुखको हत्या

अमेरिकी राष्ट्रपति निक्सन चिलीका लोकप्रिय नेता तथा कम्युनिष्ट राष्ट्रपति सेल्भाडोर एलेण्डेलाई कुनै पनि हालतमा सत्तारुढ हुन दिने पक्षमा थिएनन् । त्यसैले, सेप्टेम्बर १९७० मा चिलीमा राष्ट्रपतीय निर्वाचन हुनु अघि नै अमेरिकी राष्ट्रपति निक्सन चिलीमा सैनिक विद्रोह गराउन चाहन्थे । र, यो काम CIA लाई अह्राइयो । सत्ता पल्टाउने यो षडयन्त्रलाई अमेरीकी राष्ट्रपति निक्सनले यति गोप्य राखे CIA लाई निर्देशित गरे कि चिलीका निम्ति तात्कालीन अमेरिकी राजदूत एडवार्ड कोरीले पनि यो कुरा चाल पाएनन् ।

सबैभन्दा अघि साल्भाडोर एलेण्डेलाई राष्ट्रपति पदमा निर्वाचित नै हुन नदिने योजना रचियो । यसका निम्ति एलेण्डेका प्रतिद्वन्दी एलेसाण्ड्रीलाई हर हिसाबले सहयोग गर्ने रणनीति बन्यो । एलेण्डेलाई निर्वाचित हुनबाट रोक्न बहुराष्ट्रिय कम्पनीहरुले ५ लाख डलर दिने प्रस्ताव गरे । International Telephone and Telegraph भन्ने संस्थाले CIA लाई एलेण्डे विरुद्ध एलसाण्ड्रीलाई चुनावमा सघाउन १० लाख डलर दिने प्रस्ताव गर्‍यो । तर यी सबैका बावजूद एलेसाण्ड्री सेप्टेम्बर ४ को चुनावमा हारे । राष्ट्रपति पदमा एलेण्डेकै जित भयो ।

अब चिलीको संसदले राष्ट्रपतिको अनुमोदन गर्ने संवैधानिक प्रावधान अनुसार अक्टोबर २४ का दिन त्यो अनुमोदन गर्ने कार्यक्रम थियो । अब अमेरिकी प्रशासन हर-तरहले र सैनिक विद्रोहद्वारा पनि यो अनुमोदन हुनबाट रोक्ने पक्षमा थियो । बहुराष्ट्रिय कम्पनीहरुको पनि यही राय थियो ।

सैनिक विद्रोहका निमित सबैभन्दा ठूला बाधक थिए - चिलीका सेनाका कमाण्डर जनाव रेने स्कनेइडर। उनी असंवैधानिक तवरले एलेण्डेलाई राष्ट्रपति हुनबाट रोक्ने हरेक प्रयत्नका विरोधी थिए । त्यसैले CIA ले सर्वप्रथम उनैलाई खतम पार्ने योजना रच्यो ।



साल्भाडोर एलेण्डे

अक्टोबर २२, १९७० का दिन CIA का अपहरणकारीहरुले बिहान ८ बजे उनको कारलाई रोके, उनलाई गोली हाने र ३ दिन पछि उनको मृत्यु भयो । त्यसपछि पनि एलेण्डे राष्ट्रपति त निर्वाचित भए तर सेप्टेम्बर ११, १९७३ मा सैनिक विद्रोहद्वारा उनलाई अपदस्थ गरियो र उनको हत्या गरियो । -बाँकी ४० पेजमा



### कर्मचारीलाई दास मनोवृत्तितिर उन्मुख गराईदैछ

# नयाँ कर्मचारी ऐनले

## वृत्ति-विकासको ढोका बन्द गरेको छ

-भरत लामिछाने,
महासचिव, नेपाल निजामति कर्मचारी संगठन

**डेढ वर्षअघि संसदको अधिवेशनमा मुख्य गरी विपक्षी सांसदहरुद्वारा अत्यन्त ठूलो निन्दा र विरोध भएपछि तुहिन पुगेको "नेपाल निजामति सेवा "विधेयक"लाई पुनः संसदको गत अधिवेशनबाट पास गरी सरकारले ऐनको रुपमा हालै ल्याएको छ। कर्मचारी वर्गलाई जनपक्षीय बनाई उनीहरुलाई प्रजातान्त्रिक हक अधिकारले सुसज्जित गराई उनीहरुको उत्प्रेरणाको स्तरलाई माथि उकास्ने कार्य गर्नमा यो ऐन उन्मुख हुनुपर्थ्यो। तर समग्रमा ऐन यस्तो छैन। विगत ऐतिहासिक जन आन्दोलनको स्पीरिटलाई यसले सम्हाल्न सकेको छैन, उल्टो संविधानले दिएको हकलाई पनि सीमित गर्ने प्रयत्न यसले गरेको छ। जम्मामा यो ऐन प्रशासनमा भइरहेको चरम कांग्रेसीकरणलाई संस्थागत गर्ने निहित उद्देश्य लिएर आएको छ। कर्मचारी वर्गमाथिको दण्ड सजाय र सेवा अवधि आदिका क्षेत्रमा सरकारले वा हाकिमले मनपरी व्याख्या वा व्यवहार गर्ने छुट दिइनुले यस कुराको पुष्टी गर्छ।**

**यसैवीच, कांग्रेसी राजनीतिको एकलौटी प्रभावलाई प्रशासनमा हावी गराउने निहित उद्देश्यले खडा गरिएको "नेपाल निजाम्ति कर्मचारी संघ " पनि केही समय यता "माग र संघर्ष"को कुरा गरी लोकप्रिय बन्ने नाटक गरिरहेको छ। यिनै सन्दर्भहरुमा हामीले नेपाल निजामती कर्मचारी संगठनका महा-सचिव भरत लामिछानेसँग कुराकानी गरेका थियौं। प्रस्तुत छ -कुराकानीको सारांश। -मूल्याङ्कन**

**० हालैमात्र निजामती सेवा ऐन २०४९ प्रकाशमा आएको छ, यसबारे तपाईंको प्रतिक्रिया के छ ?**

*- जुन उद्देश्य लिई कर्मचारीहरुले हातमा परिचयपत्र लिई, आफ्नो कुर्सीलाई समेत बलिदान दिने हेतुले २०४६-४७ सालमा जन आन्दोलनलाई सफल तुल्याउन मद्दत गरेका थिए, त्यसको मर्म नबुझी, उक्त जन आन्दोलनकै भावना विपरीत ढंगका केही दफाहरु बोकेर यो निजामती ऐन आएको छ । त्यसैले यसले गर्दा कर्मचारीको वृत्ति-विकासको प्रकृयालाई माथि उठाउने हैन, वृत्ति-विकासको ढोका नै बन्द भएको छ ।*

**० ऐनमा त्यसरी वृत्ति विकासको ढोका नै बन्द हुने गरी के कुरा ल्याइएको तपाईंले देख्नु भएको छ ?**

*- प्रथमतः यो ऐन, ऐन जस्तो नभई नियम स्तरको भएको छ, किनभने यस ऐनका कतिपय दफाहरु ऐनमा समावेश नगरी नियममा समावेश गरे पुग्ने देखिन्छ । कतिपय महत्वपूर्ण कुराहरु भने ऐनले नै व्यबस्था गर्नु पर्नेमा त्यसो गरिएको छैन । यसरी ऐनमा नै तोक्नु पर्ने कुराहरुलाई "तोकिए बमोजिम गर्ने" प्रावधान धेरै ठाउँमा राखिएका छन् । यसबाट ऐन भन्दा यसपछि बन्ने नियमावलीलाई शक्तिशाली बनाउने कार्य सजिलै हुन सक्छ । ऐन भनेको स्पष्ट, ऐना जस्तो छर्लङ्ग हुनु पर्दछ । यो त्यस्तो छैन ।*

*दोस्रो कुरा, यस ऐनको दफा १० मा नियुक्तिको लागि अयोग्यता के के हुन् भन्ने उल्लेख गर्दै दफा १०(ग)को खण्ड (२) मा रा.प.द्वितीय वा प्रथम श्रेणीमा खुल्ला प्रतियोगिताद्वारा नियुक्ती गर्दा स्थायी कर्मचारीलाई उमेरको हद लाग्दैन भनी खण्ड (३) मा उल्लेख गरिएको छ । यसबाट रा.प.द्वितीय र प्रथम श्रेणीमा मात्र खुल्ला प्रतियोगिता गर्नलाई स्थायी कर्मचारीलाई उमेरको हद नलाग्ने, अन्य तहको पदमा लाग्ने ऐनको मनसाय देखिन्छ । यस अघि सबै तहका वहालवाला निजामती कर्मचारीले उमेरको हद्‌बन्दीविना खुल्ला प्रतियोगिता भाग लिन पाउँथे । यो नयाँ प्रावधानले बढी योग्यता प्राप्त गरे पनि तल्लो तहमा बसेका ३५ वर्ष नाघेका वहालवाला कर्मचारीको वृत्ति-विकासको ढोकालाई पूरै बन्द गरेको छ । किनकि उनीहरु त खुल्ला प्रतियोगितामा, उक्त दुई पद बाहेक भागैलिन पाउँदैनन्, उमेरको कारणले । त्यसैले यस्ता दफा खारेज गरिनु पर्दछ । साथै, विकास तर्फका कर्मचारीको हकमा पनि ऐनले केही व्यवस्था नगरिदिंदा गम्भीर असर पर्न गएको छ ।*

**० मूल रुपमा यस ऐनमा निहित विसंगतिहरु यति मात्रै हुन् त ?**

*- यस बाहेक पनि थुप्रै कुराहरु छन् । यस ऐनको दफा ३ मा निजामती सेवाको गठन प्रक्रियामा लेखापरीक्षण सेवाको व्यवस्था हुनु पर्नेमा सो नभएको, दफा ७ मा निजामती सेवाको पदपूर्तिमा अंक विभाजन गर्दा अवैज्ञानिक रुपले गरिएको छ । यस्तो प्रावधानले हाकिम रिझाउन चाकडी गर्नु पर्ने मनोवृत्ति बढाउने प्रवल संभावना हुन्छ । त्यसैले यो दफा पनि खारेज गरिनु पर्दछ । दफा २२ मा बढुवाको लागि संभाव्य उम्मेदवार बन्न नपाउने भनेर तीन वटा प्रावधान दिईएका छन् । त्यसमध्ये "निलम्बन भएकोमा" र "बढुवा रोक्का भएकोमा" भन्ने प्रावधानभन्दा "तलब वृद्धि रोक्का भएकोमा" भन्ने प्रावधानलाई बढी कडाईपूर्ण र अन्यायपूर्ण व्यवस्था गरिएको छ । त्यसैले यो व्यवस्था पनि खारेज हुनुपर्दछ । त्यस्तै दफा ३४ मा २० वर्ष सेवा अवधि पुगेका कुनै पनि निजामती कर्मचारीलाई तोकिएको आधारमा सेवाबाट अवकाश दिन सक्नेछ, भन्ने दफा पनि यसमा समाविष्ट छ । यो दफा त पुरै निरंकुश देखिन्छ । यो व्यवस्थाबाट २० वर्ष सेवा अवधि नाघेका कर्मचारीहरु कुनै पनि बेला जागिर गुम्ने डरले ग्रस्त भईरहनु पर्ने स्थिति खडा हुनेछ । बढी अनुभवी भएपछि झन प्रोत्साहित हुनु पर्नेमा झन खतराग्रस्त स्थितिमा रहनु पर्ने स्थिति हुनेछ । यो प्रावधान मन नपरेका, भिन्न विचारका कर्मचारीहरु जुनसुकै रुपमा हटाएर जथाभावी गर्नको लागि चोर-ढोका हुने निश्चित छ ।*

*त्यस्तै दफा ४८ ले कुनै पनि निजामती कर्मचारीले १० बजेदेखि ५ बजेसम्म नोकरी गरेपछि अन्य समयमा पनि अन्य व्यवसाय गर्न हुदैन भनी आर्थिकोपार्जन गरेर परिवारका सदस्यहरु पालन पोषण गर्न समेत बन्देज लगाईएको छ । यस्तो बन्देज लगाईनु हुँदैन । दफा ५१ ले त झन जन आन्दोलनको भावनालाई कुल्चेको छ । किनभने यसले सांगठनिक गतिविधि संचालन गर्ने अधिकारलाई बन्देज गरेको छ । यो दफा संविधानको भावना विपरीत भएकोले हटाईनु पर्दछ । ऐनले कुनै पनि रा.प.निजामती कर्मचारी, निजामती कर्मचारीहरुको कुनै संस्थाको*



पुनः सँगठन बिस्तारतिर

......८. पेजको बाँकी

**वर्तमान जन-आन्दोलन किन ... ?**

पनि लिन थालेको छ ।

## अन्तरविरोध र प्रवृत्तिहरु

आन्दोलन तेज भएपछि नेपाली कांग्रेसको नेतृत्व उपरी तहमा एकतावद्ध भएको छ, तर गिरिजाको मनपरीतन्त्र र तानाशाहीविरोधी नेपाली कांग्रेसभित्रकै एउटा प्रजातन्त्रवादी जत्थाले सरकारविरुद्ध पर्चा निकालेर आएको छ । यस्तै केही कांग्रेसी छापाहरु पनि खुलेआम गिरिजाविरुद्ध देखापरेका छन् । यसले नेपाली कांग्रेसभित्र प्रवृत्तिगत अन्तरविरोध छ भन्ने देखाउँछ ।

वाह्य प्रतिक्रियावादी शक्तिहरु मध्ये अमेरिका अहिले आफ्नो राजदूत मार्फत आन्दोलनको विरुद्ध प्रकट रुपमा बोलेर देखापरेको छ । यसले, भरे आन्दोलन चर्कदा अमेरिकाले के गर्नेछ भन्ने कुरोको छनक दिन्छ ।

दरवार अहिले तमासे बनेर खडा छ । दरवार नजीकका पत्रिकाहरु 'राजाको भूमिकाको आवश्यकताको' बढाई चढाई प्रचार प्रसार गरिरहेका छन् ।

संघर्ष अहिले शहरमा छ र शहरका आम जनसमुदाय मैदानमा उत्रन थालेका छन् । शहरको निम्न पूंजीपति वर्ग, असचेत सर्वहारा र श्रमिक वर्ग सबैभन्दा बढी मैदानमा उत्रेका छन् । गाउँका भने उत्पीडित वर्ग र किसान समुदायलाई आन्दोलनले राम्ररी छोइसकेको छैन । शहरकै मध्यम वर्ग पनि मैदानमा उत्रिसकेको छैन । त्यो भन्दा माथिको पूंजीपति वर्ग र व्यापारीहरु - आन्दोलनको विपरीत खेमामा देखा पर्न थालेका छन् - "हाम्रो व्यापार र उद्योगमा "बन्द" कार्यक्रमले क्षति पुऱ्यायो" भनेर ।

आन्दोलनकारी वाम समूहहरु यो बीचमा लामो लामो दूरीको आम- हड़तालको कार्यक्रम राखेर आएका छन् । एउटा ठूलो कार्यक्रम


जनता सडकमा

# गिरिजा सरकार सत्तामा आएपछि- सरकारद्वारा कति नागरिकहरुको ज्यान लिइयो ?

| नाम | मिति | कारण |
|---|---|---|
| १. बसीर मियाँ, अर्घाखाँची | २०४८।३।२४ | कम्युनिष्ट भएको आरोपमा |
| २. मनोज जोशी, खोटाङ | २०४८।४।१५ | कर्मचारी आन्दोलनको सिलसिलामा |
| ३. जय कृष्ण चौधरी, बारा | २०४८।१०।७ | वनपाले कृष्ण प्रसादको गोलिबाट |
| ४. लक्ष्मी चौधरी, बारा | २०४८।१०।९ | आफ्नै घर आंगनमा रक्सीले मातिएका प्रहरीको गोलीबाट |
| ५. सत्य नारायण राजवंशी, मोरङ | २०४८।११।९ | प्रहरी जवान धनेन्द्र तामाङको गोलीबाट, ख्याल ख्यालमा |
| ६. राजेन्द्र तिमिल्सिना, मोरङ | २०४८।११।२९ | बस दुर्घटनाबारे विद्यार्थी चालक- विवादको सिलसिलामा |
| ७. अनीश शाक्य, काठमाडौं | २०४८।१२।२४ | नेपाल बन्दको दिन, आफ्नै घरको झ्यालमा प्रहरीका गोलीबाट |
| ८. राधेश्याम शर्मा, काठमाडौं | " | नेपाल बन्दको दिन, बाटोमा हिंडीरहँदा |
| ९. आशिष वज्राचार्य, | " " | " " " " |
| १०. कृष्ण कुमार श्रेष्ठ, | " | " " " " |
| ११. लोक नारायण श्रेष्ठ, पाटन | " | " " " " |
| १२. राजीव सघुवंशी, पाटन | " | " " " " |
| १३. महेन्द्र श्रेष्ठ, काठमाडौं | " | " " " " |
| १४. संझना दाहाल, सिंधुली | २०४९।११।२२ | मावली हिंड्दा हिंड्दै घेराउको कार्यक्रमको दिन प्रहरीको गोलीबाट |
| १५. काजीमान कामी, मकवानपुर | २०४९।११।२६ | प्रहरीको पिटाइबाट मृत्यु |
| १६. श्रीमती राम दुलारी र | | |
| १७. उनको काखको बच्चा, रौतहट | २०५०।२।९ | गाउँमा महिलामाथि प्रहरीले हातपात गरेकोमा प्रतिरोध गर्दा |



(जस्तो २० गतेको नेपाल बन्द) राम्ररी सफल हुनासाथ त्यसले जनसमुदायमा पैदा गर्ने तातोपन र क्रान्तिकारी उर्जालाई तुरुन्तै अर्को झन सशक्त कार्यक्रमद्वारा संग्रहित गर्ने र संगठित रुपमा अभिव्यक्त गर्ने प्रवृत्ति भने संयुक्त वाम शक्तिले देखाइरहेका छैनन् । फलाम तातो हुँदै घनले नहान्दाले - त्यो सेलाउने गरिरहेको छ । यसबाट गिरिजा सरकारलाई पर्याप्त सोचविचार र तयारीको समय मिलिरहेको छ, जुन प्रतिक्रिया र दमनको योजना बनाउनमा खर्च हुन सक्छ ।

यो स्थितिमा घटनाक्रमले कुन मोड लिन संभव छ ? मैदानका शक्तिहरुले कस्तो प्रवृत्ति देखाउन सक्छन् ? यो पनि एउटा विचारणीय पक्ष हो ।

नेपाली कांग्रेस र गिरिजा सरकारले परिस्थितिको अनुकूलता हेरी यी मध्ये कुनै एक दिशा लिने संभावना देखापरेको छ :-

आन्दोलनले देशव्यापी र जनव्यापी रुप लियो र सरकारलाई बीचमा सासै फेर्न नदिएर - झन् झन् सशक्त दिशातिर जान लाग्यो भने यसले गिरिजा सरकारको राजीनामाको दिशा पनि समात्न सक्छ, वा

गृहमन्त्रीको राजीनामा र केही सुधारको घोषणाद्वारा जनता र आन्दोलनकारी शक्तिमा फाटो वा शिथिलता ल्याउने दिशातिर पनि जान सक्छ, वा

मध्यावधि चुनावको घोषणाद्वारा संकट टार्ने दिशातिर पनि घटनाक्रम जान सक्छ, वा

आन्दोलन अलिकता कमजोर र शिथिल भयो भने, आन्दोलनकारी शक्तिमा अलिकता पनि अन्तरविरोध देखापऱ्यो भने, मूल मूल आन्दोलनकारी शक्तिमाथि व्यापक दमनद्वारा समस्या हल गर्ने दिशातिर पनि घटनाक्रम जान सक्छ ।

संयुक्त वाम शक्ति यी मध्ये सरकारका कुनै पनि दाउपेंचको सामनाको निम्ति अहिलेदेखि नै तयार हुनु जरुरी छ ।' अहिले प्रतिक्रियावादी शक्तिले बीचमा आरामको समय पाएको छ । ऊ अहिले यी मध्ये कुन उपाय अप्नाउने भन्ने निधो गर्न स्थितिको मूल्यांकनमा लागेको देखिएको छ । यस्तो समय उसलाई दिनु - कुनै पनि हालतमा आन्दोलनको हितमा हुँदैन ।

......६० पेजको बाँकी

## गिरिजाको राजिनामा किन ..

निष्काशनको कार्वाही गर्न सक्ने अधिकार पूंजीपतिलाई दिएको छ । यसरी गिरिजा सरकारले यो दुई वर्षमा सरासर पूंजीपतिवर्गको पक्षपोषण गरेको छ र मजदूरहरुको गला रेट्ने कार्य गरेको छ ।

गिरिजा शासनको अर्को मुख्य विशेषता भइरहेछ - जतासुकै व्यापक कांग्रेसीकरण । यो देशमा अहिले कांग्रेसबाहेक अरु कसैको पनि जीवन र जागीरको सुरक्षा छैन । कांग्रेस भएपछि पंचखत माफी छ । तर गैर-कांग्रेसीहरुले नगरेको अपराधमा पनि दण्ड भोग्नु परिरहेछ । व्यवस्था बहुदलीय छ, तर गिरिजा सरकारको आचरण भने एकदलीय छ । जिल्ला जिल्लामा भिन्न विचारका शिक्षक-कर्मचारीहरुले खोसुवा र सरुवाको अत्याचार भोग्नु परेको छ । गाउँ शहरमा भिन्न विचारका वडा र गाविसहरुले बजेट नै पाउनै छोडेका छन् । प्रक्रिया मिचेर कांग्रेसीहरु नै गाउँमा पैसा लैजाँदैछन् र मनपरी गर्दैछन् । आम रुपमा शिक्षक कर्मचरीहरुलाई राजनीति गर्न प्रतिवन्ध छ, तर आश्चर्य !- राजनीतिकै भिन्नताको आधारमा कांग्रेसीहरुको भने बेग्लै शिक्षक- कर्मचारी संघ खोलिएको छ ।

नातावाद यति व्याप्त छ कि गिरिजाकै छोरी हुनुको नाताले सुजातालाई मर्यादा क्रममा देशको प्रधान न्यायाधीश, सभामुख र मन्त्रीभन्दा पनि माथि राख्न थालिएको छ । जब राज्य आफैं यति नातामुखी र पक्षपाती हुन्छ - त्यहाँ आम जनताले न्याय पाउने कसरी ?

यी सब कारणले- गिरिजा सरकारको राजिनामा जनता र देशको भलाइको निम्ति अति जरुरी भएको छ । यति भ्रष्ट, अनैतिक, फटाहा, संविधान मिचाहा, राष्ट्रघाती, पक्षपाती र जन हत्यारालाई प्रधानमन्त्री पदमा राखेर देशमा न्याय, अमन चैन र प्रगति संभव नै छैन ।

तर गिरिजा सरकारले राजिनामा गर्दैमा र अर्को कांग्रेसी सरकार आउदैमा देशमा अन्याय र शोषण खतमभई हाल्छ भन्ने कुरा हैन । त्यसका लागि त देशमा यो व्यवस्था पनि खतम गरेर शासन-सत्ता ज्यामी-किसानकै हातमा आउनु पर्छ ।

तर गिरिजा सरकारको हालको राजिनामाले अन्यायी, अत्याचारी, जनहत्यारा र भ्रष्टाचारीको मनोवल घट्छ र जनताको मनोवल बढ्छ । मुक्तिको लागि संघर्ष गर्न मजदूर किसानको निम्ति बाटो खुला र फराकिलो हुन्छ । अर्को सरकार कांग्रेसी आए पनि, त्यसमा जनताको अंकुश बलियो हुने संभावना रहन्छ । किनभने, गिरिजा त आफ्नै पार्टीलाई पनि "पार्टी फुट्ने" हौवा खडा गरी नटेर्ने, हेप्ने र आफ्नो पछिपछि लाचार बनाएर हिंडाउने अत्यन्त हठी र क्रुर व्यक्ति हुन् । जन-आन्दोलन २०४६ लाई शुरु शुरुमा विरोध गर्ने व्यक्ति उनै हुन् पंचायत हटेपछि तुरुन्तै टेलिभिजन सन्देशमा आन्दोलन जारी गर्नेहरुलाई "...आइसोलेट" गर्नु पर्छ भन्ने पनि उनै हुन् । जनद्रोहीहरुको पक्षमा बोल्दा काठमाडौं खुलामंचमा जनताले हुटिङ गरेर तिरस्कृत गरेका व्यक्ति पनि उनै हुन् ।

आज उनी विदेशी तत्वहरु र ओसेपासेहरुको भीडमा हराएर आफ्नू स्वार्थ पूरा गर्न आफ्नै पार्टीको पनि मूलभूत सिद्धान्तको विपरीत गइरहेछन् । यस्तो व्यक्तिलाई च्यापी राख्ने अन्य कांग्रेसी नेताहरुको नियतको पनि यतिखेर राम्ररी नै पर्दाफास भएको छ ।

## गिरिजा सरकार सत्तामा आएपछि यसले कति बालकलाई गोली हान्यो ?

| को ? | कहिले ? | कहाँ ? |
|---|---|---|
| १. अनीश शाक्य, ७ वर्ष, मृत्यु समेत भएको | ०४८।१२।२४ | आफ्नै घरमा झ्यालमा बसिरहँदा, काठमाडौं |
| २. संजीता शाक्य, २ वर्ष | " | |
| ३. तनव राणा, २ वर्ष (सेनाका मेजरका छोरा) | " | आफ्नै घर भित्र खेलीरहँदा, माइतीघर |
| ४. श्रेय राणा, ८ वर्ष | " | |
| ५. पुष्कर पराजुली, १० वर्ष | " | |
| ६. कान्छा तामाङ, १२ वर्ष, बाल-मजदूर | " | |
| ७. महेश कुमार राणा, १३ वर्ष, ओम बहाल | " | आफ्नै घर अगाडि खेलिरहँदा |
| ८. कबीन्द्र श्रेष्ठ, १४ वर्ष, ठहीटी | " | राति १० बजे सडकमा, भीडसित दौडदाँ |
| ९. रमेश महर्जन, किलागल, १४ वर्ष | " | न्यूरोड, पुलीस जनताको भीडन्त हेरिरहँदा |
| १०. मिलन कपाली, १५ वर्ष | " | |
| ११. सोवेन्द्र तण्डुकार, प्यूखा १५ वर्ष | " | आफ्नै घरको वरण्डामा बसिरहँदा |





## भारतमा वामपन्थी पार्टीहरुद्वारा संयुक्त भूमि-संघर्ष

विहार । झारखण्ड राज्यको मुक्तिका लागि एकीकृत सघर्ष गरिरहेका वामपन्थी शक्तिहरु भारतीय कम्युनिष्ट पार्टी, मार्क्सवादी कम्युनिष्ट पार्टी, इण्डियन पिपुल्स फ्रन्ट, माओवादी कम्युनिष्ट केन्द्र (MCC), फर्वार्ड ब्लक, भारतीय माओवादी कम्युनिष्ट पार्टी र भारतीय समाजवादी एकता केन्द्र (SUCI) ले भूमि-संघर्षका लागि पनि संयुक्त मोर्चा निर्माण गरी संघर्ष गर्न थालेका छन् ।

यस एकीकृत भूमि-संघर्षको प्रथम चरणमा भूमिहीन जनतालाई संगठित र संघर्षशील पारी यी वामपन्थी पार्टीहरुले सरकारी जमीन, अतिरिक्त भूमि र चरन भूमि, दह-पोखरी जस्ता जमीन्दारहरुको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्तिहरु कब्जा गर्ने र वितरण गर्ने लक्ष्य राखिएको छ ।

१९७० पछि भा.क.पा. र इण्डियन पिपुल्स फ्रण्टको सक्रियतामा प्रथम पटक गठित यस वाम मोर्चाका संघर्षहरुका सफलताको अनुभवबाट अब साम्प्रदायिकता र साम्राज्यवादलाई पोस्ने भारतीय शासकवर्गको नयाँ उदार अर्थनीतिको विरुद्ध पनि राज्यस्तरमा मात्रै होइन, राष्ट्रिय स्तरमै संयुक्त संघर्ष हुन थालेको छ ।

## गिरिजा सरकार सत्तामा आएयता महँगी कसरी बढीरहेछ ?

| बस्तु | गिरिजा प्रधानमन्त्री भएको दिन | यही आषाढ २० गते | बृद्धि प्रतिशत |
|---|---|---|---|
| मन्सुली चामल प्रति के.जी. | १०।- | १४।५० | ४५% |
| मुसुरको दाल प्रति के.जी. | १८।- | २२।- | २२.२% |
| कोलो दाल प्रति के.जी. | २२।- | २४।- | ९.१% |
| आलु | ६।७५ | ९।- | ३३.३% |
| प्याज | ७।- | १०।- | ४२.८% |
| जिरा | ७६।- | १६०।- | ११०.५% |
| तोरीको तेल | ५४।५० | ५५।- | ०.९% |
| मट्टीतेल | ८।५० | ९।७५ | १४.७% |
| कुखुराको फुल | २। | ३।२५ | ६२.५% |
| दूध १ पाकेट | ५।- | ७।५० | ५०% |
| न्यूनतम विद्युत महसूल | ११।- | ३०।- | १७२.७% |
| न्यूनतम पानी महसूल-मिटर | ९।- | २०।- | १२२.२% |
| मिटर नभएकोमा | ३०।- | ७५।- | १५०% |
| औसत बृद्धि प्रतिशत | | | ६४.३% |

तथ्यांक संकलन: मूल्यांकन






अब निर्माण कार्यमा कम गोलाईको फलामे टोरस्टील डण्डीको सट्टा हिमाल टोर-कारी प्रयोग गरी निर्माण बढी बलियो र लागत खर्च कम गर्नुहोला।

कसरी ?

तलको चार्ट अनुसार ८ मि.मि. टोरस्टीलको सट्टा ७ मि.मि. हिमाल टोर-कारी र २ लाईन डण्डीको सट्टा ४.७५ मि.मि. हिमाल टोर-कारी प्रयोग गर्ने। सो गर्न डिजाइन वा नक्सामा केहि फेर्न पर्दैन।

| | टोर स्टील/डण्डी | हिमाल टोर-कारी | बचत/फाईदा |
|---|---|---|---|
| गोलाई | ८ मि.मि. टोरस्टील | ७ मि.मि. | |
| तौल | १०० किलोग्राम | ७६.५ किलो ग्राम | २३.५% कम तौल लाग्ने |
| मजबुती | ४१५ न्यु/वर्ग मि.मि. | ५५० न्यु/वर्ग मि.मि. | ३२.५% बढी बलियो |
| गोलाई | २ लाईन डण्डी | ४.७५ मि.मि. | |
| तौल | १०० किलोग्राम | ७४.५ किलो ग्राम | २५.५% कम तौल लाग्ने |
| मजबुती | २२५ न्यु/वर्ग मि.मि. | ५०० न्यु/वर्ग मि.मि. | ९६% बढी बलियो |

माथिका तालिकाबाट हिमाल टोर-कारी प्रयोग गर्दा मुल्य बढी भए पनि लागतमा १५% कम खर्च लाग्छ र बढी मजबुत निर्माण गर्न सक्नुहुन्छ।

*हिमाल टोर-कारी प्रयोग गर्नुहोस् !*
*कम खर्चमा बढी मजबुत घर निर्माण गर्नुहोस् !!*

*विस्तृत जानकारीको लागि हाम्रा अधिकृत वितरकहरूकहाँ आर्फ सम्पर्क राख्नुहोस्*

## हिमाल वायर्स लि.

ज्योति भवन, कान्तिपथ, काठमाडौं फोन: २२५४९०, २२६३२७

---





जनप्रिय नेता मदन भण्डारी
र
उहाँका सहयोद्धा जीवराज आश्रितको
निधनमा गहिरो दु:ख व्यक्त गर्दै
शोक सन्तप्त परिवार र समस्त देशवासीमा

# हार्दिक समवेदना

व्यक्त गर्दछौं ।

– म्युचल ट्रेडिङ्ग कं. (प्रा). लि.
मखन गल्ली, काठमाण्डौं ।
फोन: नं. २२११५८, २२४१५८

---

## केवल दिनको रु. १०/– जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस् ।

१. सदस्य भएको मिति देखि २४ महिनाभित्र विरामी भएमा अस्पतालमा लागने औषधी खर्च निशुल्क पाउनु हुने छ ।

२.केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।

अन्य जानकारीको लागि सम्पर्क राख्नुहोस् ।

**हिमालय ढिकुरी कार्यक्रम नेपाल,**
ताहाचल, नेपाल फोन २७०५८६ ।

---




---

**मीठो मीठो सारै मीठो
पशुपतिको
थिन आरारोट र सोल्टी
बिस्कुटहरु !**

– श्री पशुपति बिस्कुट इण्डष्ट्रिज (प्रा.) लि.

# हार्दिक बधाई





प्रकाश थपलिया


सजुमा भजु


सृजन मास्के


सरिन अधिकारी


कृष्ण प्रसाद बडाल


प्रसन्न राज काफ्ले


अंजली श्रेष्ठ

टुबोर्ग एक्सिलेन्स एवार्ड प्राप्त गर्ने
विद्यार्थीहरू एवं विद्यालयहरूमा
हाम्रो हार्दिक बधाई !
टुबोर्ग एक्सिलेन्स एवार्ड
एस. एल. सी. परीक्षा २०४९ मा
सर्वोच्च स्थान प्राप्त गर्ने
प्रथम १० छात्र छात्राहरूलाई
दिइने सम्मान हो।

## उज्वल भविष्यको शुभकामना सहीत

BY APPOINTMENT TO THE ROYAL DANISH COURT
टुबोर्ग
बियर


राजेश कृष्ण पन्त


सागर ताम्राकार


हिमाल प्रसाद कर्माचार्य


ज्ञान रत्न महर्जन


मुसिया गुरूङ्ग


सरिता तुलाधार


राजी घिताल